CC-0. In Public Domain: Digitization by eGangotri.Funding: MIDF

२० नं ५६८

पीपल

१८०

Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीपल

नव वर्षको उपलक्षमा

वार्षिक मुख पत्र

वर्ष ९ ● हाँगो ९ ● २०३४

प्रधान सम्पादक
टीका प्रसाद शर्मा

सह सम्पादक
हरि घिमिरे
वासुदेव घिमिरे

व्यवस्थापक
कृष्ण प्रसाद पोखरेल
दुर्गा प्रसाद निरौला
तारा निरौला
वद्री विशाल भट्टराई
रोहिणी भट्टराई

सल्लाहकार
गोपाल चन्द्र पोखरेल
कोमल खतिवडा
चेतनाथ अधिकारी

प्रकाशक
श्री संस्कृत छात्र पुस्तकालय
श्री पिण्डेश्वर, धरान

मूल्य : २·००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

वसन्तको सुकोमल हरितवर्णका कलिला पात संगै, रक्तवर्णका पालुवा सगै, नव वर्षको उपलक्ष्यमा २०२४ सालमा संस्कृत छात्र पुस्तकालयमा जन्मिएको पीपलको यो सानो बिरूवा नयाँ नाना लाएर केहि साहित्यका उपहार लिएर आफु नौ बर्ष लागेको सुसमाचार सुनाउ यहाँहरू समक्ष बिहानको पहिलो झुल्काझैं हँसिलो मुख लाएर उपस्थित भएको छ। यहाँ हरूकै मल जल र गोड-मेलको फल स्वरूप यसले आफ्ना अवयवहरू फैलाउँन लागिरहेछ। यस पीपलको नव उदित नौ हाँगोमा पालुवा भरेर अझ रंगी-चंगी गराउन आफ्ना अमूल्य कृति-रंग रोगन भरेर सहयोग गरिदिने साहित्यिक महानुभावहरू प्रति हामी आभार ब्यक्त गर्दछौं। उक्त पीपलको प्रकाशनमा विभिन्न महानुभावहरूले गर्नु भएको तन मन धनको सहयोग प्रति पनि हामी सधैं ऋणी छौं। अन्त्यमा यस पिन्डेश्वर क्याम्पसका भावी सन्ततिहरूले पनि यसलाई गोडमेल गर्दै फल्ने फुल्ने दिशातिर लम्काउने छन् र क्लान्त पथिकहरूलाई यसले छहारी पुऱ्याउला भन्ने आशा पीपल परिवारले विस्तार विस्तारै लिन लागेको छ।

पुनश्च—यसको प्रकाशन सक्दो चाँडो गर्ने हाम्रो अठोट थियो तर कतिपय कारणले ढिलो हुन गयो, यसका लागि हामीहरू यहाँहरू समच चमा याचना गर्दछौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीपल

नवौं हांगा भित्र

साहित्य समालोचना		पेज नं०
उत्तर राम चरितको नाटकीय प्रविधि	माधव प्रसाद पोखरेल	७
मानसिक अन्योल र प्रेमको अल्झनमा 'मुटुको-व्यथा'	देवी गौतम	३१
'प्रेम पिण्ड' एक अवलोकन	टीका प्रसाद शर्मा	५५
कविता जगत		
पीपल परिचय	भोग्य प्रसाद भण्डारी	१२
अतीतको छट्कन छाम्दा	कृष्ण वस्ती	१३
चेतनाको प्रथम चरणमा....	हरि धिमिरे	१४
नेपाल	दण्ड पाणि नेपाल	२२
वसन्तोत्सव	पुरुषोत्तम लंसाल	२२
श्रद्धाञ्जली	लेखनाथ वस्ती	२३
नेपाल सौन्दर्य	केशव अधिकारी	२७
आउदैछ अरे नयां वर्ष	पीताम्बर 'भोला'	२८
परिस्थिति	वासुदेव घिमिरे	३५
वास्तविक कुरो थाह छ के ?	रुद्र पोखेल	३६
नव शोभा	श्री निवास कटेल	४१
हिमालको गीत	किशोर कुमार न्यौपाने	४६
राष्ट्रको गौरव	प्रकाश चन्द्र खनाल	४०
उषा	बद्री विशाल भट्टराई	४९
मेरो देश	जीवनाथ नेपाल	५४
गहना	बालकृष्ण पोखेल	४५
पीपल	लक्ष्मण शास्त्री	५३
रातभर हुरी चलि गह्यो	कृष्ण विनोद लंसाल	६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा

वन्धनबाट मुक्त....	गोपाल चन्द्र पोखेल	१८
एउटा झुप्रोको कथा	तेजनाथ दाहाल	४२
तिहुन सेलाई सकेको रहेछ	कविराज खनाल	४७
विवाहको लागि नाटक	दीपक खनाल	५०
अर्थको अनर्थ	छविलाल पोखेल	६४

लेख र निबन्ध

धुम्रपान एक विश्लेषण	लेखनाथ गुरागाञी	२४
नर जीवनको सदुपयोगिता	कविराज नरपति पोखरेल	३७
भूषण सार संक्षिप्त परिचय	प्रा० दत्तात्रय शर्मा दाहाल	६२
अनिवार्य नेपालीको प्रयोजनीयता	प्रा० नरेन्द्र चापागाईं	६७

सैद्धान्तिक आलोचना

विम्बवाद	प्रा० भानुभक्त पोखरेल	५७
सचिवको प्रतिवेदन		७५
सम्पादकीय		५
प्रकाशकीय		२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

साहित्य के हो ? यसको यथार्थ परिभाषा र निश्चित निष्कर्ष किटान गर्न सजिलो छैन । साहित्य समाज सापेक्ष्य हुन्छ भनिन्छ । समाज भने सदैव प्रवहमाण गतिशील हुन्छ र यस समाजका विचार, मान्यता र धारणाहरू पनि सजीव र प्रवाहमय, स्पन्दनशील हुन्छन्, जसले गर्दा त्यसैलाई लक्ष्य गरेर तयार हुने वस्तु साहित्यलाई कुनै निश्चित स्थिर परिभाषा कसरी दिने भन्ने प्रश्न छ । साहित्यको तुलना समाज वा त्यस भित्रको कुनै व्यक्ति सित गर्न सकिन्छ । कुनै पनि मानिस बालककाल देखि लिएर बुढो होउञ्जेल सम्म पनि मानिसको मानिस नै रहन्छ, अरू थोक हुन्न । यस लामो अवधिमा देशकाल र परिस्थिति अनुसार उसको आकार प्रकारमा अगणित परिवर्तन आउँछ । तर पनि उसको अस्तित्व र व्यक्तित्व, भने एकै रहन्छ । उ त्यही रहन्छ जो थियो, जो हो । अनि भनिन्छ त्यसका बाहिरी आकार प्रकारमा बानी व्यहोरामा परिवर्तन देखा परेपनि त्यो अर्को होईन उहीहो उसमा अजस्रगतिमा बगी रहेको जीवन्तता त्यो एकै हो एउटै हो ।

साहित्यमा पनि यस्तै समयको लामो र विशाल प्रवाह पथमा धेरै परिकार र परिष्कार आउँछन् । आएकै पनि छन् । प्रकृति गत हो यो धर्म यसको, यसबाट साहित्य पृथक हुन अलग्गिन सक्तैन, असम्पृक्त रहन सक्तैन । त्यससै उसले आजको साहित्यको आकार प्रकार र हिजोको साहित्यको आकार प्रकारमा पार्थक्य देखिनु स्वभाव हो, विकार होईन । तर उसको भित्री रूप उद्देश्य सरसता, हृदयवर्धकता, प्रभावकारिता आदि—भने हिजोको र आजको रूप छ एकै छ । नदीको प्रवाहमा सामयिक थपेडाहरूबाट प्रकृतिका परिवर्तनहरूबाट देखा परेका क्षणिक वा केही काल सम्मकै पनि विभिन्न बाह्य रूपनै नदी होइनन्, नदीका परिस्थिति जन्य बाह्य रूपमात्र हुन् । नदीको स्वच्छ शीतल सरल शान्त प्रबाह नै उसको यथार्थ रूप हो जो स्थिर गम्भीर हुन्छ । अरू त ऋतु परिवर्तन जन्य असरहरू मात्र हुन । साहित्यलाई पनि यसरी नै हेर्नु पर्ला । साहित्य समाज सापेक्ष हुन्छ । देश राज्य अझ राष्ट्र र विश्व सुहाउँदो हुनु पर्दछ, विकाश मूलक हुनु पर्दछ । मानवताको उत्थान परक समाजहितकारी, बिश्व कल्याणकारी हुनु पर्छ इत्यादि यी सबैको उसले अपेक्षा राख्नु पर्दछ, उपेक्षा राख्नु हुन्न । अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसका अन्तरात्माको विशुद्ध, स्वच्छ अस्पष्ट कलापूर्ण आवाजको अभिव्यक्तिहुनु पर्छ र जसमा शाश्वतता चिरन्तता एवं नूतनता आदि सदैव सन्निहित भै रहेकै हुन्छन् र अन्तः करणका यस्ता वास्तविक अभिव्यक्तिमा जरामरणका कुनै कभर (खोल) चढ्न पाउन्नन् ।

संस्कृत छात्र पुस्तकालयबाट प्रत्येक वर्ष प्रकाशित हुने 'पीपल' (पत्रिका) को नौ हांगो यहाँ हरू समक्ष उपस्थित छ । संस्कृत अध्ययन गर्ने विद्यार्थीवर्गको उत्साह र परिश्रमको पानी पिएर आफू गोडिएको अनुभव गरेर यहाँहरू जस्ता सज्जनको कृपालाई पोसीलो वस्तुको स्वाद लिएर बढदैछ । केहि साहित्यका आंकुरा हालेर यहाँहरूका अगाडि उभिएको छ । यस भित्र केहि गुणहरू भए यहाँहरूलाई ग्राह्य होउन् । त्रुटिहरू भए हामी आफ्नो भागमा सहर्ष स्वीकार गर्दछौं । पुनः पुनः यसले सहयोग पाएर अगाडि बढ्ने मौका पाउने छ भन्ने विश्वास छ ।

टीका प्रसाद शर्मा

५ वैशाख २०३४ धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तररामचरितको नाटकीय प्रविधि

—माधवप्रसाद पोखरेल

"काव्येषु नाटकं रम्यं तत्राऽपि च शकुन्तला" भन्ने संस्कृत साहित्यको उखान, भवभूतिले 'उत्तररामचरित' लेखिसकेपछि "उत्तरे रामचरिते भवभूतिर्विशिष्यते" भनेर बदल्नु परेको थियो।

संस्कृतको नाटकीय साहित्यमा कालिदासको "अभिज्ञान शाकुन्तल" वास्तवमै शीर्षस्थ कृति हो। जर्मनीका महाकवि गेटेले पनि 'फाउस्ट' भन्ने नाटकमा प्रशंसा गरिएको महाकवि कालिदासको उक्त नाटकले विश्व-साहित्यको अमूल्य निधिको रूपमा आफ्नो स्थान राखेको छ। विक्रमको पहिलो शताब्दीमा लेखिएको कालिदासको उक्त नाटकको रचना पछि कुमारदासको जानकीहरण शूद्रकको 'मृच्छकटिक: विशाखदत्तको मुद्रा राक्षस आदि नाटकहरू लेखिए पछि' विक्रमको सातौं-आठौं शताब्दी तिर भवभूतिले 'उत्तररामचरित' नाटक दिएका हुन्। महाकवि कालिदासले नाटकमा उनीभन्दा अगाडिका महाकवि भासका स्वाभाविक नाटकहरूबाट प्रभाव ग्रहण गरे। कालिदास पछाडि सबै व्यक्ति कालिदासबाट धेर थोर प्रभावित नभई रहन सकेनन्। भवभूतिमा पनि त्यो प्रभाव पाइन्छ तर उत्तररामचरितमा भवभूतिले कालिदासलाई नाटकीय प्रविधिमा उछिनेका छन्।

संस्कृत नाटकहरूमा विदूषकको प्रयोग हुन्छ। उत्तररामचरितमा विदूषक छैन। यो करुणरस प्रधान नाटक भएकाले भवभूतिले विदूषकलाई डाँडो कटाए।

'वियोगन्त्तं न नाटकम्" भन्ने संस्कृत साहित्यमा उखान छ। अर्थात् नाटक वियोगान्त हुँदैन। पश्चिममा चाहिं ग्रीक नाटकहरू प्राचीनकाल देखि वियोगान्त छन्। तर ग्रीक नाटकहरूमा कुनै पात्रको दुःखको कारण पात्र आफैं नभएर शाप, कर्म, पूर्वजन्मको भूल आदि हुन्छन्। ती नाटकहरूले एक दिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र घटनालाई कथाको रूप दिने गरेका थिए त्यो पनि एकै ठाउँमा घटेको घटना मात्र। पछि १६ क्षौं शताब्दी अर्थात् विक्रमको सत्रौं शताब्दीमा इङ्ग्ल्याण्डका नाटककार शेक्सपियरले ग्रीक नाटकको त्यो प्रविधिलाई निम्नानुसार परिवर्त्तन गरे। (क) कुनै पात्रको दुःखको कारण शाप वा भाग्य नभएर पात्रको आफ्नै चारित्रिक कमजोरी हुन्छ। (ख) समय, स्थान र कथाको एकान्विति निरर्थक छ। संस्कृत नाटकमा भने शेक्सपियरले सत्रौं शताब्दीमा गरेको परिवर्त्तन विक्रम पूर्व पहिलो शताब्दीका भासका नाटकहरूमै शेक्सपियरले चाहे अनुसार पाइन्छन्। भासमा त्यो कम छ; कालिदासमा आएपछि यो गुणले विराट् रूप लिन्छ। शकुन्तलाको दुःखको कारण शकुन्तला आफैं हुन्। भवभूतिको उत्तररामचरितले भवभूतिलाई शेक्सपियर नजिक पुऱ्याएको छ। यो नाटकमा पनि समय र स्थानको एकान्विति छैन र यहांका रामको दुःखको कारण राम आफैं हुन।

शेक्सपियर पद्य र भवभूति पद्य वहुल नाटकहरू लेख्छन् तर शेक्सपियरले पद्य नाटकमा ब्ल्याङ्क भर्स (Blank verse) को प्रयोग गरेका छन् भने भवभूति विविध छन्दहरू प्रयोग गर्दछन्। शेक्सपियरका नाटकहरू पाँच अङ्कका हुन्छन् भवभूतिका नाटकहरू सात अङ्कका। शेक्सपियरका वियोगान्त नाटकहरू गर्भसन्धिमा टुङ्गिन्छन् 'उत्तररात्तचरित' पनि गर्भसन्धिमै टुङ्गिन खोजेको छ तर आफ्नो नाटक नाटकै नहोला भन्ने डरले हो वा संस्कृत नाटकीय प्रविधिलाई व्यंग्य गर्नलाई हो भवभूतिले यो नाटकलाई संयोगान्त बनाइदिए तर नाटकको गति र स्वरूप हेर्दा शेक्सपियरको त्रासद नाटक झैं लाग्दछ।

हुनत सस्कृत साहित्यका आचार्यहरू 'उत्तररामचरित' मा करुणरस भएको कुरो मान्न अष्ठयारो मानी मानी विप्रलम्भ शृंगार रस भएको मान्दछन् साहित्यदर्पणमा लेखिएको छ—'एक एव भवेदङ्गी शृङ्गारो वीर एव वा' (नाटकमा शृङ्गार वा वीररस मात्र प्रधान रस हुन सक्छ)। त्यसै हुनाले संस्कृत साहित्यका आचार्यहरूलाई त्यो अप्ठयारो परेको होला। तर उत्तररामचरित नाटकको तेस्रो अङ्कमा भवभूति तमसाको मुखबाट भनाउँछन् "एको रसः करुण एव; निमित्त भेदात् भिन्नः पृथक् पृथगिव श्रयते····"। यदि यसरी भवभूति आफैं करुणरस बाहेक अरू रस नै देख्तैनन् र महासागरमा पानीका फोका उठे झैं करुण रसको साम्राज्यमा, करुणरसको निमित्त भेदबाट अरू रसहरू प्रकट भएको मान्दछन् भने भवभूतिले उत्तररामचरित नाटक नै चाहिं शृङ्गाररस प्रधान मानेर लेखे भन्नु चाहिं कुरो हांस उठ्तो छ।

अर्को कुरो यो नाटकको कुनै पात्रहरू हांस्तैनन्। चित्रदर्शन प्रकरणमा उर्मिलाको चित्र देखाएर सीताले लक्ष्मणलाई जिस्क्याउँदा र घोडा कहिल्यै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदेखेका तपोवनका केटाकेटीले घोडाको वर्णन गर्दा अलि अलि हाँस उठ्छ, तर त्यो हास्य "करुण रसबाट नै निमित्त भेदबाट अरू रसहरू प्रकट हुन्छन्" भन्ने भवभूतिको सिद्धान्तको उदाहरण दिन प्रस्तुत गरेको हो। नाटकभरी जताततै ठिहिऱ्याउँदो वातावरण छ। दुःखको बरफमा सधैं पात्रहरू कक्रिएको हामी अनुभव गर्छौं।

यो नाटकमा विप्रलम्भ शृङ्गार त छँदैछैन भन्ने मेरो ढिप्पी छ, किनकि शृङ्गार रसमा विप्रलम्भ नै भए पनि रति स्थायीभाव हुन्छ तर यो नाटकमा रति स्थायीभाव छैन। रामचन्द्र यहाँ आदर्श राजा बन्न सीताको परित्याग गर्छन्। त्यसैले यहाँ शोक स्थायीभाव छ।

बर्नार्ड श नाटकमा द्वन्द्व हुनैपर्छ भन्ने सिद्धान्त बनाउँछन्। त्यो सिद्धान्तमा उत्तररामचरितलाई कसी लगाई हेर्दा पनि यो नाटक अद्वितीय बन्दछ। यो नाटकमा बहिर्द्वन्द्व नभएर अन्तर्द्वन्द्व बढी छ। रामको दुःखको कारण राम आफैं हुन्। उनी आफ्नो सिद्धान्तका लागि सीताको परित्याग गर्छन्।

"स्नेहं दयां च सौख्यं च यदि वा जानकीमपि।
आराधनाय लोकस्य मुञ्चतो नास्ति मे व्यथा॥"
(प्रथमोऽङ्क—१२)

(स्नेह, दया, सुख र सीता नै पनि प्रजा खुसी पार्न त्याग्नु परे मलाई दुःख हुँदैन)। उपर्युक्त प्रतिज्ञा गर्ने रामचन्द्रसँग अर्को समस्या पनि थियो। अरुन्धतीले "सीतालाई खुसी पार्नू" भन्ने संचार पठाएकी थिइन्; कुलगुरू वशिष्ठले प्रजारञ्जन गर्नू भन्ने खबर पठाएका थिए। त्यस्तै प्रसङ्गमा रामले उक्त प्रतिज्ञा गर्नु परेको थियो। दुर्मुखको मुखबाट सीतापवाद सुनेपछि रामका अगाडि दुई समस्या उठे उनी आदर्श राजा बनुन् वशिष्ठको उपदेशद्वारा वा आदर्श पति बनुन् अरुन्धतीको सन्देशद्वारा। रामको प्रतिज्ञाको विरोधाभासले गर्दा राम आदर्श पति हुन सकेनन्। उनको आदर्श राजाले आदर्श पतिलाई जित्यो। रामले सीताको परित्याग गरे। यहीं देखि रामको मुटु अन्तर्द्वन्द्वको करौंतीले चिरिन थाल्यो। बिस्तार बिस्तार दुःखको महासर्पले रामलाई निल्दै लग्यो। व्यथाको विष सल्कँदै राम छट्पटाएको हामी नाटकभरी देख्तछौं। आँसुका महासागरमा, व्यथाको भुङ्रोमा राम भासिएका भासियै छन्। ज्वलन; व्यथा, मूर्च्छा, पीडा छटपटी र अन्योलमा परेर रामायणका विजयशील राम उत्तररामचरितमा पराजित भएका छन्।

यो नाटकमा हरेक पात्रको आफ्नै दुःख छ। राम, सीता निर्दोष छिन् भन्ने थाह पाएरै पनि उनको त्यागबाट व्यथित छन्। सीता बेइज्जती र वियोगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छँड्किदो उमालभित्र छिन् । उनी रामले आफुलाई त्यागे पनि आफूलाई निर्दोष मानेको थाह पाएर आफ्नो व्यक्तित्वलाई टुक्र्याउँछिन्—आधा हाँसेर, आधा रोएर । लवकुश आमावावु नभएर व्यथित छन् । जनक छोरीलाई रामले त्यागेर क्रोध मिश्रित व्यथाको अनुभव गर्छन् । चन्द्रकेतु र लवको युद्धमा वीर, रौद्र र वात्सल्य रसको उद्भव हुन्छ । यस बाहेक मानिसको दुःखमा तमसा, मुरला गङ्गा गोदावरी आदि नदीहरू र वासन्ती झैं देवी-देवताहरू—लौकिक र अलौकिक, प्राकृतिक र मानवीय पात्रहरू सहानुभौतिक हुन्छन् ।

यसरी हरेक पात्रहरूमा अन्तर्द्वन्द्व वा व्यक्तित्वको विभाजन उत्तररामचरितमा पाइन्छ; जुन कुरो विश्वको नाटकीय साहित्यमा उत्तरराम चरितको अभूतपूर्व देन हो । भवभूतिले यो नाटकमा करुणरसलाई नै मसी बनाएको छन् ।

"कार्यो निवर्हणेऽद्भुतः (निर्वहणसन्धिमा अद्भुतरस राख्नु—) भन्ने साहित्यदर्पणको सिद्धान्तलाई पनि उत्तररामचरितमा नयाँ रूप दिइएको छ । कथा टुङ्गिने बेलाको सन्धि नै निर्वहण सन्धि हो । अर्थात् अन्त्यमा अद्भुतरस हुनुपर्छ भन्ने नाटकीय सिद्धान्त छ । अभिज्ञान शाकुन्तलमा दुष्यन्तले बाजु 'टप्ता त्यसले नडसको घटनामा छ—सातौं अङ्कमा तर उत्तररामचरितको हरेक अङ्कमा अद्भुत रस छ । 'ओ' हेनरीका कथाहरू पाठकलाई जिल्ल पारेर टुङ्गिन्छन् । त्यसरी नै हरेक अङ्कमा उत्तररामचरितमा दर्शक जिल्ल पर्छ । पहिला अङ्कमा औंध माया गरिएकी रानी रामले त्याग्दा, दोस्रो अङ्कमा शम्बुक दिव्यपुरुष हुँदा, तेस्रो अङ्कमा छायासीता र रामको प्रदर्शनबाट, चौथो अङ्कमा लवकुशलाई राम जस्तै दखर जनक, कौशल्याको विस्मय, पाचौं अङ्कमा सुमन्त्रले लवमा जृम्भकास्त्र देख्ता, छैटौं अङ्कमा रामले लवमा जृम्भकास्त्र देख्ता र सातौं अङ्कमा सबै पूर्व रहस्यहरूको उद्घाटनमा अद्भुत रस छताछुल्ल हुन्छ ।

'चित्रदर्शन' प्रकरण यो नाटकको अर्को नयाँ उपलब्धि हो । कथावस्तुमा रोचक तत्व प्रवेश गर्न खुल्दुली (Suspense) हाल्नुपर्छ । चित्रदर्शन प्रकरणले (क) एकातिर रामका पूवकथाहरू संझाउँछ (ती पनि करुण छन्) । (ख) जृम्भकास्त्रको कल्पना, लवकुशमा पछि आउने ती अस्त्रहरूको पूर्व संकेत (ग) जृम्भकास्त्रले पछि सुमन्त्र र रामलाई विस्मित बनाउँछ त्यो रोचकताको सृजनका लागि बनाइएको घटनासंयोग (घ) रामले गङ्गालाई देखेर सीताको रक्षा गर्न गरेको प्रार्थनाले सातौं अङ्कमा गङ्गा र पृथ्वीले सीताको रक्षा गर्ने कथाको संघटनात्मक रचना (ङ) सीताको पञ्चवटी फेरि हेर्ने इच्छा प्रकट भएकाले रामले सीतालाई त्याग गर्दा सीतालाई आफ्नो इच्छा पूरा गरे झैं लाग्यो । यसरी चित्रप्रदर्शनले खुल्दुलीको सृष्टि र कथावस्तुको उपसंहार गर्नुमा आश्रयमा ल्याएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'छायाङ्क' यो नाटकको अर्को अनुपम रचना हो। छाया भएर पञ्चवटी आएकी सीतालाई कसैले देख्न सक्तैनन्। सीताले रामलाई बेहोश हुँदा, छोइदिंदा राम सीताको स्पर्श थाहा पाउँछन् तर वासन्ती रामको पत्नीवियोगको भ्रम मान्दछिन् र अङ्कमा रोचकता पैदा हुन्छ।

अर्को कुरो पांचौं अङ्क बाहेक अरू अङ्कमा विष्कम्भकले कथा जोड्दछ। यसरी प्राय सब अङ्कमा लामा लामा विष्कम्भक लेखेर नाटकमा देखाउन नसकिने घटनाहरू देखाउने योजना भवभूतिले बनाएका छन्। त्यस्तै प्रस्तावना र गर्भाङ्क पनि नवीन ढङ्गले भवभूतिले प्रयोग गरेका छन्।

उत्तररामचरित यति प्राविधिक दृष्टिले उच्च नाटक भयो कि यसैको उत्कर्षले गर्दा उत्तररामचरित पछाडि संस्कृत नाटकको अधोन्नति शुरू भयो।

उत्तररामचरितमा प्रकृति र मानवको अन्योन्य सम्बन्ध छ। यहाँ प्रकृति नभए मान्छे र मान्छे नभए प्रकृति अपूर्ण रूपमा रहेको पाइन्छ।

उत्तररामचरित त्रासद संयोगान्त नाठक (Tragic Comedy) हो। पात्र घटना र गति त्रासदीको भएपनि अन्त्यमा संयोग गराइएकाले यो नाटकले त्यस्तो रूप पाएको हो। यो नाटक शीर्षविन्दु (Climax) बाट शुरू भएर उद्गम विन्दु (Origin) मा पुगे जस्तो लाग्छ।

उत्तररामचरित पठ्य नाटक हो; किनकि नाटकमा सरल भाषा हुनुपर्छ तर यसमा समासयुक्त भाषा भएकाले कालिदासको सरलता भवभूतिले पाए झैं लाग्दैन।

यो नाटकको प्रस्तावनामा सूत्रधार र नट दुवै छन्। भवभूति सूत्रधारको मुखबाट आफ्ना प्रशंसा गराउँछन्, कालिदासका कुनै पनि नाटकमा यस्तो छैन। मनोविश्लेषणबाट जांच्नु हो भने पनि उत्तररामचरितमा मानको मनोऽनुभूति अति स्वाभाविक लाग्दछ।

उत्तररामचरित नाटकलाई यसरी पूर्वीय र पश्चिमी आँखाले हेर्ने प्रयास मैले गरें। मेरा विचारमा सबैले सहमत हुनै पर्छ भन्ने घिडघिडो मेरो छैन। कुनै पाठकलाई यसबाट चित्त नबुझे पत्रिकाहरूमा म उहाँहरूको आलोचनाको स्वागत गर्दछु।

२२।१२।०३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीपल-परिचय

उ० प्रा० भोग्य प्रसाद भण्डारी
पिण्डेश्वर क्याम्पस धरान

पीपलको यो रुख मनि वस्ता, सररर हावा आइ पस्ता
मनमा रसिलो आभा छायो, सब भव-ममता-भाव विलायो ।१।
विषय जराको गरम हरायो, सहसा मीठो शान्ति उदायो
चरि सरि नभमा यो मन उसमा, टहलिन लागो पाई सुषमा ।२।
चकित बनीकन हेर्दा माथि, विहग हजारौं खेल्थे साथी
पढ़ने बटुझैं चिरिविरि गर्छन् वीणाकै सरि ताना भर्छन् ।३।
फर फर गर्दछ जम्मै पात, भन्छ कि ? छैन यहाँ परिताप
सज्जन सरिको शीतल हावा बटुवा सबको हर्दछ धावा ।४।
द्वेष र ईर्ष्या रतिभर छैन, श्रम बटुवाको साथ रहन्न
कस्तो अमृत पानै तुल्य पीपलको तल यो छ अमूल्य ।५।
यसका सारा पातै वेद मूल जरो हो ईश्वर देव
यो वुझनेले वेदै जाने भगवद्गीता उनले माने ।६।
नारदले यहिं तत्व बुझेथे, गौतमजी यहिं बुद्ध बनेथे
विधिले हाँसो यसमै ल्याए रामै कन पनि खूसि गराए ।७।
चाहे जतिको भोजनपाई ऋषि दुर्वासा गए अघाई
हट्ला दोर्ष यो सेवकको मिल्ला शान्ति साढ़े शनिको ।८।
भन्छन् ज्योतिष जान्ने, पात ल्याई पूज्ने ब्राह्मण जात
यसको गरिमा धेरै वुभियो तर पनि थोरै मात्त कहियो ।९।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतीतको चट्कन् छाम्दा

र:—कृष्ण बस्तो
पिण्डेश्वर क्याम्पस धरान—१६

मेरो प्यारो मृदुल वयमा शैशवी भाव फुर्थे
चिर्दै पर्दा घन तमसको कल्पनाऽऽभा दगुर्थे ॥
वित्थे मेरा दिवस नितका स्वच्छ संसार भित्र ।
चल्थे राम्रा चलचल गरी चित्र आफै विचित्र ॥१॥
वासन्तीका करुण जलका विन्दु मोती विमीरा ।
झर्दा मेरा हृदय-पटमा नील छाए पिपीरा ॥
खिल्दा ज्यादै रुचिर पिपिरा चुम्बकी भाव छाए ।
मानौ तारा-गण सहितको व्योम कान्ती गिराए ॥२॥
तीखा तीखा मदन शरका चोट पर्दा मुनामा ।
आशा झुल्छन् मनुज जसरी झुल्छ जादू टुनामा ॥
फोरी छाती कुसुम दलको हुर्र फाली पराग ।
मानौं गर्छन् मदन वनको आज नौलो विहार ॥३॥
पोथ्रा जन्मे हरित पनका वक्ष मेरो फुटाई ।
छाए चारू किसलय मुना लाख आशा जुटाई ॥
कैले खिल्थे कुसुम वनका वल्ऌरो वल्लरीमा ।
कैले लुक्थे कुसुम ऋतुका झल्लरी मल्लरीमा ॥४॥
सोध्थ्यो को हो ? भनिकन सदा कोयली चञ्चु फारी ।
प्यारो रच्ने कुसुम ऋतुको कार्यकर्ता पुकारी ॥
फाल्थ्यो टिप्दै कुसुम मुजुरा निर्दयी भै चुँडाली ।
यद्वा रुन्थ्यो प्रिय विरहमा उष्ण छाती फुटाली ॥५॥
जे होस् मेरो चपलित नयाँ वाल पोथ्रो उजाड्यो ।
आँसू थोपा विर्राह तरुले टप्प याहीं गिरायो ॥
आँसू प्याला पिइकन पुनः स्वाद पीयूष जस्तै ।
मान्दै उम्रे अगणित टुसा पालुवा धोर वन्दै ॥६॥
के निभ्दो हो अनल मनको एक तूनो फुकाई ?
के मर्दो हो हृदय तरुको एक मुनो चुँडाई ।
झुल्छन् लाखौं किसयल मुना एक मात्रै चुँडाले ।
धारा वग्छन् कवि हृदयमा एक चट्कन् दिनाले ॥७॥

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतनाको प्रथम चरणमा भन्दै छन् छोराछोरी दाजु आएको खुशीयालीमा

हरि घिमिरे

आमा दाजु आइ पुग्नु भएछ
हँ बा को दाजु ?
हाम्रो ठूल्दाजु क्यात आमा
किन संझाउँछस बाबु
ती अध्यारा दिनहरूलाई
किन हल्लाउँछस् मुटुमा विझेको यो तीक्ष्ण
काणाँलाई,
नाई दुख्छ
किन चलाउँछस् यो विशाल छाउलाई
म पापिनी हुँ बाबु ! म
मेरै निहुँमा कत्तिमानिसहरूको काटाकाट र मारामार भएको छ
यस गाउँमा, धर्तीमा
मैले जानिन बाबु आफ्नु सुन्दरता लुकाउन
मायालुकाउन
त्यसैलेत होता आए दानवहरू सुन्दरी सीताहरण गर्न
सुनेकी थिएँ मैले रामको कथा
भन्दिएँ जाओ जार खतम गर्न
होमि दिएँ अग्निवेदिमा
सकिन बाबु मैले आफ्ना सन्तान जोगाउन
अनि सकिन बाबु तिमीहरूको मायाँले
मैले आत्महत्या गर्न हाम्फाल्न ।
किन रुनु हुन्छ आमा ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्नुहोस न घुम्टो उघारेर एक पटक यहाँ,
दुन्दुभिको तालमा नाचेर रत्न नदीमा पौडी खेलेर
तथ्य सीमा कोरेर
बाजे र जिजुहरूलाई रखवारी गर्नराखेर
चन्द्र सूर्यलाई साक्षी राखेर दोसल्लाको पछ्यौरी लिएर
सत्ते आउनु भएको छ आमा ! तपाइको सेवामा
अनगान्ते आभूषणहरू लिएर
अनि आउनु भएको छ आमा ! तपाईका आँसु पुछन
नयाँ र रातो रूमाल लिएर
फाटेको चोली फेर्न
रङ्गि चङ्गि
वस्त्र भण्डार लिएर,
हतक हत्याराहरूका
दमनका लागि
रणभूमिमा चण्डी भएर नाच्दा
छरपुरी भएको कपाल सम्याउन
कोरीवाटी गर्न
चुल्ठोमा रातो गुलाबको फुल सिउरी दिन राम्रीपार्न।
आमा ! अस्ति तपाइलाई कत्ति दुशासनहरूले
नाङ्गेभार पार्न खोले थुक् निले, चुहाए राल
गाडे आँखा तपाइका मनोहर माधुर्यमा
बाध्यताले या मूर्खताले
हाँने आँमा ! तपाइलाई जुवामा क्याल ख्यालमा
बस्नुपऱ्यो तपाइले १०४ वर्ष मम्म बनमा चिसो सिरेटोमा
अन्धकारमा।
तर आमा !
विशाल दुई भवनहरूका बिचमा
तल सयलमा भोज्पाल परेकोठाउमा
तल सयलमा ओज्याल परेको ठाउँमा
प्राङ्गणमा
फलाम र चाँदीको वारको एरियाम।एसीयामा
ढकमक्क फूलेको उच्चकोटिको हाम्रो फूलवारीमा।
तलै तलामा वस्ने दुवैमहलका नर र नारीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायाँ जोश र उमङ्गले उत्प्रेरित थिए
यहाँ विहार गर्नेरहरमा तपाइको चोखो काखमा ।
तर
तर कामदेवको प्रवेश हुँदैमातिनीहरूमा
उच्च गिर्जाघरमा बसोबास छ भनेर
लोभ र तृष्णाले सताउदैमा रहरमा भनेर
उठेका थिए आमा तपाईका शान्तिप्रिय छोराहरू
बाध्य भएर बीरताको गीत गाएर
तपाइलाई जोगाउन बिउझाउन ।
फुके सदा बासुरी बजाउने ती कृष्णले पाञ्चजन्य
उठे भीमसेन गदा लिएर धूर्तहरू सारा मास्न
अनि उठे आमा ! हाम्रा बाका साथमा
वीर वलभद्र वलथप्न नेपालीमा
नाङ्गो खुकुरी लिएर चटाचट शत्रु काट्न
टिङ्ग उभिई रहेछन् ऊपर नाला पानीमा यहि थलोमा
अनि, कुलिरहेछन् आमा ! गङ्गनलाल दशरथ चन्द्र
रूखका टुप्पामा गएर डरनमानी ज्यान जोगाउन
"आत्म शक्तिका अघि जावो आगु शक्तिको केहि चल्दैन ।"
हो आमा ।
त्यस्ता शक्ति र अभयदानका मन्त्रको मुहान लिएर
समानताको हक लिएर
गाढान्ध मास्ने प्रोज्वल प्रकाश पुञ्ज बोकेर
अन्धाका आँखा भएर लङ्गडाको खुट्टो भएर
आमा हेर्न सन्तिन भन्ने तपाको पुकार सुनेर
यहाँ के के गरेर
१५ वर्ष अघि कोक्रामा देखापरेकी सानी नानीलाई
तरुण पारेर
प्रियतमाको रूपमा जोडी बाधेर
हेरिदेलिन् कि आमाले निमिलित लोचन खोलेर भनेर
आमा !
आइरहैछन् दाजु नयाँ नयाँ कोसेलीका पीकाहरू लिएर
समस्याका समाधान आफै वनेर
वड़दैछत् अघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येक भाई बहिनी र छोरा छोरी हरूलाई नयाँ चुम्बन दिएर
हेर्नुहोस न आँमा एकपटक आँखा खोलेर
मातृस्नेहले पूर्णछोराको पुकार सुनैर
पुत्र स्नेहले पूर्ण पग्लिएछ हृदय आमाको
हेरिन बलैले घुम्टो उवारेर
अहो ! कति सुन्दर र कति कर्मठ
मानव पुरुव अघि आइरहेछ
भनिन् पतिदेव
अनिझस्स झस्किएर मुसुक्क हाँसेर
भनिन् मलाई
बाबु तीता मेरा पतिदेव हुन् तिम्रा बुवा
होइनन् दाजु ।

नोट—यस कविताले २०३३।६।१३ गतेका दिन श्री५ महाराजाधिराज सरकार-को ३१ सौं शुभ जन्मोत्सवको उपलक्ष्यमा सुनसरी जिल्ला व्यापि साहित्य गोष्ठीमा प्रथम स्थान पाएको छ ।

---

(२) "कविता भावनाको संगीत हो जसलाई भाषाको सङ्गतिले हाम्रो हृदय सम्म पुऱ्याइदिन्छ ।"

— चाष्टर फिल्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"बन्धनबाट मुक्त हुन उनको साइत"

—गोवाल चन्द्र पोखरेल
आठराइ हाङ्गपाङ्ग
(त लजुङ्ग)

प्रमिला ! ए प्रमिला !! कति कराउँदा पनि वोल्दिन, कहाँ अन्मरिनु परेको वेश्यालाई ! निकै वेरको वोलावटमा पनि प्रत्युत्तर नआउँदा कान्छी आमाका मुखवाट महाभारतका श्लोकहरू उच्चारण गर्दै प्रमिलालाई आशीर्वाद दिन लाग्दछिन् । आशीर्वादले मात्र नपुगी यस राँड़लाई पूजा नै नगरी भएन भनी हातमा कुचो वोकेर फलफलाउँदै वाहिर निस्किन् ।

पढ्दै गरेको प्रमिलाको हातबाट पुस्तक मिल्काई दिईन् । हातको कुचो मिल्काई जुल्ठोमा समातेर लछारपछार पार्दै जाग्न लागिन "तँ राँडलाई मैलेएक मात्र होइन हज्जार पल्ट भँसक्यो घोक्रो सुंकुन्जेल कराएको । सुन्या नसुन्यै टार्ने भएकी लवस्तरी । आज तेरा जगटा नछरी कहाँ त्यसै छोड्छु । विना काममा खान पाईदैन क्या ? घरमा कति काम वितिरहेको छ । विहान देखिका जुठा भाँड़ा त्यसै छन् । पुस्तक पढेर पण्डितनी वन्ने भएकी वेश्या" फतफताउँदै भान्सा सम्म पुऱ्याई माथि जान्छिन् ।

कान्छी आमाको यस राक्षसी व्यवहार संग प्रमिला पहिले देखिनै परिचित थिइन् । उनका लागि कुनै नौलो कुरा थिएन । जति नै धेरै काममा घोटिए पनि अपजस लगाउन छोड़ने होइतन् । विहानका अखिएका भांडा माजि नसकी फेरि उही कान्छी आमाको चण्डी स्वरले प्रमिलालाई सतर्क गराउँछ ।

"कहाँ छस् ए ? जुम्सी । ल हेर जावो चार जनाको जुठो भाँड़ो गर्न पनि यत्रो वेर लाग्छ । यहाँ आइज, भाइले विगारेको थोरै वेर भएन, झिंगा भन्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्यो तैंपनि ख्याल छैन। दिनभर चारआना हसुर्न मात्र जानेकोछ ? कराउँदा कराउँदा आफ्नो भने घाँटी सुकिसक्छ" । भन्दै भित्र पसिन् ।

विहानको चार वजे देखि देलुकाको १० वजेसम्म कान्छी आमाको शासनमा कहिले यो भएन, कहिले यो गरिन, कहिले यता वित्यो र उता विग्रयोमा दिन वित्थ्यो । विचरा प्रमिला दुःखको महासागरमा परेकी थिइन् । दिन भरिको काम र कान्छी आमाका तीखा कर्कश स्वरले गर्दा थकित हुन्थिन् । जतिसुकै कराएर कुटे पनि उनी रूनु सिवाय केहि गर्दिन थिइन् । उनको जीवनमा आशु सिवाय अरू केहि नरहे समान थियो । कहिले त कान्छी आमासंग ठाड्ठाडै वाज्न झोंक चलेर आउथ्यो, तर उनी त्यसो गर्न पनि सक्तिन थिइन् । मेरी आमा आज सम्म वाँचिदिनु भएको भए म आज कान्छी आमाको यस दुष्ट व्यवहारमा पर्नु पर्ने थिएन । टुटेको नसिपमा भएको भए आफ्नी जन्म दिने आमाको कारणवाट वाह्रवर्षको कलिलो अवस्थामा अलग्गिनु पर्ने थिएन । वाल्यकालमा पाएको मातृप्रेम आज उनका आँखामा चलचित्र समान नाच्तछ । मनमा धेरै कुराहरू अटेस मटेसभएर आउछन् यो सम्पूर्ण दुःख कसैलाई पोख्न पाए पनि हुन्थ्यो भन्ने लाग्छ तर सुनाउने मानिस कोही पनि थिएन । कहिल्यै कांहि कलकत्ता गएका वुवालाई संझन्थिन् । उनले हिड्ने वेलामा मोहर हातमा हाल्दै "छोरी राम्रो संगले पढ्नु चांडो एस० एल० सी० पास गरेर कलकत्तामा डाक्टरी पढ्न जानु पर्छ" भनेको संझिन्छिन् । वुवा हिंड़ेका पन्द्रै दिनमा उनलाई कान्छी आमाले स्कूलवाट निकालेकी थिइन् । त्यो संझेर भक्कानो फुटेर आउँछ । आज उनी संगै पढ्ने साथीहरू एस० एल० सी० पास भइसके । यस्तै सोचमा धेरै वेर सम्म डुवी निदाउँछिन ।

हरिनाथ (प्रमिलाका वुवा) कलकत्तामा नोकरी गरेर बसेका थिए आज उनी एक मैनाको घरविदा लिएर घरमा आएका हुन्छन् । कलकत्ता वाट उनी घरमा रूपैंया लत्ता कपड़ा र अन्य सामानहरू समय समयमा पठाई रहन्थे । प्रमिलालाई उनी ज्यादै प्यारो गर्दछन् । प्रमिलालाई श्रीमतीले स्कूलवाट निकालेको कुरा उनी वाटा मैं चाल पाउँछन् । प्रमिला माथि श्रीमतीको दुष्ट व्यवहारले गर्दा परेको दुःख उनी सहन सक्तैनन् । श्रीमती-लाई सम्झाउँछन् "त्यो छोरी विचरा टुहुरी छ, आमा छैन । राम्रो संग सम्झाई वुझाई काम लगाउनू । त्यसै हप्काई दप्काइले हुन्छ र ? केटा केटी नै छ, प्रेमले संझाए वुझाए नमान्ने कुरै छैन । स्कूलबाट पनि निकालिस् । घरमा नोकर्नी राखेको भए थाहा हुन्थ्यो । केटाकेटीलाई मीठो खान र राम्रो लाउन दिए आँफै फुरुक्क हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"ओ हो ! तपाईलाई त खुब माया पो लाग्दो रहेछ । छोरा-छोरीलाई किन काम गर्न दिनु हुन्थ्यो त । नोकर्नी राख्न पाए भै हाल्छ नि" चण्डीदेवी श्रीमतीको स्वरले झन् उग्ररुप धारण गर्न लागेकोले यहाँ भन्दा ज्यादा वोले आफ्नै वेइज्जति हुने सम्झेर हरिनाथ चुप लागेर हिढ़छन् ।

त्यस दिन साँझ पर्दा पनि हरिनाथ फिर्दैनन् । कान्छी आमा भाँडा माझि-रहेकी प्रामलालाई हप्काउन थाल्छिन् । "भए भरका पोल लगाईस होइन तेरा वावुलाई । आज तँस वेश्याको पूजा नगरी कहाँ त्यसै छोड़छुर । "वडो वावुलाई पोल लगाउने भए की लवस्तरी" भन्दै चुल्ठामा समातेर गालै गालामा हिर्काउन लागिन् । "लवस्तरी तँस वेश्यालाई आज यहाँवाट न निकाले त थुक्क भन्नु मलाई" भन्दै घिसार्दै ढोका वाहिर निकालेर ढोका वन्द गर्दछिन् ।

प्रमिला घुँक्क घुँक्क रुदै झोंसीको रातमा सड़कमा जान्छिन् । धेरै परसम्म पुगिसकेकी प्रमिला अगाड़ि आँफै तर्फ आईरहेदो पुरुषाकृति देख्द-छिन् । रून केहि कम गरेर उभिई रहन्छिन् । त्यो पुरुष नजिकै आइपुग्छ । प्रमोदलाई देखेर उनी छक्क पर्छिन् यस्तो अन्धकारमा यति वेर कता हिंड्यौ प्रमिला ?" प्रमोदको सोधाइको जवाफ उनी घुंक्क-घुंक्क गरेर दिन्छिन् फेरि प्रमोद सोध्छ "आज घरमा खुब झगड़ा पर्‍यो कि कसो ?" यस पटक पनि प्रमिला वोल्दिनम् । "भन प्रमिला भन तिमीलाई आज कुन दुःख परेको छ ?" रून्चेस्वरमा वेला वेला घुँक्क घुँक्क गर्दै भन्दछिन् "मेरो हृदयको व्यथा ज्यादै लामो छ प्रमोद वावु । यो मेरो मुटु टुक्रा टुक्रा भएको छ, कसै गरे पनि शान्त हुँदैन ' यति भनी घुँक्क घुँक्क गरी आँसु वगाउँछिन । प्रमोद धेरै अघि देखि प्रमिलालाई भन्न खोजेको कुरो भन्ने विचार गरी केहिछिन पछि भन्छ "प्रमिला म तिमीलाई त्यस दिन यो कुरा भन्न चाहेको थिएँ, जुनदिन तिम्रो र मेरो सल्लेरीमा भेट भएको थियो; तर आत्मकमजोरीले गर्दा मैले भन्न सकिन । त्यसदिन तिम्रो गोलो अनुहार, कालो केशराशि चञ्चल आँखा, मिलेका दाँत, पुष्ट छातीमा जवानीका प्रतीकले गर्दा मैला थोत्रा कपड़ा लगाए पनि प्रकृति वनोटले गर्दा ज्यादै राम्रो लागेकी थियौ । हाम्रा धारामा तिनी कपड़ा धुन आएका दिन पनि तिमीलाई दोखी मोजा धुने निहुँले तिमीसंग म केहि कुरा भन्न आएको थिएँ तर त्यस दिन पनि भन्न सकिन । त्यो के भने मेरो जीवन साथी । म तिमीलाई जीवन साथी वनाउने पहिला देखि सोचि रहेको छु । भन तिम्रो के ? विचार छ ?" प्रमोदको यो कुरा सुनी प्रमिला ज्यादै खुशी भईन् । भोलि यसै ठाउँमा भेला भै विहानको भालेको डाकमा माने भञ्ज्याङ्ग काट्ने सल्लाह गरी दुवै हिंड़छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमोद एक होनहार युवक थियो। उस्ले लखनौवाट आइ० ए० फस्ट डिविजनमा पास गरेको थियो। आर्थिक कलजोरीले गर्दा उसलाई पढ्न छोड्नु परेको थियो। वि० ए० पढ्ने उसको ज्यादै ठूलो घोको थियो। घरमा पनि दु:खाई परेर फेरि कहि नोकरी खोज्न जान पनि पाएको थिएन। भरखर मात्र दाई आसामवाट आएर उसले फुर्सद पाएको थियो।

प्रमिला घर पुग्दा रातको ११ वजेको थियो। घरमा सव निदाई सकेका थिए। ढोका खुलै थियो। उनी सरासर कोठामा गइन्। एकजोर लगाउने लुगा पोको पारी झोलामा हालिन्। रात धेरै बितेकोले उनी सुतिन् तर निद्रा पटक्कै लागेन धेरेबेर कोल्टे फेर्दै निदाउने कोशिस गर्दा पनि निद्रा नआएकोले उठेर चिट्ठी लेख्न थालिन्। चिट्ठी लेखी सिद्ध्याएर सिरानमुनि राखिन। फेरि एक-पटक भएपनि निदाउँ भनी सुतिन् तैं पनि निद्रा आएन। उठेर ढोका खोलिन्। बाहिर सुनसान छ। धेरै पर कुक्कुर भुकेको आवाज आइरहेको छ। झ्याउँकिरी झ्याउँ झ्याउँ कराइरहेका छन्। उनीपोको बोक्छिन्। विस्तारै विशाल अन्ध-कारको साम्राज्यले ढाकेको तेर्सिएको लामो सड़कमा पुग्दछिन् प्रमोद संगको सुखभार सपनाको कल्पना गर्दै उनी अगाड़ि वढ्छिन्।

राति प्रमिला आएको कान्छी आमालाई थाह थियोमा विहान धेरै बेर कराउँदा पनि प्रमिला नउठोकीले कान्छी आमा फलाक्तै प्रमिलाको कोठामा पुग्छिन्। ढोका उघारै हुन्छ। उनी भित्र पस्छिन् प्रमिला छैनन्। कपड़ा हेर्छिन् कपड़ा पनि छैन। यति गरीफर्किन लाग्दा सिरकले थिचेर राखेको सेतो कागज दोख्छिन। त्यो लिएर माथि जान्छिन्। हरिनाथ हिजो हिंड़ेका भरखर आएर लुगा फेर्न लागेका हुन्छन्। नपढेकी हुँदाउनो। त्यो कागज उनलाई दिन्छिन्। हरिनाथ खोलेर हेर्दछन्। त्यसमा लेखिएको थियो—

मिति ३०।१०।१५

आदरणीय युवा

नमस्कार !

तपाईंलाई आउनु भएको दिन देखि धेरै कुरा भन्न मन लागेको थियो तर मौका नपर्नाले भन्न पाईन। आज म मेरी कान्छी आमाको दुष्ट व्यवहार र मुटु छेड्ने तीखा वचनले अघाएर यस घरवाट बिदा लिंदैछु। मलाई खोज्ने प्रयास गर्नु व्यर्थ छ। म विहानको भालै वास्ता माने भन्ज्याङ्गवाट ओरालो लागी सक्ने छु। कान्छी आमाले हिजो रातिनै घरवाट अब यस घरमा नआउनु भनेर विदा दिएकै छ। आज यत्ति मात्र।

तपाईंको अभागिनी छोरी

"प्रमिला"

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता

नेपाल

श्री दण्डपाणि नेपाल
धनकुटा ।

आफ्नो देश विकास गर्न मिशिदिन, राजा प्रजा व्यस्तछन्
आफ्नो राष्ट्रियता बचाउन सधैं, राजाप्रजा एकछन्
छुट्टै रीत परम्परा तर सबै, साभासरी मान्दछन्
जाती धर्म अनेकछन् तर यहाँ, सद्भावली बस्तछन्

[१]

आफ्ना मित्र छिमेकि देश सबमा, राख्ने सदा सम्मति
नेपालीपन राजनीति यसको, पंचायती पद्धति
भाषा भेष कला र संस्कृति सवै, सम्पत्ति नेपालको
राजा एक सवाकरोड जनता यैं देश नेपाल हो

[२]

कविता

'वसन्तोत्सव'

पुरुषोत्तम लसाल
चैनपुर

कतित पातहरू द्विविधा मन
लिइ थिए रुखमा अडिइकन
झरिगए सव जीर्ण भए जति
सुरु भयो नव वल्लरिको गति ॥१॥
सब भए हरिया वन जङ्गल
चरि खुशी भइ गाउँछ मङ्गल
अगिसरी कन आउँछ माहुरी
भ्रमर गाउँछ फेरी उसैगरी ॥२॥
नितनवीन सुनी मृदुल ध्वनि
अनि प्रसून सुवास जगत भरि
सकल जन्तु भिजे रस रागमा
गजब उत्सव हुन्छ वसन्तमा ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्धाञ्जलि

—लेखनाथ वस्ती
च० सं० मा० वि० धरान

सम्वत् तेत्तीस भाद्र तेह्र दिनमा गर्मी बढ़ेको थियो ।
रून्चे भाद्र खुलेर विश्व भरमा आभा छरेको थियो ॥
रून्थ्यो चित्त तथापि केहि बलले आफ्नो गुमाए सरी ।
आँसू वोकि कुनै विलापि जगमा भन्दैछु वच्चा बनी ॥
(१)

आँसु प्रष्ट गराई हुन्छ अब के ? यौटा नजाने गयो ।
यौटा मात्र गयो तथापि अहिले संसार रित्तो भयो ॥
आँसु हो, रसिलो अवश्य कविता यो हैन पुष्पाञ्जली ।
नौलो त्यै चलचित्र आई मनमा खेल्दै छ है झलझली ॥
(२)

पानी पोखरिको रहेछ उसको आत्मा निभाई दिने ।
वायु त्यो दिनको रहेछ उसको कात्रो सँगेटि दिने ॥
गर्मी त्यो दिनको रहेछ उसको मृत्यु पुकारी दिने ।
साथी त्यो दिनमा सबै हुन गयौं यौटा गुमाई रूने ॥
(३)

हास्थ्यौं चैन हुँदा वरी परि बसी तिम्रा सहायी बनी ।
मर्दा छैन सहाय केहि विचरा एक्लै गुम्यो जीवनी ॥
बाँच्दा प्रेम थियो त्यही शरीरमा मर्दा नराखी दया ।
बाल्यौं दन्दन मित्र "अंगिरथजी" ? श्रद्धाञ्जली साथमा ॥
(४)

पानी जीवनहो तथापि अहिले हेतु बन्यो कालको ।
साथी साथ हुँदा हुँदै पनि बन्यौ बन्दी तिमी कालको ॥
"आत्मा शान्त बनोस्" भनेर सबले आफ्नो बुझायौं मन ।
गर्छू तै पनि आज "अंगिरथजी ?" श्रद्धाञ्जली अर्पण ॥
(५)

नोट :—२०३३ भाद्र १३ गते ऋषि पञ्चमी रविवार दिवसो पिण्डेश्वर संरस्वतीकुण्डमा पौरीखेल्दा—डुबी स्वर्गवास भएका प्रमाणपत्र पहिलो वर्षका साथी अङ्गिरथ गुनागालीको संझनामा ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"धुम्रपान एक विश्लेषण"

—लेखनाथ गुरागाञो

स्नातक २ सत्र पिण्डेश्वर क्याम्पस

साधारणतया धुम्रपान भन्नाले धुवाँको पान गर्नु भन्ने बुझिएता पनि चुरोट, विडो, तम्वाकु आदि साधन अपनाएर धूवाँ चुसेर उढाइने क्रियाकलापलाई नै धूम्रपानको संज्ञा दिइन्छ। पात खोसेलो आदि या सूर्ती वेरेर खाने चलन प्रायशः ग्रामीण जनजीवनमा अनादिकालदेखिनै वंशजको नाताले आए जस्तै देखिन्छ। किंवदन्तीको आधारमा यसको उत्पत्तिवारे भगवान शकरको पाला देखिनै भाङ्, धतुरो, गाँजा आदि नसादार वस्तुहरूले नयाँ जीवन पाएका हुन्। मनुष्यजीवनमा वानी (ह्याविट) या लत भन्ने वस्तुले रजाइँ गर्न पुग्यो भने रात दिन उसको नोकर वन्नु पर्दछ। जुन आदत खराव र असल दुई किसिमको हुन्छ। त्यसमध्ये धुम्रपानको नाम खराव आदतमा दर्ता हुन्छ। हुनत: शुरू शुरूमा यसलाई स्वीकार गर्न या साथी वनाउन रिंगटा लाग्ने उल्टी हुने कोक्याउने आदि जस्ता कठोर समस्या समाधान गर्दै जानुपर्ने हुन्छ तथापि अन्त्यमा ज्यादै बलियो साथी बन्नपुग्दछ। जसले उसको इच्छा विरुद्ध एकमिनेट सम्म पमि तल माथि गर्न दिंदैन। यसको शिक्षा केटा-केटीले आमा वावु, दाज्यु साथै गाउँघरका फटाहा साथी भाईहरूवाट लिन्छन्। यो पहिला देख्दा साधारण देखिएता पनि यो यस्तो सरूवा रोग हो जुन रोगले सारा विश्वलाई मुछेर आफ्नो अधिकार जमाई रहेछ।

यसको माँग एक व्यक्तिमा मात्र नभएर सम्पूर्ण विश्वभरमा बढिरहेको छ। विचित्रको कुरा त—धनी-गरीब-ठूलो-सानु, अफिसर-पियन, हरूको आफ्नो आफ्नो इज्जत तथा फेशन भए जस्तै यसको पनि लालिगुराँस, याक, गैंडा आसा आदि अवतारको रूपमा यिनीनरूको उत्पादन भई रहेछ। उत्पादन मात्र होइन एकै दिनमा करोडौं चुरोट विडी का खिल्लीहरू विक्रि भईरहेका छन्। हुन पनि किन नहोस् नेपालमा धूम्रपान गर्नेको संख्या ७५% अनुमान गर्न सकिन्छ। न्यूनतम दिनको ५ खिली देखि लिएर ३० खिली चुरोट या विडीको सेवन गर्ने व्यक्तिहरू पनि न देखिएको होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा भन्ने हो भने धुम्रपानबाट मनुष्य जीवनलाई ज्यादै वेफायदा छ। धुम्रपानबाट क्यान्सर हुन्छ भन्ने कुरा विभिन्न डाक्टर वैज्ञानिक हरूले पत्ता न लगाएको होइन चिकित्सकहरूको सर्वेक्षणबाट क्यान्सरका रोगीहरू १०० मा ९८ जना चुरोट खाने समुदायका र बाँकि २ जना त्यसदेखि अतिरिक्तका छन् भन्ने कुरा पत्ता लागेको छ। जुन देशमा चुरोट पिउने व्यक्तिहरूको कमि छ—त्यस देशमा क्यान्सरका रोगीहरू पनि कम देखिन्छन्। जस्तो विश्वमा सबभन्दा बढी क्यान्सरका रोगीहरू अमेरिकामा पाइन्छन् भने सबभन्दा कम आइसलैण्डमा चुरोट कम र अमेरिकामा वेसी सेवन गरिन्छ। धूम्रपानले फोक्सोको केन्सर हुन्छ भन्ने सम्बन्धमा डा० फिलिप वर्थको भनाई यस्तो छ "धूम्रपान र क्यान्सरको बीच कुनै खास कारणात्मक सम्बन्ध छैन"। तर धुम्रपान नगर्ने व्यक्तिलाई भन्दा धूम्रपान गर्ने व्यक्तिलाई मुटुकोरोग लाग्ने ७५% भन्दा वढि संभावना देखिन्छ। सूर्तीमा "निकोटिन" नामको एक प्रकारको विष पाइन्छ। "द सक्रेर आफ लाईफ" भनिए अनुसार एकप्रकारको एउटै मोटो सूर्तीमा यति "निकोटिन" हुन्छ जसलाई इञ्जेक्सन द्वारा रगतमा पुऱ्याई दिए २ जनाको सम्म ज्यानजाने सम्भावना देखिन्छ। हामीले अनुभव गरेर या देखेर पनि यस सम्बन्धमा विभिन्न वेफायदाहरू महसुस गरिसकेका छौं। पहिला त यो खानाले खोकी लाग्दछ सोहि खोकिले भविष्यमा स्थायी रूपले रहेर विकराल रूप लिन्छ। यो हुनाको कारण फोक्सोको सेल (कोष) ले त्यहाँ जमेको धूँवा बाहिर फाल्ने प्रयत्न गर्ने हुनाले नै हो। तर भविष्यमा खोक्नका साथ साथै फोक्सो पनि वढेर गईरहेको घरका दलिन र भित्ताहरू ध्वाँसो जमेर गाडा रूपले काला भएका हुन्छन् भने यसले हाम्रो शरीरको भित्री भागमा त्यहीरूपले कालो जालो लगाएको हुन्छ। यो कुराको प्रमाण दिई रहनु पर्दैन। धूम्रपानले दाँत गिजा समेत विगारिदिनुका साथै शरीरको छाला ४० वर्ष र ४५ वर्षकै वीचमा चाउरिन्छ। जुनकुरो डा० हारि ड नियलले" वृहद्अध्ययन गरी वताई दिएका छन्। यस्ता असंख्य धूम्र-पानबाट हुने बेफाइदाहरू थाहा पाएर पनि थाहा नभएजस्तो गर्नु आँफु डुब्ने खाडल आँफैले खन्नु हो। संसारको जुनसुकै देशहरूमा पनि त्यसदेशका जनताको स्वास्थ्य सम्बन्धी हेर विचार भईरहेको पाइन्छ।

त्यसै उद्देश्यानुरूप इटालिमा रेडियो टेलिभिजन आदि द्वारा चुरोटको विज्ञापन गर्नमा प्रतिवन्ध लगाईएको कुरा सर्वविदितै छ। त्यस्तै पाश्चात्य विकसित मुलुकहरूबाट उत्पादित चुरोटको बट्टामा "यो खानाले क्यान्सर हुन्छ" वा "यो खान हुन्न, मुटुको हानिकारक छ"—भन्ने वाक्यहरू लेखिएको हुन्छ। केही मुलुकहरूमा त आजभन्दा धेरै पहिले देखिनै बहुसंख्यक मानिसहरूले यसको लत छुटाउँदै आएका छन्। हाम्रो जस्तो अशिक्षित वा विकासका भर्खर पखेटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पलाउन लागेका जस्ता देशहरूमा धुम्रपानको बेफायदा बुझ्न सक्ने क्षमता भएका शिक्षित व्यक्तिहरूको कमी छ। "बलेको आगामा घिउ थप्नु" भने झैं दिन प्रति दिन रेडियो अखबार आदि द्वारा यसको प्रचारहुनाले माग बढिरहेको छ। हालै विभिन्न अभियानका साथ विभिन्न पंचायत आदि संस्थानहरूले धूम्रपानका खरावीहरू महसुस गरी यसको रोकथाम गरेको प्रचार प्रशंसनीय छ ता पनि अझ व्यापक प्रचार गरिनु उचित छ।

आर्थिक दृष्टिकोणको आधारमा हेर्ने हो भने धूम्रपानका साधन चुरोट बिडी सूर्ती आदिवाट देशले प्रशस्त मुद्रा आर्जन गरिरहेछ साधारण चल्ति वस्तुमा यसको स्थान प्रथम हुन्छ। चुरोट बिडी फैक्टरीवाट उद्योगपतिलाई लाभ भएता पनि त्यसको मार सर्वसाधारण जनतामा पर्नु युक्ति संगत देखिदैन। धूम्रपानलाई देशको आर्थिक स्थितिसंग नदांजेर द्रव्य र स्वास्थ्यको तुलना गर्दा आकाश पातालको अन्तरहुन आउँदछ साथै आफ्नो व्यवहारमा निरोगी व्यक्ति नै सुखी हुन्छ। योग्य व्यक्ति धूम्रपानको शिकारमा परेर बिचैमा घायल भए देखि देशले धूम्रपानवाट लिएको फायदाको मूल्याङ्कन के होला ?

धूम्रपानवाट मानवकल्याण हुदैन। यो कुरा सत्य हो। त्यसैले यसलाई रोकथाम गर्नु बुद्धिजीवी वर्गले विभिन्न अभियान अपनाउनु पर्‍यो। साथै प्रत्येक व्यक्तिले धूम्रपानका अवगुणको महसूस गरेर यो लत छाड्न दृढ संकल्प गर्नु पर्‍यो। धूम्रपानको लत बसाल्न जति गारो पर्दछ छुटाउन पनि त्यत्तिकै कठोर छ। यसलाई त्याग्ने दृढ संकल्प भए आत्मविश्वासका साथ चुरोट बिडी पिउने व्यक्तिहरूबाट २–४ दिन अलग्गिएर आँफुलाई कुनै कार्यको व्यस्ततामा भुल्याएर राख्नाले यसको वानी छुटाउन कुनै गाह्रो पर्दैन।

धूम्रपान गर्ने प्रत्येक व्यक्तिले बुझ्नुपर्ने कुरो के छ भने आँफु त यसबाट हुने भयानक संक्रामक रोगमा मुछिन पुगियो भने मेरा भावोसन्तानहरूपनि देखा सिकी गरेर उक्तआदतमा नफसुन् भन्ने भावनालाई जगाउनु पर्दछ। "आँफु बांच र अरूलाई पनि बांच्न देउ" श्री ५ महेन्द्र। आफु बाँच्न र अरूलाई पनि बांच्नदिनमा विभिन्न सहयोग पुर्‍याउनु सबैको कर्तव्य हो। जुन सहयोगवाट आँफु बनिन्छ परिवार सप्रन्छ समाजको भलाई हुन्छ तथा देश सुधार्नमा एका-पट्टिको टेवा पुग्न सक्तछ भन्ने मेरो धारणा छ। ॥ अस्तु ॥

●

(१) "कथा मनुष्य जीवनको गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको आस्था पूर्ण उद्घाटन हो।"

—म्याक्सिम गोर्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल सौन्दर्य

—केशव अधिकारी
स्नातक—२ पिण्डेश्वर क्याम्पस्

(१)

प्यारो लाग्छ मलाई यो प्रकृतिको सौन्दर्य नेपालको
मीठो लाग्छ मलाई वन्य चरिका सङ्गीत नेपालको
चाका झैं महको मिलेर गिरिका श्रेणिहरू सुन्दर
पाखा क्या छ हरा भरा गगन झैं नीला बडो मञ्जुल ।।

(२)

घेरेको छ जतातते वरिपरि पाहाडले सुन्दर
जेलेको छ लता र वृक्षहरूले चौपट्ट चारैतिर
खापैखाप मिलेर खेत हरिया क्या शृङ्खलाबद्ध छ
हारैं हार छ वालि नालि बढिया हेर्दा बडो मञ्जुल ।।

(३)

हेरूँ लाग्छ मलाई ता नयनले यी शैल मालाहरू
घुमूँ लाग्छ मलाई ता चयनले यी भीर पाखाहरू
कैल्यै तृप्त म हुन्न झैं छ चरिका गाना सुनी दिन्दिन
कैल्यै तृप्त म हुन्न यो प्रकृतिको सौन्दर्य हेरीकन ।।

(४)

झर्दा पर्वतबाट धेर जलका झर्नाहरू झर्झर
वग्दा स्वच्छ पवित्र कल्कल गरी गाना मिठो निर्झर
फल्दा यो वनमा विभिन्न थरिका स्वादिष्टकारी फल
फुल्दा फूल हजार भन्छु सहजै यो स्वर्ग हो झलमल ।।

(५)

गर्दा चुम्बन भानुले हिमचुली देजिन्छ क्या जगमग
कस्तूरी मृगको सुगन्ध वनमा वास्ना मिठो मगमग
फुल्दा लालिगुराँस लेक भरियो नेपाल मुस्काउँछ
डुल्दा आज कता कता हृदयमा आनन्द क्या आउँछ ।।

(६)

खानी ओषधको र रत्नहरूको भण्डार नेपाल यो
ज्ञानी सन्त महन्त बुद्ध भृकुटीको जन्मको स्थान यो
सानो भैकन उच्च यो छ जगमा हो विश्वको ताज यो
गौरीशङ्कर नित्य वास गरने नेपाल सौन्दर्य यो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउदै छ अरे नयाँ वर्ष

—पीताम्बर भोला
१-१-०३०

साथोहो ! यस पाला पनि आउनत आउदैछ अरे नयाँ वर्ष,
वसन्तको कुसुमे झोलालाई च्यापेर,
साथीहो ! नयाँ नयाँ अनुहारहरू पनि ल्याउँदैछ अरे नयाँवर्य
पुराना पूर्वाग्रहरूलाई फ्याँकेर ॥
तीनसहे पैंसठ्ठीकोशको वर्षदिने यो लामो वाटो,
कतै अँध्यारो टाटो, कतै उज्यालो पाटो,
कहीं रगतको टाटो, कहीं काला र गोराहरूको फाटो,
कोई निमोठ्न कुदीरहेछन्, कसैले छलिनु पर्ने,
कसैले रजाई चलाएकोछ, कसैले चूपचाप दलिनुपर्ने,
यस्तै उस्तै केहीदृश्य र केही अदृश्यहरूको इतिहास बनाउदै,
शोषणको विरोधमा न्यायालयका ढोकाहरू च्याउँदै च्याउँदै,
दिन र रातका खुडकिलाहरूमा टेकेर—
आफ्ना समय—पाइलाहरू खियाउदै खियाउदै,
साथीहो ! यस पाला पनि आउनत आउदैछ अरे नयावर्ष,
वसन्तको कुसुमे झोलालाई च्यापेर,
साथीहो ! नयाँ नयाँ अनुहारहरू पनि ल्याउदैछ अरे नयाँवर्ष,
पुराना पूर्वाग्रहहरूलाई फ्याकेर ॥

(१)

वरू प्रकृतिको प्रवाह रोकिन्छ भने रोकियोस्,
कोपिलाहरू भविष्यमा फूल्नेछन्,
पृथ्वी न घुमेर सवै शालिक हुन्छन् भने हउन्,
असमानताहरू अव नहुनेछन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आखिर मर्नु नै प्रकृतिको धर्म हो भने सबैका लागि मरियोस्—
—अब रोग र शोकको शिकार चाही न बन्ने,
आखिर गर्नु नै पर्दछ काम भने सबैले सबैका लागि;गरियोस्—
—अब एक्लै व्यक्तिगत चाँही न भन्ने,
यस्तै उस्तै विचार धाराहरू फैलाउदै
वन उपवन देखि घर घर च्यांउदै
नया परिवर्तनको बहनालेख्यांउदै
सवैलाई हुने खालको जुक्ति र बुद्धि ख्यांउदै ख्यांउदै
नयाँ पाउलामा नौलो सासफेर्दै
फूलका आँखाले हेर्दै हेर्दै
साथीहो ! यसपाला पनि आउनत आउदैछ अरे नयाँवर्ष,
वसन्तको कुसुमे झोलालाई च्यापेर
साथीहो ! नयाँ नयाँ अनुहारहरू पनि ल्याउदैछ अरे नयाँवर्ष
पुराना पूवाग्रहहरूलाई फ्यांकेर ॥

(२)

हो साथीहो ! बेरोजगारीको समस्या बगाउन अब यहाँ परिश्रमको
बाढ़ी आउने रे
आर्थिक असमानता र कालाबजार उडाउन आँधी-वेरी ल्याउने रे,
प्रकृतिको सम्बिधानमा पनि जन अनुकूल परिवर्तन आउने रे !
आउने रे !

मान्छेले मान्छेखाने कथाहरू गाउँदै,
धनीलाई धनको र गरीबलाई रिनको भारी बोकाउँदै
नाच्दै गाउँदै आउने
असमानताको इतिहास बनाउने
ठूलाबढा वफादारहरू,
भविष्यका ठेगदारहरू,
दशौं शताब्दीको विचार भएका,,
बिशौ शताब्दीका हकदारहरू,
धर्तीमा शोषण गरेर
स्वर्गमा सुख भोग्ने विचारहरू,
उर्लिएको खहरे कोशीमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्तिएको कोशी महासागरमा
हराए झैं बिलाए झैं
हराउदै हराउदै, बिलाउदै बिलाउदै, गएकोमा पीरमान्ने
जीर्ण शीर्ण पातहरूलाई छोडेर झ्याउहरूलाई फाँडेर, नयाँ बाटो मोडेर,

ताराका आँखाहरूले झिम्क्याउँदै
मुजुर र कोईलीको भाकाको गाउदै
रसीला साहित्य-फूलाउदै, फुलाउदै
मुना मुनामा प्रगति बोकेर
पाउला पाउलामा स्नेह पोखेर
विज्ञानको औगात दिएर
यो नयाँ युगलाई सौगात लिएर
साथीहो ! यस पालापनि आउनत आउदैछ अरे नयाँवर्ष
वसन्तको कुसुमे झोलालाई च्यापेर
साथीहो ! नयाँनयाँ हनुहारहरूपनि ल्याउदैछ अरे नयावर्ष
पुरानो पूर्वाग्रहहरूलाई फ्याकेर

(३)

(४) "कविता कविका हृदयको पातलो छांयां मात्र हो, त्यो स्मृतिको अमर चिह्न पनि।"

—स्व० म० वी० वि० शाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानसिक अल्योल र प्रेमको अल्झनमा "मुटुको व्यथा"

देवी गौतम, प्रमाण पत्रस्तर
पिण्डेश्वर क्याम्पस धरान–११

नाटक साहित्यको उत्कृष्ट विधा हो। पठित र अपठित सबैको दृष्टिमा यो जनप्रिय बन्न पुग्दछ। पात्रहरूको सम्वाद र अभिनयबाट नाटकको आस्वादन गरिन्छ। साहित्यका अन्य विधा भन्दा नाटकमा दर्शकवढी आकर्षित हुन्छन्। नाटकको प्रभाव अन्य श्रव्यकाव्यको तुलनामा जीवनमा छिटो भन्दा छिटो पुग्ने यही कारण हो। यद्यपि यसको आस्वादन अध्ययनबाट पनि हुन्छ; तथापि नाटकको कसी चाँहि रङ्गमञ्चको अभिनय नै हो। दर्शकको दृष्टिलाई वढी आकर्षित तुल्याएर उसको अन्तर्हृदयमा गहीरो प्रभाव जमाउनु नाटकको विशेषता हो। मनोरञ्जनमात्र नाटकको विशेषता होइन; त्यसमा दर्शकलाई आनन्द विभोर गराउन सक्ने गुण रहेको हुनुपर्दछ।

नेपाली साहित्यमा सर्वप्रथम देखिएको नाटक शक्तिवल्लभ अर्यालले संस्कृतमा 'हास्य कदम्वम्' लेखेर त्यसको आफैले नेपालीमा अनुवाद गरिएको 'हास्य कदम्व' (वि.सं. १८५५)नै हो। यो नाटकीय उच्चताको शीखरमा पुगेको नाटक होइन नाटकीयता केहि भए पनि मनोरञ्जन नै यसको पृष्ठभूमि बनेको छ। यहाँबाट मोतीराम र शम्भुप्रसाद ढुंगेलका समय सम्म फाट्ट-फुट्ठ नाटक देखा पर्दछन् तर अनुवादको रूपमा। भट्टजी र ढुँगेलजीका नाटकमा केही मौलिकता छ तापनि भावानुवादको रूपमा ती नाटकहरू सीमित छन्। स्थायी रङ्गमञ्चको अभाव भएता पनि नाटकहरू क्रमशः देखा पर्दछन् तर कुनै नौलो रूप देखा पर्दैन। ऐतिहासिकता को दृष्टिले अटल वहादुर (१९६२) मा प्रशस्त मौलिकता र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीयता पाइन्छ ता पनि शेक्शपियरको 'ह्याम्लेट' को प्रभावमा आएर लेखिएकोले यसलाई मौलिक भएता पनि रूपान्तरित मानिन्छ। पात्र, कथा, विषयवस्तुको छाँटकाट, गजलको आदि ो प्रयोग 'अटल वहादुर' मा पाइन्छ र यो मौलिक नाटकले ह्याम्लेटकै प्रभाव परेर लेखिएता पनि। नेपाली साहित्यमा नाटकको यस्तो स्थितिमा वि. सं. १९८६ मा प्रकाशित वालकृष्ण समको वियोगान्त नाटक 'मुटुको व्यथा' देखा पर्दछ ता पनि यो ऐतिहासिक महत्वमा मात्र सीमित छैन र सामाजिकतामा पनि उत्तिकै महत्त्वपूर्ण स्थान छ यसको।

'मुटुको व्यथा' वालकृष्ण समको विशुद्ध मौलिक नाटक हो। वि. सं. १९८६ मा प्रकाशित यस नाटकले नेपाली जनजीवनको तात्कालिक आर्थिक र सामाजिक गति विधिलाई औंल्याएको छ। पुरापुरि नेपाली कथानकको घरातलमा उभिएको, नेपाली जन जीवनका आशा, नैराश्य, विवशता र वेदनालाई औंल्याएको यस नाटकले विभिन्न दृष्टिबाट मुटुको कट्कटी खाने व्यथालाई छर्लङ्ग्याएको छ। आफ्नै मानसिक कमजोरीबाट, एकोहोरो आफ्नो सोचाइको दौडाइबाट, यहाँका पात्रको जीवन-गति वियोगान्ततिर दौड़ेको छ। अन्ततः वियोगको असह्य वेदनाबाट, पश्चातापको झर्झराउँदो अग्निको डाहको पीडाबाट, जीवन इति श्री वन्न पुगेको छ। वियोगान्तमा हुनु पर्ने अभिव्यञ्यना यहाँ प्रशस्त छन्। यस दृष्टिमा र पात्रको मानसिक स्थितिको जटिलतम सोचाइको पराकाष्ठाको प्रस्तुतीकरणमा सम यहाँ निकै गहिरिनु भएको छ। वास्तविकताको अज्ञानले आपसी भिडन्त यहाँ चल्दछ। अर्काको मानसिक स्थिति बुझ्न त परै जाओस् आफ्नै अन्तहृदयमा लुकेको श्रद्धालु र स्मृतिपूर्ण चिन्हलाई समेत देख्न सक्दैनन् यहाँ। आँखाको अगाडिको सिधा देखिने वस्तु वाहेक अलि वर परतिरको वस्तु देख्न सक्ने क्षमता नै छैन। एक पात्रको मानसिक स्थितिमा अर्कोपात्रको चाल चलन पुरा प्रतिकूल छ। यहाँ माधव कपिलालाई प्रेम गर्दछ, कपिला शनकलाई प्रेम गर्दछे, शनक भारतीलाई र भारती गुण्डालाई। प्रेमको जटिलता नै यस नाटकको मूलभूत विषय हो। एकातिर वास्तविक अनभिज्ञताले जेलेको छ भने अर्कोतिर देखावटी प्रेमपूर्ण व्यवहारले मोहनीलाएको छ। यहि वास्तविक सोचाई र त्यसको विपरीतकार्यको 'म ताक्छु मुडो वञ्चरो ताक्छ घुडो' भने जस्तै अनुकूल र प्रतिकूलता नै 'मुटुको व्यथा' को मूल चुरो हो। यही उभयपेचको संघर्षले 'मुटुको व्यथा' को नाटकीय स्थितिलाई उच्चतामा तुऱ्याएको छ। ता पनि यहाँ पारस्परिक संघर्षले व्यापकतालाई अपनाएको छैन। जहाँ द्वन्द्व हुन्छ त्यहाँ संघर्ष हुन्छ, तर कहिं उग्ररूपको र कहिं न जानिदो मन्द गतिको। यहाँ संघर्ष द्वन्द्वानुकूलको छैन। जो जति संघर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ छ त्यो तिनै पात्रको मस्तिष्कमा अल्झिएर बसेको छ । 'माधव' आफैं सित संघर्ष गर्छ, बदला लिनु; भनौं, कपिलालाई पश्चातापले गलाउनु उसको संघर्ष होइन । अत एव संघर्ष यहाँ बाहिर प्रकटित भएको छैन । मानसिक कमजोरी र वैचारिक शिथिलताको बाहूल्यले बाह्य विद्रोहात्मक संघर्ष उत्पन्न हुन नसकेको हो । संघर्षको बदला यहाँ झुकावट छ; आत्मग्लानि छ; आत्म समर्पण छ । आफ्नै मानसिक घात-प्रतिघात र परिस्थितिको जकट्ययाईको कडा दण्डमा रूखो जीवन वित्दछ यहाँ । वास्तवमा 'प्रेम' को वास्तविकताको अज्ञानबाट मानसिक स्थिति बेजोड भएको हो । नियालेर हेर्दा 'मुटुको व्यथा' प्रेमको गाठो न कसिएर र एकापट्टि चाहिं कस्सिदा कस्सिदै अर्का पट्टि खुस्किएकोले तिन चित पर्दा लागेको चोटको व्यथा हो । प्रेमले दुई वर्गका पात्रको विचार अनुकूल यहाँ सैसैला खेलेको छ । जवानीमा सौन्दर्यको लोभमा परेर आकर्षणलाई नै 'प्रेम' को संज्ञा दिनु उचित होइन । यस्तै वासनात्मकताले आकुल भएका दुष्यन्त र शकुन्तला को प्रेमको परिणाम वियोग भएको कुरा 'शाकुन्तल' नाटकमा कालिदासले प्रकट गरेका छन् । जवानीको जोशमा केटाले केटाको रूप र सौन्दर्य देखेर लठ्ठ पर्नु र केटीले केटाको धाक रवाफ, र फाइँफुट्टि देखेर मक्ख परेर सम्वन्ध जोर्नुको परिणाम चाहिं शनक र कपिलाको जिन्दगी झैं हुन्छ । सौन्दर्य मात्रै देखेर 'प्रेम' गर्नु चाहिं रस ग्रहण गरिसके पछिको फूल र भ्रमराको जस्तो जीवन बन्न जान्छ । दुष्यन्तले शकुन्तलालाई बिर्सनु यहि कारण हो । शारीरिक परितृप्ति पछि शकुन्तलाको सम्झना नहुनु यही कारण हो कि वासनामा ती दुवै ओतप्रोत भएका थिए । अझ शनकको विचारमा त 'प्रेम' यौन सम्पर्क र शारीरिक परितृप्तिको साधक मात्रै हो । माधवको विचारमा 'प्रेम' अर्काकी स्वास्नी भइसकेकी कपिलाको सम्झनामा 'कपिला ! कपिला !! भनेर आफ्नो सम्झनाको विराट रूप प्रदर्शन गराउनु नै वास्तविक प्रेम हो ! आफुलाई धोका (?) दिने कपिलालाई पगालेर झोल बनाउनु नै उसको प्रेमको ठोस कदम हो । यिनै द्विपक्षीय विचारका पात्रहरूको प्रेमविषयक धारणा र अल्झन नै 'मुटुको व्यथा को प्राण हो ।

आफ्ना केही गल्तीहरू अथवा कमजोरीहरू भए तापनि वास्तविक 'प्रेम' माधवमा पाइन्छ । शनकको जस्तो वासनात्मक प्रेम माधवमा छैन र सामीप्यले गर्दा हार्दिकता बेसी छ उसमा । प्रायशः तरूण अवस्था प्राप्त गरिसकेका कुनै पनि केटा र केटी वासनामा नै अत्यधिक अल्झिएका हुन्छन् । कालान्तरमा वासनात्मकतालाई हार्दिकताले बढी खिचेको हुन्छ र पारस्परिक सम्बन्धको अन्तमा उनीहरूमा आदर्श प्रेमको बीजारोपण हुन्छ । "धेरै खाए अमृत पनि विष हुन्छ" भने जस्तै शुरूमा वासनात्मक प्रवृत्ति अधिक भएर त्यसैमा नै जेलिएका छन भने वासनाको अतृप्तिमा वा समाप्तिमा तिनीहरूको जीवनमा वैमनस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ र आदर्श प्रेमको त्यहाँ स्थापना हुन्न । यहि स्थिति देखा पर्दछ कपिला र शनकको जीवनमा । माधवले कपिलालाई वासनात्मकता भन्दा हार्दिकताको नाताले प्रेम गरेको छ । सानै उमेरमा कपिला उसको नजिकका आएकी हुनाले उसले गुणमा वेसी अल्झिएर प्रेम गर्न पुगेको हो । यद्यपि अर्काकी स्वास्नीलाई प्रेम गर्नाले सामाजिक मान्यतामा माधव दोषो ठहर्ला तापनि आफ्नी प्रेमिका (अविवाहित अवस्थाकी कपिला) को सम्झनामा आजीवन अविवाहित वस्नु चाहिं उसको विशेषता हो । यस दृष्टिले माधव दोषो ठहर्दैन वरू ऊ सच्चा प्रेमी ठहर्दछ । 'पाँच वर्ष बस, त्यस पछि पनि तैंले कपिलालाई सम्झिरहन सकिस भने, तँ सच्चा प्रेमी होस्; कपिलाबदला लिन योग्य छे'' भन्ने बुढीको भनाइमा समको वैयक्तिक धारणा अन्तर्निहित छ जस्तो मलाई लाग्छ । समको दृष्टिमा 'माधव' आदर्श प्रेमी हो । तर "कपिलालाई बदला लिन्छु" भन्ने वाक्य मुख-बाट निकाल्नु चाहिं उसको गल्ति हो । माधवले एकोहोरो प्रेम गरेको र हुरू-वक मात्रै भएको हो । त्यसैले कपिलाको दोषी उसले वास्तविकता एवं माधवको व्यक्तित्व र शनकको वानी जान्न न सक्ने कमजोरी हो । यहाँ समले कपिलालाई कता कता दोषी सम्झेको देखिन्छ, तर कपिलाको माधवले वदला लिन योग्य दोष केही छैन ।

माधवको प्रेम नै समको प्रेम विषयको धारणा हो । 'प्रेम पिण्ड' र 'अन्धवेग'ले यस धारणालाई परिष्कृत र विकसित तुल्याएका मात्रै हुन् । 'चिसो चुल्हो' तात्कालिक परिवेशले केहि वेग्लिएता पनि यस्तै यस्तै धारणामा छ । यसरि प्रेमकै अल्झनमा 'मुटुको व्यथा' थालिन्छ र टुङ्गिन्छ पनि । अन्तिममा पात्रको अस्वाभाविक निधन र घटनाको तारतम्य मिलाउन सम अलमलिएर पछि परेतापनि प्रेमको चत्रास्स मुटु पिरोल्ने व्यथा मुटुको व्यथामा छैन भन्न सकिन्न ।

●

(५) संगीत हाम्रो भाव पोषणको वस्तु हो, जसले हाम्रो हृदयलाई प्रेमको दुनिया तिर खिचइछ ।

—शेक्सपियर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'परिस्थिति'

वासुदेव घिमिरे
स्नातक पिण्डेश्वर क्याम्पस—२

यै धर्तीमा अघि अधि थिए देबताका स्वरूप
वन्दै आफ्नो दृढ नियममा गर्दथे भक्ति ध्यान
काहीं कैल्यै अशुभ स्थितिमा द्रोह क्यै मञ्चिएन
संपद् दैवी पृथक जगमा नाम केही थिएन

गायत्रीको स्मरण दिनहुँ बेदको पाठ हुन्थ्यो
गुञ्जन्थ्यो त्यो विपिन स्वरले, यज्ञको धूम हुन्थ्यो
गाई पूजा व्रत नियममा देवता भक्त हुन्थे
यौटै आस्था परमविधिमा लीनभै कार्य गर्ने.

ऐलेको यो रंगिन जगमा चाल देखिन्छ कस्तो
मैलो गन्दा प्रमुदित भई चल्छ हावा हुरीको
खोजे, जस्तो चलन अघिको आज देखिन्न काहीं
चंकेको यो क्षणिक स्थितिले गर्न थाल्यो रजाई

कोही भोका कति दिन भयो पेटिमालंपसार
कोही नंगो तुहिन खनिदा मर्न छन् तं तयार
"भिक्षां देही" कतिदिन भनुन् कर्कशा मात्र खाई
गर्दै हिक्छन् 'अलख दिनहुँ गाउँमा चर्न लाई

वावा व्रह्मा सकल जगका वंश हामी अनेक
यौटै नै हौं कसरि रचियो कार्यमा भेदभाव
कोही भाई अधिपति वनी वस्तछन् मग्न मस्त
कोही धेरै क्षुधि त हुनगै लड्दछन् यत्र तत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही उढ्छन् गगन तलमा विश्व ब्रह्माण्ड माथि
घांटी तानी अधन विकला हेर्दछन् मस्त हांसी
यात्रा गर्छन् अचल जगतै थकने यान माथि
यद्वा कोही जल सफर झैं गर्दछन् मत्स्यजाति

झत्रा झाम्रा मलिन कहिं छन् दानवीका व्यथाले
जोतीएका तरर पसिना आसुरीका मजाले
घोटीं घोटी करङ विचरा वालका निति चारो
जुट्ला त्यस्तो कतिदिन सही वाच्न कस्तो छ गाह्रो

वोली अड्छन् हृदय विचका कण्ठको द्वार देखी
आशा वन्छन् विफल सपना भस्मको झैं छ रेखी
देखी यस्तै विरह दिलको वांसुरी वज्न थाल्यो
हेरी मैलो विरुप भवको आंसुको वालि लाग्यो

●

कविता

वास्तविक कुरो थाहछ के ?

—रूद्र पोखरेल
पि० क्याम्पस

लाए पछि मायाँ मार्न नसक्ने मेरो कमजोरीले
लाइनछन्कि मायाँ ती मायाँलुले
मेरो एकोहोरो माँयाको विवशताले
कुनै एकदिन खाएँछु थप्पड मैले
अनि झस्स झस्किएका मेरा आँखा बल्ल पो खुले !
मायाँ लाउन खोज्ने ए ! मायाँलु हो
मायाँ लाउन सक्ने त्यो मुटु छ के ?
मायाँ लाउन सक्नेले, मायाँ मार्न पनि त सक्नुपर्छ
वास्तविक कुरो थाहा छ के ?

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरजीवनको सदुपयोगिता

कविराज नरअति पोखेल
लक्ष्मी सड़क धरान ४

जीवनको सदुपयोग कर्मण्यतामा अवलम्बित छ। कर्मण्यतानै आरोग्य हो, र यहिनै मनुष्यता पनि हो आफ्नो र देशको विकास पनि यसैमा नै छ। स्वास्थ्य ठीक रहि आयु लामो हुने र सदा उत्साह जागरण पैदा भईरहने पनि कर्मण्यता नाटै हुन्छ। कर्मण्यता कर्मशील हुनु अर्थात् आलस्य रहित भएर बहुमूल्य समयलाई खेर नहालेर बौद्धिक लेखपठ वा शारीरिक परिश्रम जो कुछ गर्दै रहनु अथवा दुवै थरी काम गर्न मन नलाग्दा वा विश्रान्ति लिंदा भगवानको नाम स्मरण गर्नु मुख्यकुरा सदा समयको सदुपयोग गर्नु नै यहाँ कर्मण्यता शब्दले संकेत गरिएको छ। जीवनको सदुपयोग यसैबाट हुन्छ।

वास्तवमा अकर्मण्य (काम नगर्ने अल्छी) बाट कुनैकाम वन्दैनन्। अल्छो एकप्रकार घरको भारै भइरहेको हुन्छ, घरकै मानिस पनि उसलाई मनपराउँदैनन्, उसका कुरै पत्याउँदैनन्। भएका नोकर चाकर र स्वास्नी पनि मालिकलाई हेप्न थाल्दछन्। अनुशासनमा कोही रहदैनन्। उसका घरमा सधैं अशान्ति भई राखेको हुन्छ। मूल मालिकै यस्तो भएपछि सबै आँफैं आंफ बन्दा विचारगरौं घरको स्थिति कस्तो वन्न जाला? आपसमा वाझ्नु जुध्नु र ठीकसंग कामनहुनु भई घरै भाँडिन जान्छ। अल्छी मानिस घरको झैं विस्तारै समाजको पनि हेय पात्र वा कलंक वन्न पुग्दछ यहाँ नेर एउटा यस्तो नीति श्लोक छ। "आलस्यं यदि न भवेज्जगत्यनर्थको न स्यात बहुधनको बहुश्रुतो वा॥ आलस्यादियमवनिः ससागरान्ता विस्तीर्णं नरपशुभिश्च निर्धनश्च"॥ यसको अर्थ :—आलस्य भन्ने अनर्थको चीज यदि यस जगतजा नहुँदो होत कुनचाहि मानिस धेरै धनी र ठूलो विद्वान् नहुँदो हो? यहि आलस्यले नै गर्दा यो समुद्रपर्यन्तको सारा पृथिवी नर पशु (मूर्ख मानिस) र निर्धनीले व्याप्त भएको छ। मतलब आलस्य मानिसको ठूलो शत्रु हो; यो नभए कोहि पनि मानिस मूर्ख (अपठित) र निरूद्योगी गरीब भई मानिसका दैला दैला माग्दै हिड्ने पनि हुने थिएन यो हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः आफ्नो बुद्धि र शारीरिक बलको क्षमता अनुसार जुन काममा प्रेम हुन्छ वा आवश्यक छ त्यो काम गर्नै पर्छ, अझ घरको मालिक हुँ भन्ने त बढो सतर्क भएर काम गर्नु पर्ने हुन्छ। उसलाई त दुई लाभ छन्, आफ्नै बौद्धिक, शारीरिक, आर्थिक विकाश र जहान तह लगाउनु हो। असल काम भविष्यमा शुभ परिणत वाला छ भने रूचि नभए पनि आरम्भ गर्दै जानु पर्छ। यहाँ एउटा नीति श्लोक छ—

"आरम्भेनैव कर्माणि श्रान्तः श्रान्तः पुनः पुन, ।
कर्माण्यारम्भमाणे हि पुरुषं श्रीर्निषेवते" ॥

नगरौं नगरौं लागे वा थकाई लाग्दै रहे पनि कामनरोको आरम्भ-गर्दै जानु पर्छ। किनकि कर्म आरम्भ गद जाने पुरुषलाई लक्ष्मी (ऐश्वर्य) ले सेवा गर्छिन्, श्री प्राप्ति हुन्छ। अतः थालेको असल काम गर्न छोड्न हुँदैन, कुनै दिन सो सफल हुन सक्छ यस श्लोकको आशय यहि हो।

कर्मण्यता लाईनै विशेष महत्व दिंदै इशावास्योपनिषद्मा लेखिएको छ— "कुर्वन्नवेह कर्माणि जिजीविशेत् सतं समाः" यसको मतलब—यस ससारमा मानिषले सयौ वष बाँच्ने इच्छा गनु पछ, तर कसरी ? अनेक कर्महरू गर्दे छँदो मात्र अकमएय भएर होइन। मतलब यो बुझिन्छ कि कर्म नगर्ने अल्छी अकर्मण्य मानिसले एक छिन पनि बाँच्न इच्छा गर्नु हुदैन, कारण काम नगर्दा मानिस रोगी र दरिद्र पनि हुन्छ, त्यस्ता मानिसले धेरै बाँच्न बड़ो दुःखदायक कुरा हुन्छ। यस प्रसङ्गमा चरक (आयुर्वेद ग्रन्थ) मा लेखिएको छ—"नह्यतः पापात्पापीयोऽस्ति यदनुपकरणस्य दीघमायुः" यसको अर्थ—त्यो भन्दा ज्यादा पापी अर्थात् दुःखी काहिं हुँदैन जसको धन अन्न आदि उपकरण केहि नहुंदा पनि त्यस्को लामो आयु हवोस्। तसर्थ पुरुपार्थ गरेर कमसे कम आयु र आफ्नो परिवार पाल्ने क्षमता सबमा हुनु पऱ्यो त्यस्ताले जति बाँचे पनि आपत्ति छैन भन्ने यस वाक्यबाट बुझिन्छ।

कमशील बन्नुलाई नै विशेष प्रेरणा दिने ऐतरेय ब्राह्मण (वेदको भाग) मा लेखिएको हरिश्चन्द्रोपाख्यान भित्रका दुई मन्त्र उद्धृत गरिन्छ "अस्ते भग आसीनस्य उर्ध्वतिष्ठति तिष्ठतः ॥ ये ते निषद्यमानस्य चरातिचरतो भगः" अर्थ—मानिस बस्छ भन्ने त्यसको भाग्य पनि बस्तछ, उठ्यो भने मास्तिर उठ्दछ, (जागा हुन्छ) सुत्छ भने त्यसको भाग्य पनि सुत्तछ, हिंड्छ भने त्यसको भाग्य पनि साथै हिंड्दछ, अर्थात् उद्योगी पुरुषलाई भाग्यले साथ दिन्छ (पछ्याउँछ) भन्ने मतलब हुन्छ। अर्को मन्त्र—"कलिः शयानो भवति सञ्जिहानस्तु द्वापरः ॥ उत्तिष्ठन् त्रेता भवति कृतं सम्पद्यते चरेन् ॥" अर्थ—कोहि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुतिरहन्छ भन्ने त्यसकालागि त्योकाल कलियुग ठह्छ, व्युँभेर बस्छ भने त्यो काल द्वांपर ठहर्छ, जुरुक्क उठ्छ भने त्यसका लागि त्यो काल त्रेता ठहर्छ, बराबर हिंड्रिरहन्छ भने त्यसका लागि त्योकाल सत्ययुग बन्न जान्छ, त्यस्तो कर्मशील व्यक्ति जे पनि सिद्ध गर्न सक्छ भन्ने यो मतलब हो। यो उपदेश हरिश्चन्द्र राजाका छोरा रोहितलाई इन्द्र महाराजले ब्राह्मण रूप गरेर दिएको हो। यसबाट हिड्ने कर्ममात्र अपेक्षित छैन, किन्तु जीवन परिश्रमी बनाउनु पर्छ भन्ने कुरालाई लक्ष गरेको बुझिन्छ। यस प्राचीन इतिहासदाट हिड़नु आदि कसरतलाई कति महत्व दिएको रहेछ भन्ने कुरा बुझिन्छ।

अत: आलस्यलाई शत्रु संझी पासमा आउन नदिई सदा परिश्रमी जीवन बिताउनु पर्दछ। यसो भने आरोग्य राम्रो भै धेरै बाँच्न पनि सकिन्छ। सौखिन जीवन बिताउने हरूको जिउ भद्दा र मोटो हुनु जान्छ। अस्वाभाविक मोटाईले गर्दा शरीरमा ब्लडप्रेसर, डायबिटिज प्यारालाईसिस (यक्षवात) जस्ता भयङ्कर रोगहरूले अकस्मात् आक्रमण गर्ने सम्भावना पनिरहेको हुन्छ। यस्ता मोटा मानिसले बराबर हिड़ने गरे यस्ता मोटोपना घटाउने औषधी नै यो हुनजान्छ। प्रमेह (डायबिटिज) रोग लागे सकेसम्म हिड्नु पर्छ। ''योजनानां शतं गच्छेदधिकं वा निरन्तरम्'' सयौं योजन वा त्यो भन्दा पनि बढ्ता हिड्ने गर्दा त्यो रोगै खतम हुन्छ भनी ''चरक''मा लेखिएको छ।

श्रीमद्भागवतगीतामा पनि जहाँ तहाँ कर्मण्यता कै प्रसंशा गरेको पाइन्छ। ''नहि कश्चित्क्षणमपि जातुतिष्ठत्यकर्म कृत्।'' ''कुरू कर्मैव तस्मात्त्वम्।'' कर्मण्येवाधिकारस्ते।'' ''योगस्थ: कुरू कर्मणि।'' ''यदिह्ययं नवर्तेयं जातु कर्मण्यतन्द्रित: ''ममवर्त्मानुवर्त्ते मनुष्या: पार्थ:'' आदि। यिनका मतलब––कोहि पनि मानिस कुनै पनि कर्म नगरी निष्क्रिय भएर बस्न सक्तैन। त्यसो हुदा तिमो कर्म गर। तिम्रो कर्ममा अधिकार छ। फलमा होइन। योगस्थ भएर पनि तिमो कर्म गर। म यदि निरालस्य भएर कर्ममा नलागेको हुँ भने मेरो बाटो हैर्ने पथभ्रष्ट हुन्थे। मैले पाउने नपाउने कुरा तिनै लोकमा केही छैन। तापनि लोकलाई शिक्षाहोस् कर्ममा प्रवृत्त भै रहुन् भनेर म कर्मशील छु इत्यादि हो।' यहाँ गीतमा कर्म भनेर प्रवृत्ति निवृत्ति जुनै मार्गमा लागे पनि शास्त्रले अनुमोदन गरिएकायावत कर्मलाई लक्ष गरेको जस्तो देखिन्छ। अतएव १८ अध्याय सुनेपछि अर्जुनको मोह नष्ट भयो र आशक्त नभै कर्म गर्नु पर्ने रहेछ भन्ने ज्ञान भएर नै भयङ्कर लडाईंमा प्रवृत्त भये। त्यस्तै अघि जगद्गुरु श्री शंकराचार्य गृहत्यागी दण्ड कमण्डलु लिएर हिड़ने जोगीले पनि भिक्षा नमागी अन्त्यमा परिश्रमी पनि सनातन धर्मको पुनरुद्धार र संस्थापना गरी कर्मण्यताको परिचय दिई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमधाम जानुभयो उहाँको सतकीर्ति आजपनि सनातन धर्मावलम्वी देशहरूमा देदीप्यमान छ। स्वामी श्री विवेकानन्दले पनि भारत वाहिर युरोप र अमेरिकामा समेत अथक परिश्रम साथ आध्यात्म विद्याको प्रचार गरेर कर्मण्यताको उदाहरण वने। यस्ता महापुरुषले यस धर्तिमा जन्मलिई अवर्णनीय काम गरेर गए भन्ने कुरा हाम्रा नयाँ पुराना इतिहासवाट ज्ञात हुन्छ।

तसर्थं हामो पनि पराइको उपकार गरौं। सो हुँन नसकेपनि आफु र आफ्नो परिवार रोग र दारिद्रयको शिकार वन्नु नपरो लामो आयु वांचियोस् भन्ने कामना गर्दै कर्मगर्ने वानी वसालौं यही नै नर जीवनको सदुपयोगिता हो अस्तु॥

●

कविता

राष्ट्रको गौरव

प्रकाशचन्द खनाल
पिण्डेश्वर क्या० धरान–११

खुशी साथ वसेर राज्य जनको गर्थे जनकले यहीं।
फुर्विदै सगिनीहरूसित गई खेलिन् सीताले यहीं।
सीतालाइ विवाह गर्न रघुले भांचे धनुर्वाण यहीं।
जन्मेवुद्ध यही गरे भुवनको उद्धार निःस्वार्थले॥१॥

भृगुटी गई दूर, मातृभूमिको गर्थिन् प्रसंसासधैं।
धर्मालम्बि मुनिहरू बसीबसी गर्थे तपस्या यहीं।
रक्षा दिन्‌दिन गर्दछन् पशुपति भक्तादिको गुप्त भै।
गर्छन् मेचि र कालि सेचन सधैं यै भूमिको गर्भमा॥

यांही जन्मभई विदेशहरूमा योद्धाहरूले पनि।
वीर गोर्खालीपदक् जितेर घरमा फर्की रहेछन् पनि।
राख्यो विश्वरिकड् यहीं सगरको पुगेर टुप्पामहाँ।
तेस्रोरुप वराहले लिनुभयो आएर यै देशमा॥

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'नव शोभा'

श्रीनिवास कट्टेल
प्रमाणपत्र २ पिण्डेश्वर क्याम्पस

सल्लाघारी तिर सुईं सुईं वज्न थाल्यो सुसेली
पाल्‌वाको कुसुम वनमा रम्न थाल्यो जुनेली।
रातो गुल्मीं तरुलतरको लेकमाथि गुलाफ
गूफा डांडा शिखर नजिकै फुल्न थाल्यो गुरांस॥
(१)

पक्षी वोल्यो मधुर लयले झ्याङ्मा मुस्कुराई
डाँफे नाचे मयूर मृगती खेल्न लागे रमाई।
आशा नौलो जगतभरमा संझँदै यो वसन्त
छायो शोभा प्रकृति भरमा हर्षमाला लिएर॥
(२)

वेंसी बारी शिखर हरिया माथि वत्ती वलेछ
यौटा ज्वाला ज्वलित हुनगो दृश्य नौलो रहेछ।
नौलो ज्योती किरण रङ्मा चुल्वुले प्रोति राखि
मेरो माया अटल छ यसै लेक माथि हिमाली॥
(३)

सेता विन्दू टिलपिल गरी भुल्भुले साथसाथ
दिन्छन् मेरै मनभवनमा एकराते सुवास।
आभा त्यस्को समथरजगा माथि आईरहेछ
यात्री यौटा विपुल मनको भाव पोखी रहेछ॥
(४)

आई फारी सरस दुलही वर्ष नौलो बढाई
छाई शोभा उदित वनका कन्दरामा रमाई
वासन्ती छे संगिनी हिमका स्वच्छ सानन्द रम्य
दिन्छे मोती कण छरि छरी संझनामा अगम्य॥
(५)

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा झुप्रोको कथा

—तेजनाथ दाहाल
इलाम जितपुर

एक चोटी मात्र होइन हजारौं चोटी उसलाई यस्ता विवशताले थिचेका छन्, अब त उ एक प्रकार बानीनै परिसकेकोछ पारिवारिक कठिनाइबाट उब्जिएका मानसिक कठिनाईहरूको सहन गर्न। उसको गरीबीनै गरीबीले सजिएको झुप्रो घर आँखा भरि भरि नाचिरहेछ।

१५ दिन पहिले देखि दीन हीन अवस्थामा भोकै भोकै र नांगै नांगै छाडेका बालबच्चा र स्वास्नीको चिच्याहट र विलौना उसका मुटु भरि घन्किरहेछ लगातार। उ घरतिर फर्किन लाई पाइला चाल्छ, त्यही विभत्स गरीबीको अट्टहास चलिरहेको झुप्रोतिर दुई पाइला हिँडेर चट्टरोकिन्छ संझिन थाल्छ—घर पुगेपछि कतिदिन देखिका भोका छोरा छोरीहरूको आशानै आशाले भरिएको मायालु हेराइलाई कसरी सहन गर्न सक्छ। त्यहाँ गए पछि उसबाट आशा गर्नेछन् ती निरीह प्राणीले सात दिन पहिले देखिका भोक र तिर्खा मेटाउने चारोको। निरर्थक छ उसले घर फर्किनु केही बन्दोबस्त बिना। उ आफूलाई एक्लो सम्झन्छ संसारका प्राणी-बाट फगत एकलो। सोच्दछ, उ एकलो अभिसप्त जीवन बिताई रहेछ। आफ्नो अगाडि रहेको ठूलो महलको छाना देखि भुँई सम्म निहाछं अनि झलझली देख्छ, विलासी जीवनमा मस्त भएका त्यस घरमा मान्छेहरूलाई अनि संझन्छ आफ्नो झुप्रो र भोका नांगा छोरा छोरीलाई। अनि तुलना गर्छ त्यो महलका मान्छेलाई र आफूलाई। त्यसैले उ आफूलाई अभिशप्त ठान्छ र संझिन्छ पूर्व जन्मै देखिको अभागी। सांसारिक ऐश आराम सुख भोगहरू उसका सपना भरि नाच्तछन्। तर तिनोहरूको वास्तविकतामा पुग्न मरेर स्वर्ग जानुपर्छ भन्ने उसको हृदयमा छाप परेकोछ, एउटा कहिल्यै नमेटिने गाढा रंगले रंगाएको छाप। एउटा गरी-बीमा जन्म्यो बीभत्स गरीबीमा हुर्कियो र त्यसैमा जिई रहेछ उसलाई पूरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रम छ संसारको उन्नतिमा । संसारका मानिसले भोगेक्रो विलासितामा । मनमनै ठान्छ—यो सम्पूर्ण सांसारिक चहल पहल मान्छेले गरेको, रकेट उडाएको मान्छेले रेलमोटर र हवाइजहाज बनाएको मान्छेले, ठूलाठूला महलै महलको सुरम्य नगरीहरूको स्थापना गरेको मान्छेले । अचानक संझन पुग्छ कताकता सपनाबाट ब्यूँझेको अनुभव गर्छ—होइन होइन यो सबै कुरा मान्छेले गरेको कसरी ? यो त एउटा कोरा सपनामात्र, अझ संझदै जान्छ "म पनि त एउटा मान्छेनै हुँ" । उसलाई याद आउछ केही दिन अगाडि क्याप्टन साहबको लफंगे छाराले भनेको कुरा "बीरे ! जीवनमा के थोक गरिएन हवाइजहाज चढेर उडिएन कि कस्ता कस्ता पार्टीमा गइएनकि थाहा छ तँलाई पार्टीमा के के हुन्छ, कुखुरा मारेर सिगा सिगै तेलमा डुबाएर खन्याएको हुन्छ, बीरे त्यस्तो तंले देखिस मात्र भने ? मूर्छा पर्छस । अझ सम्झदै जान्छ क्याप्टन साहबको छोरोले भनेको "छाडदे बीरे तैले कसरी पाउँछस् त्यस्ता चैन गर्न नत तँ पल्टनमा गएर ठूलो मान पाउन सकिस् न धन कमाएर धनी बनिस् खोइ त्यस्तै हालत र त्यही फुत्रोमा बसेर त त्यत्तिकै हो नामर्द....।

उ आफूलाई नामर्द ठान्छ हीनताभासले उठ्न नसक्ने गरो थिचिएको नामर्द । तर यत्तिले मात्र चित्तबुभ्दैन उसको मस्तिष्क खल्बलिन थाल्छ "म किन नामद । उसलाई अचानक एउटा कुरा सुभ्दछु ।" हो ? म जस्ता खानै नपाउने सुखसयलबाट वंचित सबै गरीबहरू नामर्द । हो यिनीहरूको भनाइमा ब्यर्थ हो । उसको हृदयै देखि उकुस मुकुसिएको श्वास प्रश्वास बज्न थाल्छ । झट्टै संझन्छ उसले विगत जीवन देखि अहिले सम्म के सुख र चैन गऱ्यो ! याद आउछ उसलाई आफू केटा केटी छँदा बसेको घरमा मालिक कि छोरीको बिहेमा उसले भोज खाएको थियो एक चोटी, अरू संझन प्रयास गर्छ तर त्यहाँ देखि यता कहिल्यै पनि उसले त्यस्तो भोज भेटेको छैन सिर्फ जीवनमा एकचोटी, त्यो संझदा अहिले पनि उसको जिब्रो रसाएर आउँछ । मनमनमा दिक्क मान्दै भन्छ 'किन नि भुक्किएर म जस्ता अभागीले पनि केटी भेटेछु र बिहा भएछ नत्र आफ्नो पेट जता गएर पनि पालिन्थ्यो चैन संगके थियो र" त्यस्तै बेला झल्याँस्स हुन्छ उ त सात दिन पहिले देखि स्वास्नी छोराछोरीलाई खानेकुरा जुटाउन हिँडेकोछ कतै पनि काम नपाएर त्यस्तै भौंतारिएको उसलाई एउटा विवशताले डोऱ्याएकोछ नत एक कदम कतै पाइला चाल्न समर्थ छ न केही गर्न सक्ने क्षमता छ । अतीतदेखिका दुःखमय घडिलाई फेरि एकपटक स्मृतिपटलमा अंकित गर्छ । अनिकाल टार्न साहुको घरदेखि एकमुठो धान ल्याएको पनि तिर्न न सकेर ५ वर्षपछि सानो खलो भातखाने खेत पनि गयो । आज मेरो यस्तो दशा हरे ।" अनि आदर छ उसलाई साहु प्रति अझै पनि "त्यस्तो साहु त कहिं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि पाइन्न पाँचवर्ष सम्म त तिर्ने अवधि दिएकै त थियो नि तिरिन मेरो गल्तो हो, उसले आफ्नो धन न उठाएर कसरी छोडथ्यो त, म साहु भएको थिए भने पनि त्यसै गर्थे । म नै अभागी हुँ मलाइनै नफावेको हो नत्र किन अँधिया पाल्न-को लागी ल्याएको बाखोलाई पनि सापले टोकेर माथ्यौं त त्यस्तो नभएको थियो भने बुढियाको नाकको बुलाकी त जाने थिएन भाग्यमानी भए म पनि त धनी हुन्थे ।" फुट्टं फुट्टा कुराको छाप परेकोछ उसको अन्तरालमा, ३ वर्ष पहिले इलाज गर्न न सक्ता बाबु आमा पनि १५ दिनको अगिपछि भएर मरे अकालमा त्यसमा उसले भाग्यलाई दोषी ठान्यो । पोहोर साल काखकी छोरी मरी दादुराको इलाज गर्न न सकेर त्यहाँ पनि उसले भाग्यलाई नै धिक्कार्‍यो । मानौं उसको शारीरिक बनावट नै अभाग्यै अभाग्यका खवटाको छ ।

लाग्छ उसलाई जोगी भएर हिंडौ फेरि सम्झन्छ छोराछोरी, माया लाग्छ । न घर फर्कौं न अन्त जाऔं यही छन्दले उसलाई पिरोल्छ । उसलाई लाग्छ "काहिला साहुकोमा गएर अलिकवार खाने ऋण लिंई वनिबुता गरेरति रोंला" । संझन्छ अतीतका घटनाहरू खुट्टा लर्वरिन्छन्, पुनः उसका हृदयमा मूर्तरूप लिन्छ उसको झुपो घरले—वरिपरि बाँसको टाटीले बारेको ध्वांग ध्वागती भित्रवाट स्पष्ट संग वाहिर देखिन्छ खरको छानो पानीपरेको वेला चुहेर जम्मै भित्रैतिर छिछं । वरिपरि फोहोरै फोहर छोराछोरीहरूको विलौनै विलौना । शरीरभरि चिथरा लगाएका छोराछोरीले गाँउका साथीभैं कापी किताब बोकेर स्कूल जान न पाएको सिकायत दिन दिनै हुने यस्तै दुर्दशा देखिन्छ । उसको झुप्रोका । निराश भएर घर तिर फर्कन्छ सात दिन पहिले देखि खानेकुराको खोजीमा हिंडेको ऊ रित्तै हात लिएर एउटा अपराधी भैं चोर भैं । छोरा छोरी को अगाडि निराशै निराशले भरिएको मुख देखाउन डर लाग्छ उसलाई । डर जस्तो तर डर होइन, लाज जस्तो तर लाज पनि होइन कस्तो कस्तो निराशा-जनक संकोच, अष्ठ्यारो ठप्प रोकिन्छ वाटोको बीचमा ।

दुइजना मानिसले नजिकको चौतारोमा वसेर गरेमो कुराकानीमा ऊ कान थाप्छ "यिनै साहुमहाजन हरू त र छन् त हामीलाई खोक्रयाउने, दश रूपिया दिए दुइवर्ष पछि सए रूपिया बनाएर लिए, पच्चिसा भन्दै अन्न दिए डल्याएर लिए हामीलाई थाहा हुँदैन भित्रभित्रै जुकाले भैं खुन चुस्छन् हामीले थाहै नपाई एक्कासी दुख्दैन पनि खुन सकिएको अनि थाहा हुँदैन एकाएक खोक्रिई सकेपछि मात्र थाहा हुन्छ अनि"..........। यसरी तिनीहरूको कुरा अझ सुन्दै जान्छ "अब हामी कहिले सम्म थाहा नपाई रहन्थ्यौं तर भलो भएछ हामीले आफ्नो छोरा दुःख गरेर पढाएको उसले त्यसरी राम्रो संग संझाई संझाई न भनेको भए हामी कहिले सम्म भूलभुलैयामा रहने थियौं अब के हामी पनि चुप लागेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षौंला त ? यी जुकाहरूको मुख टाल्ले कोशिश न गरो कुरा थाहा पाई सके पछि पनि ।

यो सुनिसकेपछि एक्कासी सपनाबाट व्यूँझे जस्तो हुन्छ । ऊ विस्तारो टाउको हल्लाउदै कुनै ठूलो कुराको रहस्योद्घाटन भए जस्तो गरी दीर्घ स्वरले भन्छ—"ए·········त्यसो पो रैछ मैले भलो सम्झेको साहुत ल ल·······।"

"अँ·· ····अँ···· मेरो बिखैं पनि सात वर्षको पुग्यो अब आफ्नो ज्यान मट्टीमा मिलाएर भए पनि त्यसलाइ स्कुल········। "हुँ·······अब चुप लागेर यिनीहरूको मुठीको माखो बनेर त आफूलाई········।" "अँ के त्यो तुले पनि म जस्तै त हो झन्, हर्के घने, घलिन्द्रे त म भन्दा पनि नाजुक । के यिनीहरूलाई थाहा छ ? आफू खोक्रिएको कथा ? छैन छैन विचराहरूलाई, अब हामीले पनि बाँच्नका लागि यहाँ केही गर्नु पर्ने रहेछ" । उसको गति तेज देखिन्छ धर्म उ आफ्नो झुप्रोतिर लम्कि रहेछ हंसिलो मुहड़ा लगाएर आत्म बलका साथ ।

●

कविता

गहना

—बालकृष्ण पोखरेल
विराटनगर

यी तेरा गहना त सखे सुन्
क्यै चीज पर्खी रुनुका चिनु हुन्
श्रृङ्गार सबै नै विप्रलम्भ रे
चांदी भन् कि तँ चाहे सुन भन्
हेरुन् अरूले भन्दै घाँटी
तान्दै नाच्ने रमणीले झैं
तेरा विरही गहनाले पनि
आश आशमै मास यी फुर्छन् ।

("आस्था, अनास्था-आस्था" बा०)

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालयको गीत

—किशोर कुमार नेउपाने
पिण्डेश्वर क्याम्पस

श्री सूर्यले पाद चाल्ने सबभन्दा पैले
सुशोभित चन्द्रमाले झलमल कैले
नेपालको अस्तित्व र चाह बढाउने
सप्तरंगी आकाशमा हाँसो खुलाउने।

अचम्मको शान्तिछयो हिमालको ठूलो
पारावार गंगाजीको जन्मदाता शूरो
साना-साना नदी नाला गिरी कुञ्जबाट
वहाउने नेपालमा एकान्तको हाट

आठपहरिया वरी परी सुरक्षाका लागि
वसेका छन् गिरी कुञ्ज, सुशोभित गरी
पालुवाले वसन्तमा नौलो शोभा लिन्छ
पवित्र यो नेपालले शान्ति सदा दिन्छ।

कोइली र डाँफे मुनाल् गाना सदा गाउँछन्
गुराँस र सयपत्री फूलहरू नाच्छन्
लेकमहाँ चरीहिड्ने चौंरी पुच्छरले,
हांसेको यो आज हिमाल वढ्दो प्रगतिले

नेपालको इज्जत र कीर्ति सदा राख्ने
राजा-प्रजा आपसमा माया प्रीति गाँस्ने
प्राणीहरू वियोगमा शरण् पर्न जाने
अन्यायको सातो-पुत्लो त्यसै उडाई लाने

सर-सर प्रगतिको वायु बगाउने
धरतीका फोर मैला सदा हटाउने
धप-धप सारा जगत्लाई वनाउने
धन्यहाम्रो पर्वतयो जागा गराउने

भ्रमरा र माहुरीले गुञ्जिएको गिरी
शीत थोप्ला शीत्तलले प्यारगर्ने गिरी
सबैथोक परिपूर्ण हिमाल यो सधैं
झल्किरहोस् मुट्ठ हाम्रो देश सिगारदै।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तिउन सेलाइसकेको रहेछ"

—कविराज खनाल
पिण्डेश्वर क्याम्पस, धरान ।

"ढाँट । बल्ल थाहा पाएँ 'फलानु पार्टी'मा गएको थिएँ भन्दै दिनैपिच्छे घर ढिलो आउनाको कारण । भन्नु नि उहीं गएको थिएँ भनेर, मैले बीचमा तगारो हाल्छु भनेर होला छुट्टै बसीदिउँला नि तिमीहरूबाट ।" घरभित्र पस्नै पाएको थिइँन ढोकैबाट श्रीमतीको भाषण शुरू भयो ।" नकराउ है ज्यादा जान्ने भएर, जान्नु न तान्नुको विषयमा के को यो जहिले पनि कच्कच् है ? झन् पति देव भोकैपो हुनुहुन्छ कि भनेर सोध-पुछ गर्नु त कहाँ हो कहाँ ढोकैमा यस्तो गाली ?" म पनि झर्किएँ अनभिज्ञ विषयमा लगाएको आकस्मिक लाञ्छनाबाट बच्न । सोच्न लागें—साँच्चै यी आईमाईहरूके सारो मात्तिएका हुँ ? झन यो 'अन्तर्राष्ट्रिय नारी वर्ष' मनाए पछि त राजाको राँगो फुक्यो भने भैं भएका छन् । कहीं 'पुरुष वर्ष'त········

"जान्नु न तान्नुको विषय रे, चोरले चोरें भन्छ ? कतिसम्म बुझ पचाउन सकेको । नानीको बाबु भैं सक्ता पनि दुनिया भरका पातर्नीहरूसंग अल्लारिन लाज लाग्दैन ? अझ मेरै नाउँ भएकीलाई पो छान्नु भएछ छान्न पनि । साँच्चै भन्छु अलगै बस्ने कुरा होइन ढोकामा लाठो लिएर बस्छु बुझ्नुभो ?"

आश्चर्य लाग्यो यो असत्य कुराको बीजारोपण कसरी भयो ? 'पातर्नी संग अल्लारिएँ' रे, छिः । बिहे नगर्दै न 'पानी मुनिको श्रोभानो' थिएँ भने विहे गरे पछि त गर्दै नगरेका यी कुकर्महरू । 'केटी संग लाग्यो' कसैले असत्य पोलल-गाई डुबी साध्न खोजे जस्तो छ, यिनै छिमेकीहरूको काम होला, गजबका छन् ई छिमेकीहरू पनि, अर्काको डाह गर्न कति सकेको ?

"साँच्चै भन वासले सुनायो तिमीलाई यी सबकुरा ?" छक्क परें उनको आँखामा त आँसु आइसकेछ, अलि परतिर २ बर्षको छोरो उभिई रहेको रहेछ, त्यसैलाई समात्तै भनें—"यसैलाई छोएर "किरिया" खान सक्छु यस्ता कुकर्म-हरू गरेको छुइँ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरालाई आफुतिर तान्दै, सारीको एक छेउले आँशु पुछ्दै भन्न थालिन्— "आकाश-पातालका तारा जोडेर पुगेन अब छोरालाई समातेर "किरिया" खानु पऱ्यो ? छोड्नोस् मेरा छोरालाई ।"

अब भने मलाई पनि साँच्चै रीस उठ्यो—आफ्नो छोरालाई पनि छुन नपाउनु ? आफ्नो पुरुषत्व देखाउदै मैले भनें—"कसले सुनायो यी सब नचाहिंदा कुराहरू ? कि देखेको छ कसैले ? साँचो भन नत्र...."

"अँ...., थाहा नै पो नपाउने, त्यो चिट्ठी नभेट्टाएको भएत ?"

"चिट्ठी ? कसको रहेछ हँ ?"

"आफ्नो अरू कसको हुन्थ्यो ?" भन्दै एक चिट्ठी मतिर हुऱ्याइन, चिट्ठी खोलेर हेरें—

०३०-१-५

हृदयेश्वर !

.... ।

जिन्दगीको अन्धकारमय गर्भभित्र तपाइंको चिर प्रतीक्षा गर्दा गर्दा अब त आतेस लाग्न थालिसक्यो, कहीं तपाइं मबाट त टाढ़ा हुँदै हुनुहुन्न ? आफैं नआएर अर्कालाई किन पठाएका ती रू हरू । मलाई त फगत तपाइं चाहिन्छ तपाइं । इच्छा भए सधैंको ठाउँमा भोली दिउँसो ४½ बजे भेटी, प्रतीक्षा गर्नेछु अन्न अरू कुरा भेटमा,

सदा तपाइंकै
"माया"

हाँस उठ्यो श्रीमतीको व्यवहारदेखि पत्रको मिति हेऱ्यो ?"

"हेरिन, मिति संग के मतलव ? चिट्ठी तपाइंको होइन भन्नुस् त ?"

'हो"

स्वीकार गर्दै उनलाई पनि रामरी सम्झाउने हेतुले पत्र देखाएर भनें— "यो मिति हेर अनि तिम्रा अक्षर अक्षर जांच आजभन्दा २ बर्ष पहिले अर्थात हाम्रो बिहे हुने साल तिमीले नै मलाई लेखेको पत्र हो कि होइन यो ?"

"ए...."

मेरो स्वच्छ सफाईले पत्यार लागेछ क्या रे, उनले पनि हाँस्तै भनिन् "छि, वाइयाती शङ्काहरूले खाना मात्रै सेलायो क्या रे ।"

हाँस्दै हामी भान्सातिर लाग्यौं, खान थाले पछि मात्रै थाहा पाएँ, खाना तातै भए पनि तिउनत........ ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उषा

—बद्री विशाल भट्टराई
प्रमाणपत्र पिण्डेश्वर क्याम्पस

सुनौलो आभाली दिनकर उदाए धरणिमा
उठी रात्री भागिन् रविकिरण देख्ता अवनिमा
नयां मीठा मीठा कलरव लिई पक्षि गणले
प्रभाती शोभाको स्तुति शुरूगरे शुद्ध मनले ॥१॥

सबै आफ्ना आफ्ना तरुविच हुने कुड्मल-हरू
फुली फक्री वास्ना मधुरस लिई अञ्जलिहरू
लिई थाले स्वागत् गरूँ भनि प्रभाती-किरणको
लिई आयो हावा पनि नजिक वास्ना कमलको ॥२॥

तुषारोमा टल्की रविकिरण ज्योत्स्नामय भयो
कुखुरीले कां कां गरि ध्वनि फिजाई उठभन्यो
परेवाले घुर् घुर् रबहरू फिजाई घरमँहा
जगन् नौलो आशा पिइकन उड्यो पूर्वनभमा

लिई पानी गाग्री भरि-भरि सबै ग्राम्य युवती
प्रभाती देवीको शुभगमनमा पात्र-करली
टिपी गुच्छा धेरै कुसुमहरूका, मीष्ट स्वरलें
झुकी गर्छन् पूजा अमृतपद भज्ने वचनले ॥३॥

यही नैं बेला हो सरसकविता सागर सरि
फुटी वग्ने धेरै मृदुल गतिले कलकल गरी
सुशोभा फैलाइ जड मगजमा ज्ञान भरने
कुबुद्धिका सारा कण-कणहरू ध्वस्त गरने ॥५॥

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहको लागि नाटक

—दीपक खनाल
घरान

सुरज कोठामा ओहोर, दोहोर गरि रहेका थिए । एउटा अनौठो छटपटी लिएर ! किनकि उनको बाबुले उनलाई विवाह गरिदिने अरे । तर सूरज अहिले विवाह गर्न चाहदैनथे । उनको विचार थियो कि एम० ए० पास गरेर मात्र विवाह गर्ने । तर एक्कासी हिजो उनको बुवाले उनको विवाहको कुरा छिनि सकेका रहेछन् । तर सूरजलाई यो कुरा थाहा थिएन । उनले आफ्नी वैनि सुशीला द्वारा मात्र थाहा पाएका थिए । यसैले उनि छटपटाई रहेका थिए । रातको साढ़े नौ बजिरकेको छ, अहिले ! तर पनि सूरजको आँखामा निन्द्रा थिएन ! किन हो उनलाई कस्तो कस्तो खल्लो लागिरहेको थियो । "ढ्याक् ! ढ्याक् !! ढ्याक् !!! एक्कासी ढोकाको त्यस ढ्याक ! ढ्याकले सूरज झस्कीए । बिस्तारै गएर ढोका खोली दिए । उनको अगाडी एउटी युवती देखा परिन् । उन्को त्यो रूप देखेर मख्ख परी हेरेको हेर्‍यै भए । उन्को त्यो हेराइले ती युवतीको अङ्ग जिरिङ्ग भयो । उन्ले आफुलाई सम्हाल्न कोसीस गरीन् उनको मुखबाट सुरीलो मधुर वाणी निस्कियो "तपाँई" "सूरज पोखरेल" हुनुहुन्छ ? "यो आवाजले सूरज झस्किन्छ !" अनि आफुलाई संयत गर्दै भने—"हो ! म "सूरज पोखरेल ।" "तपाँई यहाँ यति राती किन आउनु भयो ? केहि आवस्यक काम थियो कि ? अनि तपाँई कोहो ? उनले एक्कै चोटी प्रश्नको झडी लगाई दिए "हो ! म अति आवस्यक कामले, आएकी हुँ । मेरो तपाईसंग काम छ ! र, म, याने, मेरो नाम—"चन्दा घिमिरे हो । "चन्दाले सबै प्रश्नको उचित उत्तर दिइन ।" सूरजलाई उनको निर्भीकता देखी सारै आश्चर्य लाग्यो उनले, चन्दालाई भित्रै जाँउ र कुरा गरौं" भनि कोठामा लागि त्यहिको सानो कुर्सी देखाई "बस्नुस" भन्दै आफु पनि कुर्सी तानी बसे । "लु" अब भन्नुस म संग तँपाईको के काम छ ।" यति भनि सुरजले मौन धारण गरे !—"म एउटा कुरा सोध्छु तपाई नढांटी भन्नुस है ?

"चन्दाले भनिन !—"हुन्छ" ! यस्मा ढाट्ने कुरा के आउछ र !" सूरजले नम्रतापूर्वक जवाफ दिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तपाँई उपन्यासकार पनि हुनुहुन्छ । हैन ?

हो—म, केहि उपन्यास, पनि लेख्छु । "किन तपाईंलाई कुनै, शंका, छ यसमा ? अँ शंका थियो अब छैंन । अँ मैले तपाईं संग गर्ने कुरा, आवस्यक कुरा, सुन्नुहोस अब यो मेरो आफ्नै घरायसी कुरा हो । मेरै विषय को म चाहन्छु कि तपाईं यो कुरालाई कहानीको रूप दिएर छापी दिनोस ।

"तपाईंको कुरा के हो त्यो भन्नुस पहिले ।" यत्तिकै कुरा गरी रहेको वेला —सूरजको टेबुल घडीको आलर्म—घनघनायो सुरज झसङ्ग भए, र चन्दा पनि ।" किन भने विहानको वाजा वजी सकेछ ।

ए "विहान भै सकेछ ! अच्छा, भोली भनुँला हैं । अब जानु पर्‍यो—भन्दै चन्दा हिडिन् । सूरज चाँहि वेहाल भए । उनी चन्दा संग अझै वसेर रात भरी कुरा गरिरहने विचारमा थिए । यस्मा नजाने उन्लाई धेरै मजा आएको थियो । उनले चन्दालाई आँखावाट ओझल नहुञ्जेल सम्म हेरी रहें ।

× × ×

यस्तै प्रकारले चन्दा आउदै गइन, उनोहरू गफमा मस्त हुन्थे । चन्दा चाहिं "त्यो कुरा" जब भन्न लागेकी हुन्यिन कि यस्तैमा विहान भै हाल्थ्यो । यस्तै क्रम धेरै दिन सम्म चलिरह्यो । खालि राती मात्र आउँथिन् चन्दा । सूरज पनि कोहि नभएको वेला रानि चन्दा संग धेरै कुरा गर्दथे । यसरी भेट गर्दा गर्दै, कुरा गर्दा गर्दै ति दुईको आपसमा प्रेम भई हाल्यो । राती "चन्दा कहिले आउँछिन्" भनि सूरज ढोकावाट हेरीरहन्थे, र जव चन्दा आउँथिन् तव सूरज र चन्दा प्रेमा मग्न हुन्थे । यस्तै रित—चल्दै गयो—दुवैमा अगाध प्रेम भयो । चन्दाले "आफ्नु कुरा" भन्नै पाइनन् ।

यसै गरी एक दिन चन्दा फेरि आइन्, सूरज र चन्दाले आ-आफ्नो प्रेम प्रदर्शन गरे आफु आफुमा ! मग्न भए । उनीहरूलाई कसैको पर्वाह थिएन । सूरजले भने—"चन्दा ! हामी दुवै यसरी राति राति मात्रै भेट गर्छौं" । यो मलाई असह्य हुन्छ । तिमीलाई दिनमा देख्न व्याकुल हुन्छु ।" कसरी हामीले सधैं लुकेर मात्र सकिन्छ ।" वरू हामी दुवै, विवाहको वन्धनमा वाँधिई यस राति रातिको भेटवाट छुटौं । "कसो चन्दा, तिम्रो यसमा के विचार छ ।"

"मेरो के विचार र ।" मता तिमी जसो भन्छौ उसै गर्छु । यति चन्दा वढो रहस्यमय ढङ्गले मुस्काईन । यो मुस्कुराहटमा कुनै गुप्त कुरा लुकेको छ भन्ने प्रष्ट थाहा पाईन्थ्यो । तर सुरज त चन्दाको प्रेम पाएर मग्न थिए । उनले फेरि भने—"उसो भए म बुवा संग विवाहको कुरा गर्छु तर''''।" "के तर"'''? सूरज, भनन ? "चन्दाले उत्सुक भई सोधिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तर मेरो बुवाले इन्कार गर्नु भयो भनेनि त ।

"मलाई विश्वास छ, कि तिम्रो बुवा ईन्कार गर्नु हुन्न । यति भनी चन्दा फेरि रहस्यमय मुस्कानमा हाँसिन् ।

× × ×

"हुन्छ त म विवाहको कुरा गरिदिन्छु ।" यति भनी सूरजको बुवा पनि चन्दाले मुस्कुराए झैं मुस्काए सूरज खुसी भए, किनकि चन्दासंग विहे गरिदिने भए गर्छु नत्र गर्दिन भनी बुवालाई भन्ने वित्तिकै "हुन्छ" भनेकोमा ।"
'लत म जान्छु', विवाहको कुरो पक्का गर्न भनी सूरजको बुवा त्यहाँबाट हिंडे । सुरज खुसीले गद्‌गद् भए । अहिले यहाँ चन्दा भएकी भए उनलाई सूरज एस खुसोमा·······। यस्तै सोचाई मा वसिरहेको वेला उनका वुवा आई उनलाई खुशी खवर सुनाए । सुरज, तिम्रो र चन्दाको विवाह पर्सि सोमवारका दिन हुने पक्का भयो" । "यो स्वीकृतिले सूरजलाई कता कता आफुले ठूलो चाहना गरेको फल पाए जस्तो लाग्यो ।

× × ×

सुरजको र चन्दाको विवाह सकियो अव वेउली निकाल्ने (अन्भाउने) वेला भयो । सुरज अधीर भई पर्खिरदेका थिए । आफ्नो प्रेमिका लाई, पत्नी लाई !

वेहुली निकालिईन्, उनलाई गाडीमा चढाईयो । गाडी हिड्यो ! सुरजको कानमा वेहुलीको घरवाट रोएको आवाज सुनियो । वेहुली पनि सुक्क सुक्क गर्दै थिईन । सूरजले वेहुलीको टाउको मा हात राखी सान्त्वना दिए !

वेलुका कोठामा पसी सूरजले ढोका लाए । दुवै त्यही सजाईएको पलंगमा बसे । सुरजले चन्दाको घुम्टो खोली वोलाए । चन्दा ! चन्दाले पुलुक्क सूरजको मुखमा हेरिन र मुस्काईन् । यो मुस्कान पनि अघि सूरजको बुवाले मुस्काए जस्तैयसमा पनि विजयी भाव थियो ।

"अव तिमी" त्यो "आफ्नों, कुरा" "मलाई छाप्न दिने, भन्ने सवै भन ! आज म सवै कान ठाडा पारेर सुन्छु ।" वुझ्यौ ?

"कुन कुरा ? चन्दाले नजाने जस्तो गरी सोधिन्" अस्तिको नै कुरा! वयात ?

ए ! त्यो त एउटा नाटकको माध्यम मात्र हो यो नाटक गर्न तिम्रो वुवाले मलाई नै लाउनु भयो । जस्मा म, फष्ट भएँ । तिमी सेकेण्ड । अव म मन्छु सुन :—यो नाटक गर्नुको कारण । "जव तिम्रो वुवाले तिम्रो विवाहको कुरा गर्दा तिमीले" म विवाह गर्दिन भन्यो । "तव तिम्रो वुवाले यो नाटकको प्लान

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाउनु भयो ! यसमा मैले पनि भाग लिए र नाटक त्यहिं देखी सुरू हुन्छ ! अब म राती राती रात्री भएर तिमीलाई भुलाएर कुरा गर्न थाले ! अरू कुरा गरौं केहि थिएन ! त्यसैले, मैले, आवस्यक कुरा छ, भनि मैले त्यसमा तिमीलाई भुलाई अरूले कुरा गरि विद्वान पारी दिन्थे ! किनकी तिमी म संग प्रेम गर भनेर। आखीर मा तिमी साच्ची प्रेम गर्न थाल्यौ। अस्ति विवाह पनि भयो। अब सुन तिमी, कि म उहि केटी हुँ जुन तिम्रों र मेरो विवाह तिम्रो वुवाले छिनिसक्नु भएको थियो, अनि तिमोले, म विवाह गर्दिन भनेको थियो वुझ्यौ, र म संग विवाह गराउनको लागि तिम्रो वुवाले यो नाटकको प्लान वनाउनु भएको थियो ! जसको प्रमुख पात्र म थिए।

सुरज ! भयङ्कर संग जिल्लिए। उनले आँखा गाडेर चन्दालाई हेरेको हेर्‍यै भए। चन्दा ले ठूलो अट्टाहास गरेन्।

●

कविता

पीपल

—लक्ष्मण शास्त्री
अध्यक्ष नेपाली विभाग
महेन्द्र मोरङ्ग आ० व० क्याम्पस
विराटनगर

ए पिप्पल् ? तिसीछौ महत्तम अरे औतार हौ विष्णुका,
सारा विश्वत के त्रिलोक बढने घट्ने छहारी मुनी;
तिम्रो रूप बिराट भै रूख अरे यी वेदले गाउँछन्
भन्दै नेति कि नेति मर्मनबुझी अस्तित्वको शक्तिको ॥१॥
तिम्राछन्ति जरा अतीव बलिया धर्मानुबद्धा दह्रा।
फेदैछन् श्रुति औ पुराणहरूछन् ठोसातिहांगा तिंगा ॥
फुलेछन् ऋतु मोक्षका फल दिने रे ! ब्रह्मका अङ्ग भै।
विद्यार्थी जनमा तथा सुजनमा छाया दिने धीर भै ॥२॥

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मेरो देश"

—जीवनाथ नेपाल
पिण्टेश्वर क्याम्पस धरान

(१)

हिमालका डांडापाखा रवि मुस्कुराउँछ।
वसन्तमा कोयलीले मीठो गीत गाउँछ।।
प्रत्येक पाखा कन्दरामा गुराँशको फूल।
मेरो देशमा फुटि रहोस् विकासको मूल।।

(२)

शैल पाखा मैदानमा उन्नतोको पथ।
उत्थान होस् यो राष्ट्रको सदा एकै साथ।।
हिम्मत्लिई कार्य गर्ने नेपाली हुन् मुख्य।
दिलो ज्यान सदा दिन्छन् राष्ट्र सुधारमा।।

(३)

जनक जस्ता राजा भए ज्ञानी बुद्ध जी को।
सीता सति भृकुटीको जन्मस्थल यहि हो।।
यहाँ हरेक पत्थरमा हिरा गडोएको छ।
वृक्ष लता वन पाखा, बुटी छरेको छ।।
प्रत्येक झरना नदी भित्र, अमृतभरिएको छ।
संस्सारको फूलवारी कस्ले ताक्न सक्छ।।

(४)

नेपाल यो वीर भए पृथीवि को देश।
मैची काली उन्नतिमा कदम चाल्नु पर्छ।।
मेरो देश संघ मलाई स्वर्ग जस्तो लाग्छ।
यौटे ध्यान, लिई बढे यो देश् चांडै जाग्छ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालोचना—

"प्रेम पिण्ड"
एक अवलोकन

टीका प्रसाद शर्मा, धरान।

२००३ सालमा प्रकाशमा आएको कविवर बालकृष्ण समको नाटक 'प्रेम पिण्ड' मैले देखेका ठूला नाटकहरू भित्र अन्यतम ठहर्छ। तीन खण्डमा विभक्त यो, नेपाली साहित्यमा महाकाव्यको रूपमा, ३२ सर्ग र वृहदाकारले मात्र हैन निर्माणको लामो परिधिले पनि ख्याति प्राप्त उहाँ कै 'चिसो चुल्हो' का हारमा आउनलायक छ। यसलाई महानाटक भन्नुपर्ला नेपालीमा। नाटकको विषय त्यस वेलाको राणाशाहीमय नेपाल (काठमाण्डौं) को प्रस्तुतीकरण छ जस्तो छ, उसो त नाटकको नाम 'प्रेम पिण्ड' ले मूल तथ्यलाई स्पष्टै भनि सकेको छ। यसमा, मैले हेरेका उहाँकै अरू नाटकमा भन्दा यस नाटकमा त्यस बेलाको काठमाण्डौं ज्यादै सजीव भएको पाएँ। नाटकीय विधानमा पनि केही भिन्न नवीनता यसमा अपनाइएको छ। प्रत्यक्षत्व को टडकारो दृश्य उपस्थित गराउन यहाँका प्रवेशक ज्यादै लामो रूपलिन पुगेका छन् र पनि नाटककारको मनको धोको पुग्यो होला भन्न सकिन्न। आकाशीय दृश्य मञ्चमा उतार्न कोशिश गरिएको छ। मेरो दिल भन्छ—यो चानचुने नाटकै हैन। आजको एक्काइसौं शताब्दीमा राणाशाहीको (०७ साल भन्दा अघिको) यो दृश्य वस्तुतः नाटकलाई हैन सिनेमालाई अधिक सुहाँउदो भएको होला, त्यसले नै नाटककारको भीम—मधुर-कल्पना—परिश्रम सफल होला, साकार बनी उत्रला। हिमाली दृश्य, पहाड़ी चुचुरा, अनकण्टार-जंगल, अजङ्ग अवकर भीर, पहाडी खोंच, पहाड़ी झरना, जलप्रपातका मनोमोहक भौगोलिक परिवेश सम्बन्धी नाटककारका अनेकन शिल्पतरङ्गहरू, अन्यथा नाटकीय रंग मञ्चमा न भित्रिएर अधूरैरहलान्। नाटकको रूपमा यसको मञ्चन सजिलो अवश्य छैन। पढेर पाइने आस्वाद लिन सकिन्छ। जे होस् खास गरेर तात्कालिक काठमाण्डौं धनी परिवारको र दृश्यका रूपमा केही बाहिरको पनि टडकारो प्रतिविम्ब यसमा झल्केको छ। नाटककारको काल र त्यो परिस्थितिको त्रिवेणीमा अवगाहन गरी अझ शुवल अतः प्रसंशनीय बन्न गएको छ। यहांका पात्रहरू ज्यादै सजीव छन्। आफ्ना पात्र प्रति नाटककारको सूक्ष्म दर्शन अरू नाटकहरूमा पनि ख्याति प्राप्त नभएको हैन तर यहाँ को सशक्तता, पात्रहरूको, अन्यत्र दुर्लभ छ भन्नुपर्छ। त्यस्तै अर्को कुरा यसनाटकमा उहांका दार्शनिक तरंग पनि वहुमतमा पर्न गएका छैनन्। छो प्रेम-दर्शनको, त्यो पनि उत्तर खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को पछिल्लो पक्षमा, भने उहाँले भरपूर व्याख्या गर्नु भएको छ, प्रद्युम्न पण्डित ज्यादै प्रखरछन् । तर यो त यस कै व्याख्या गर्ने जस्तो भएकोले त्यत्ति दिक्या उने खालको लाग्दैन । ठाउँ ठाउँका लामा सम्वाद—परिच्छेदले भने गद्य—काव्यको रूप लेलान् जस्तो अवश्य लाग्छ ।

कथा साधारणतया छोटो— सानो छ । काठमाण्डौमा धनकुवेर 'ऐडविल' को घर—दरवारमा सन्तवीर क्षेत्रीले आफ्नी टुहुरी, सानी वहिनी सविता सदरिया बनोस् भनी साठी रुपियाँमा हुलिदिन्छ जहाँ, कालचक्रले अदना, वनेकी त्यो स्वतन्त्र चरीले, पछि आफुलाई, अनेक पिंजरामा आवद्ध पाउछे । आत्माको पहिचानलाई कुनै चाहिदैन, चाहिनु पर्दैन त्यहीं त्यसै गरी पिंजरामा परेको नकुलको आत्मालाई सविताको आत्मले (मात्र) पहिचान गर्छ । सविताको आत्मालाई नकुलको निर्व्याज भव्य उन्मुक्त स्वभावले विकसित गर्दछ । शंकाको पूर्वाभासमा अलकाधिक ऐडविल शाप निर्दग्ध नकुल रिडि–सौचको औलो खानी-निर्वासित हुन्छ यता चिडिया जीवको बाजी थपेर जीवन 'नकुललाई' बचाउन त्यो पिंजरावाट बाहिर हुन कुनै सुरथ सफल हुन्छे । उता रिडीको त्यो जीवन ज्योति–स्नेहतन्तु को वर्तन परिसमाप्त हुँदै अन्तिम आगाम धिप्किन मात्र शेष रहेको हुन्छ धन्य ! स्रष्टाको विधान !! तर यता आफ्नो आशा पंखमा शक्तिको उनन्चास वायु सोरेर उडिजाँदा पनि विचरी चरीले त्यो जीवनको धिप्को छुन पाउन्न दर्शन संम पाउँछे, यसैले उसले आफ्नो अस्तित्व, भदौरे भेलमा उर्लेकी काली गण्डकीको माध्यमवाट उसको अद्वैतामा मिलाइदिन्छे । पछि पानी घटे पछि सविता र नकुलको अस्थिपिञ्जरको पिण्ड भेटिन्छ—'प्रेम पिण्ड' ।

कथाको प्रवाह, परिवेश, पहिला दुईभागमा स्वाभाविक गतिमा वगेको पाइन्छ । अन्तिम तेस्रो भागको अन्त्यतिर या त नाटककार हतारिनु भएको छ या त अनावश्यकले वरवृद्धिले नाटकीय वस्तु र भावको शैयाखज मजिएकोछ भन्नुपर्छ ।

बालकृष्ण समको साहित्य प्रेम—दर्शनमा पृष्टिएको छ भन्नु युक्ति युक्त हुन्छ भने, 'प्रेम पिण्ड' ले त्यसको व्याख्या विश्लेषण, स्पष्टरूपमा देखाएको छ । जस्ले गर्दा प्रेमको गरिमा प्रकट भएको छ, समको अन्त सफल भएको छ ।

अँ एउटा कुरा धेरै पहिले कता हो कुनै साहित्यिकवन्धुको लेखमा ऐडविल-लाई नायक र नकुललाई प्रतिनायकको रूपमा व्यक्त गरेको कुरा संझना आउँछ । त्यसपछि 'प्रेम पिण्ड' पढ़ेर मनन गर्दा म नकुललाई नायक र ऐडविललाई प्रति नायकरूपमा पाउँछु, शास्त्रीय मन्तव्य पनि त्यसै भन्छ - "धीरोद्धतः पापकारी व्यसनी प्रतिनायक" यी सवै विशेषण ऐड विलमा लागू हुने खालका छन्, नाटकमा वातावणको सिर्जना पनि त्यसै अनुरूप भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्यशास्त्रका सन्दर्भमा

बिम्बवाद

—प्रा० भानुभक्त पोखरेल

'विम्ब' शब्द अङ्ग्रेजी 'इमेज'को रूपान्तर वा समानार्थीको रूपमा प्रयोग गर्न थालिएको छ। विम्ब - (Image इमेज) को अर्थ हो आकृति- प्रतिमा एवं रूप आदि। मनोवैज्ञानिकहरूका ठनाइमा 'विम्ब' पूर्वानुभूतिको प्रभावद्वारा मूर्तीकृत मानस प्रतिमा हो। बिम्बवाद मूलतः काव्यसम्बन्धी आन्दोलन हो। यसको बीजारोपण वा प्रवर्तन सन् १९०९ तिरै हुल्मेद्वारा भैसकेको हो तापनि यसको उत्थान या अधिष्ठान भने १९११-१२ देखि भएको मानिन्छ। बिम्बवाद उसका पूर्ववर्ती स्वच्छन्दतावाद र प्रभाववादका कतिपय शिथिलताका विरूद्ध हुर्किएको प्रतिक्रिया ठानिन्छ। बिम्बवादभन्दा पहिले फ्रान्समा प्रतीकवाद र प्रभाववाद नामका दुइटा काव्यसिद्धान्त चलित थिए, र बिम्बवाद यिनै वादमध्ये प्रतीकवादका प्रेरणामा टुसायो र प्रभाववादका विरोधमा सुसायो। तिर स्वच्छन्दतावादसित त्यति छैन। यहाँ के भन्न खोजिएको हो भने वास्तवमा स्वच्छन्दतावादी साहित्यकारहरूद्वारा नै बिम्बवादको शरीर वा पूर्वाधार तयार भएको हो किनभने स्वच्छन्दतावादीहरूले काव्यमा कल्पनालाई भारी महत्त्व दिंदै बिम्बात्मकताको समर्थन गरेका छन्। स्वच्छन्दतावादका अनुसार-काव्यको मूल शक्ति कल्पना हो भने त्यसको मुख्य काम बिम्बविधान हो। यसरी कल्पना र बिम्बात्मकतामा गहिरो सम्बन्ध छ, तर बिम्बविधान भन्दा कल्पनामा ज्यादै बल दिन थालेपछि बिम्बात्मकतामा जोड दिने प्रवृत्तिका आडमा छुट्टै बिम्बवादको स्थापना हुन पुगेको हो। यस मन्तव्यको पुष्टिका निम्ति नेपालीका प्रथम स्वच्छन्दतावादी कवि हुनाले नै देवकोटा प्रथम नेपाली बिम्बविधानशील वा बिम्बपरायण (बिम्बवादी भन्न सकिन्छ तर नभनिहालेको) कवि हुन पुगेको कुरो उठाउन सकिन्छ।

प्रतीकवाद बिम्बवादको प्रेरणास्रोत हो। प्रतीकवादमा वस्तुगत दृश्यलाई साङ्केतिक रूपले अन्तर्निहित गराएर कवितामा भावोन्मेष गरिन्छ, अर्थात् संकेतात्मकता या प्रतीकात्मकतामा अत्यधिक बल दिइन्छ। यही प्रतीकवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिम्बवादको उद्गम स्थल मानिने हुनाले यसबाट बिम्बवादको एक पक्ष प्रष्ट हुन्छ भने यसले प्रभाववादका विरोधमा हालेका सुसेलीहरूबाट यसको अर्को पाटो देखिन्छ । अँ त, प्रभाववाद यथार्थ जगत्का चिरन्तन सत्यको साटो परिवर्तनशील क्षणिक झल्काहरूलाई टिप्नुपर्छ भन्छ र दृश्यजगत् या वस्तुको चित्र ठिक त्यस्तै उतार्नुपर्छ जस्ता कि ती काव्यनिर्माणमा तल्लीन प्रेरणानुकूल क्षणमा हुन्छन् । अर्थात् कुनै पनि वस्तुजगत् या पदार्थलाई पूर्वनिश्चित धारणाका आधारमा चित्रित गर्नु हुँदैन भन्दै प्रभाववाद सिर्जनाकालीन समाधिस्थितिमा निमग्न स्रष्टाका क्षणिक अनुभूतिलाई सर्वोपरि महत्व दिनुपर्छ भन्छ र दृश्यात्मक गुणको उपेक्षा गर्छ । बस, यसको ठीक विपरीत बिम्बवाद दृश्यात्मक गुणको अपेक्षा गर्छ र स्रष्टाको आत्मपरक या भावात्मक तत्वको अपेक्षा गर्छ । यसरी परस्पर विरोधी भए तापनि परिणाममा यी दुवै एकर्काको पूरकका रूपमा देखिएका छन् भन्ने विद्वान्हरूको मन्तव्य यहाँनेर सम्झिराख्नुपर्छ ।

बिम्बवादका प्रवर्तक मानिएका हुल्मे महोदय भावलाई दृश्यको वशवर्ती मान्दै र दृश्यात्मकतामा जोड दिंदै भन्छन्—'सबै आवेगहरू वास्तविक ठोस दृश्यमा यान शब्दमा अडिएका हुन्छन्, यो भौतिक प्रक्रिया हो[1] ।' बिम्बवादी आन्दोलनलाई विकसित गर्ने विशेष श्रेय एज्रा पाउनलाई दिइन्छ, उनले बिम्बको व्याख्या गर्दै बिम्बवादका सैद्धान्तिक मान्यताहरूको प्रचारप्रसार पनि गरे । बिम्बको परिभाषा गर्दै एज्रा पाउन लेख्नछन्—'जसले भावात्मक र बौद्धिक उद्भावनाहरूको समन्वय छिनभरमै प्रस्तुत गर्छ त्यही बिम्ब हो,' र 'असंख्य ग्रन्थहरूको अपेक्षा सम्पूर्ण जीवनमा केवल एक बिम्बको विधान कता हो कता श्रेष्ठ हुन्छ ।' संक्षेपमा बिम्बवादको मूलभूत स्थापनाहरूलाई यसरी (निम्नानुसार) सूत्रबद्ध गर्न सकिन्छ—

१—काव्यकवितामा बिम्बविधानलाई सर्वोपरि महत्त्व दिनु । बिम्बहरूमा दृश्यात्मकता र तादात्मकताको समयन्वय हुनुपर्छ भन्नु तथा बिम्बहरू सरल, सुस्पष्ट र निश्चित हुनुपर्छ भन्ने ठान्नु ।

२—काव्यकवितामा वस्तुपरकता, स्पष्ट यथातथ्यता, संक्षिप्तता र भाषिक मितव्ययितालाई प्रश्रय दिनु ।

३—विषयको छनोटमा कविलाई पूर्ण स्वतन्त्रता मिल्नु पर्छ, पुराना विषयवस्तुको पुनरावृत्ति कविधर्म होइन भन्दै यथार्थको चित्रणमा एकाग्रता र संश्लिष्टता हुनुपर्छ भन्नु ।

1—'All emotions depend on real solid vision or sound It is physical.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४—कविले उपयुक्त एवं चल्ती शब्दहरूको प्रयोग गर्नुपर्छ र यथासम्भव आलङ्कारिकताबाट बच्नुपर्छ भन्दै नयाँ प्रतीतिहरूलाई अभिव्यक्त गर्न नयाँ छन्दको प्रयोग हुनुपर्छ, यसर्थ पुराना छन्दको बहिष्कार गरिनुपर्छ र व्यक्तिगत प्रतीतिलाई मूर्तरूप दिन नवीन, स्वतन्त्र अथवा मुक्त छन्द नै अधिक उत्तम हुन्छ भन्ठान्नु ।

५—सम्वेदना र भावात्मक प्रतिक्रियाको भन्दा विशुद्ध रूपबोध अथवा आकृतिज्ञानको महत्त्व ठूलो छ भन्ने ठान्नु र यही आकृतिज्ञान या प्रतीतिले नै छिनभरका लागि कविव्यक्तित्वलाई तन्मय बनाइदिन्छ र कवि चाहिं तिनै रूपबोध, आकृतिज्ञान या प्रतीतिहरूलाई यथातथ्य रूपमा अंकित गर्न व्याकुल भैरहेको हुन्छ भन्ने मान्नु ।

एकातिर बिम्बवादका विरोधीहरूले कवितामा केवल दृश्यविधान या चित्रात्मकतालाई प्राथमिकता दिने हुनाले बिम्बवादमा भाव याने आन्तरिक मानसिक प्रक्रियालाई गौण एवं आनुसंगिक मानिन्छ कविता केवल सम्वेदनाहरूको बिटो मात्र होइन त्यसमा भावोद्रेक अनिवार्य छ भन्ने आक्षेप लगाउँदै स्वयं हुल्मे र एज्रा पाउन जस्ता बिम्बवादी कविहरूका कवितामा पनि भावोद्रेक प्रशस्त छ भन्ने उल्लेख गरेका छन् भने अर्कातिर आन्तरिक भावात्मक अनुभूति बिना बिम्बहरूका बीच कुनै सम्बन्ध नै रहँदैन र आन्तरिक भावात्मक सम्बन्ध स्थापित हुनासाथ बिम्बवादी कविताको कुनै मौलिकता रहँदैन त्यो अन्य प्रकारकै कवितासरह बनिहाल्छ भन्ने खोचे थापेर बिम्बवादीहरूलाई जेमालामा पारे पनि अनि स्वयं बिम्बवादका पक्षधरहरूले सात-आठ वर्षमा नै यसमा विश्वास राख्न छोडेर बिम्बवादी आन्दोलन अल्पायुमै मरे पनि काव्यकविताका क्षेत्रमा यस सिद्धान्तका कतिपय स्थापनाहरू महत्त्वपूर्ण छन् । यस वादले काव्य रचनामा अनुशासन ल्याउने र कविताका माध्यमहरूको स्पष्ट प्रतिपादन गर्ने प्रयत्न भने राम्रै गरेको हो । जीवन-जगत् प्रति कुनै स्पष्ट र स्वतन्त्र दृष्टिकोण नहुनाले र आन्तरिक अर्थवत्ताको साटो रूपसज्जालाई बढी महत्व दिने हुनाले बिम्बवादलाई एक प्रकारको शैलीसिद्धान्त या काव्यशैलीशास्त्र अथवा अलङ्कार मात्र मान्न पनि सकिन्छ; तैपनि—'बिम्बहरूको विन्यासले नै कविलाई अमरता प्रदान गर्दछ' 'कलाकारसँग अन्तर्दृष्टि भएर मात्र पुग्दैन त्यसलाई सौन्दर्यात्मक रूपमा परिणत गर्ने सामर्थ्य पनि चाहिन्छ' र 'कविको अन्तर्दृष्टिलाई बिम्बले नै स्पष्टता दिन्छ र बिम्बनै अन्तर्दृष्टिको अभिव्यक्ति हो अर्थात् कलात्मक सिर्जना हो'' भन्ने बिम्बवादका सिद्धान्त सूक्तहरूले काव्यकविताको मर्म बुझ्न प्रशस्त सघाउ पुऱ्याएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिजोसम्म-बिम्बवादी कविता पनि अलङ्कारहरूकै सूक्ष्म एवं गूढतम प्रयोग-कौशलबाट निर्मित हुन्छ र बिम्बवादलाई अलङ्कार शास्त्रकै मर्मानुभूति भित्र गाम्न सकिन्छ किनभने 'सौन्दर्यमलङ्कारः'—सौन्दर्य नै अलङ्कार हो—भन्ने अलङ्कारशास्त्रले पनि कविताको सौन्दर्य अलङ्कारमा देख्छ भने बिम्बवादले पनि बिम्बविधानमै काव्य सौन्दर्य देख्छ र बिम्बयोजना एक प्रकारको अलङ्कार विधान नै हो। तर अलङ्कारको सतही क्षत्रभित्र बिम्बवाद पर्दैन र अलङ्कार विधान जति सरल छ बिम्वविधान त्यति सरल छैन यो अलिक घुमौरो र जटिल छ; अर्थात् गूढालङ्कार या अलङ्कार ध्वनिको योजना जस्तै बिम्बयोजना पनि केही जटिल तर प्रभावोत्पादक हुन्छ—भन्ने विचारमा म सहमत थिएँ। किन्तु उपर्युक्त मन्तव्य साँचो हुँदाहुँदै पनि 'अलङ्कारवाद' र 'बिम्बवाद' एकै चीज होइनन् यिनमा प्रशस्त अन्तर छ जस्तो मलाई लाग्न थालेको छ। यसबारेमा मेरो हाल हुकूम चल्ने भए म के भन्न चाहन्छु भने—प्रतीकवाद, अलङ्कारवाद र बिम्बवाद तीनोटै वादलाई एउटै साझा नाम—'बिम्बात्मकतावादमा' गाम्नु उपयुक्त हुन्छ। मलाई लाग्छ—अलङ्कारवादीहरूले चाहेको कुरो 'बिम्बात्मकता' नै हो तापनि अलङ्कारवादको व्याख्यामा बिम्बवादको मर्म उद्घाटित हुन सकेन, बुझेर पनि निर्वचन गर्न नसके झैं देखिन्छ। किनभने अलङ्कार सिद्धान्त अप्रस्तुत योजनाद्वारा प्रस्तुतको बिम्ब उतार्न चाहन्छ तर बिम्बवाद प्रस्तुतकै चित्रणद्वारा पाठकको मनमा अभीष्ट बिम्ब उतार्न खोज्छ। अलङ्कार योजना बौद्धिक आयोजना बन्न पुगेको छ भने बिम्ब योजना ऐन्द्रियक उत्तेजना, भावात्मकतामा भावोद्वेलन बन्न पुगेको छ। स्वच्छन्दतावादी कवि पदेन बिम्बवादी हुन्छ जस्तो मलाई लाग्छ र नै देवकोटाका—'तिनको घँसिया गीत' र 'सन्ध्या' जस्ता कतिपय कवितालाई बिम्बवादी वा बिम्बपरक कविता हुन् भन्ने विचार व्यक्त गर्न आँट आउँछ। 'सुन्दरीजलमा शीतल थलमा' इत्यादि कविता तथा 'सन्ध्या' का " दिवाकर उनका करमा बने सुनौला थाली, इत्यादि कवितासित पं० सोमनाथका सन्ध्याविषयक वा तद्विषयक तथा लेखनाथकै पनि तद्विषय कविता दाँजेर हेरे बिम्बयोजना र अलंकार विधानको अन्तर स्पष्ट हुन्छ। देवकोटाका उक्त कविता बिम्बयोजनाशीलताका नमूना हुन् भने सोमनाथ-लेखनाथका कविता अलङ्कार विधानका नमूना हुन् भन्ने मेरो आशय हो। तर हिजै पनि मैले बिम्बवादलाई सोझै अलङ्कार वादमा नगाभेर 'अलङ्कार वादका मर्मानुभूतिमा गाम्ने' जुन कुरो गरेको थिएँ त्यो धारणा आज पनि मेटिन चैं सकेको छैन।[1]

---

१ विशेष जानकारी र सामग्रीको लागि हेर्नोस् लेखककै 'सिद्धान्त र साहित्य'।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रातभर हुरी चलिरह्यो

—कृष्ण विनोद लंसाल

मथिंगल हल्लिने गरि, निर्वाधरूपमा
विथितिको हुरी मडारिई रह्यो
हल्लाको हुरी मडारिई रह्यो
लगातार चली रह्यो ।
चारैतिर हाहाकार मचिईरह्यो
रातभरी हुरी चली रह्यो ।
हावाको झोंकले ओल्लो पल्लो धर
आपसमा ठक्कर खाइरहे ।
मान्छेहरू एक अर्कालाई दैत्य सम्झन्थे
पातझरेका रूखहरूमुकुट्टाका रूपमा
उभिएका देखिन्थे
हरएक घरहरू खण्डित र उजाड देखिन्थे ।
हरएक खण्डहरू कण-कणमा विभाजित देखिन्थे
रातभर अनिश्चितता छाई रह्यो
हुरी चली रह्यो
विहानको घामको झुल्का संगै
हुरीको अन्त्यभएथ्या
दिनमा देखिने मान्छेको चेहरा संगै
हुरी चल्न बन्दभएथ्यो
एउटा स्थितिको प्रादुर्भाव संगै
हुरी लोपभएर गएथ्यो
सबैमा जीवन सञ्चार भएथ्यो र पनि
खण्डित सम्पूर्ण कुरा देख्ता
भन्न कर लागेथ्यो
रातभर हुरी चलिरह्यो !

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूषणसार संक्षिप्त परिचय

—प्राध्यापक दत्तात्रेय शर्मा दाहाल
पिण्डेश्वर धरान

व्याकरण शास्त्रको प्रारम्भ कहिले भयो भन्न कठिन छ। यतित निश्चय छ कि यसको आरम्भ वैदिककालबाट भएको बुझिन्छ। पतञ्जलिले महाभाष्यको प्रथम आह्निक (पस्पश) मा चत्वारिश्रृङ्गा''''ॠ ४, ५, ८, ३ आदि वेद मन्त्रलाई व्याकरण मूलक मानेर उल्लेख गर्नु भएकोले व्याकरण विद्याको मूल स्रोत वेद हुन जान्छ। पाणिनिभन्दा धेरै वर्ष पूर्व व्याकरण शास्त्रको विकास भइसकेको कुरा स्पष्ट छ। यास्कले आफ्नो निरूक्तमा वैयाकरणहरूको उल्लेख गर्नु भएको छ। रामायण किष्किन्धाकाण्ड ३.२९ मा र महाभारत उद्योग पर्व ८३·६१ मा व्याकरण शास्त्रको स्पष्ट उल्लेख छ। व्याकरण शास्त्रको मूल उद्देश्य शद्व साधुत्व होता पनि प्रकृति प्रत्यय र तत्सम्बन्धको चिन्तन हुँदा गर्दा दर्शनको रूप धारण गर्दछ। यस प्रकार व्याकरणको दुई रूप छ। एक प्रक्रिया विभाग अर्को पद पदार्थं र तत्सामर्थ्यको चिन्तन विभाग। व्याकरणको दर्शन स्वरूप ज्यादै प्राचीन छ। स्फोटवादका प्रवर्तक स्फोटायन थिए। व्याडि, व्याकरणका दार्शनिक आचार्य थिए। भर्तृहरिको "वाक्य प्रदीप" प्राचीन दार्शनिक व्याकरण ग्रन्थ हो। सत्रौं शताब्दीमा भट्टोजिदीक्षितले व्याकरण दर्शन शास्त्र "शद्वकौस्तुभ" को रचना गर्नु भयो। यस पछि उहाँबाटै ७४ कारिका भएको "वैयाकरण सिद्धान्त कारिका" नामक लघुग्रन्थ लेखियो। यसलाई व्याकरणको दार्शनिक सिद्धान्तको सूक्ष्म रूप भने हुन्छ। सौभाग्यले यस ग्रन्थको स्पष्ट विवेचन (व्याख्या) भट्टोजिदीक्षितका भतिजा श्रीगङ्गोजि भट्टका छोरा कौण्डभट्टले वैयाकरण भूषणमा गरिदिनु भएकोले व्याकरणका दार्शनिक सिद्धान्तको ज्ञानबाट वञ्चित रहनु परेन। भूषणका तीन संस्करण छन् १ वैयाकरण भूषण (वृहद् वैयाकरण भूषण) २ भूषणसार ३ लघुभूषणसार यी तीनमा भूषणसार ज्यादा प्रचलित छ। भूषणको विशेषता के भने विरोधीहरूको तर्क उपन्यास गरेर त्यसको ठोस युक्तिले खण्डन गर्नु हो, यसले पाठकहरूलाई आश्चर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं चकित तुल्याउँछ। कौण्डभट्टज्यूले भूषणसारलाई धात्वर्थ निर्णय देखि स्फोटनिर्णय सम्म १४ भागमा विभाजन गर्नु भएकोछ। यसका दर्पण, परीक्षा, विवृति शांङ्करी अनेक टीकाहरू छन्। यसमा शद्बको रूप प्रक्रियातर्फ नभई अर्थमा विचार गरिएको छ। जस्तै धात्वर्थ निर्णयलाई लिऊँ। धातु र प्रत्ययको संमिश्रणले बनेको क्रिया पद (पचति) मा धात्वंश (पच्) को के अर्थ हो प्रत्यय (तिङ्) को के अर्थ भन्ने चर्चा छ। वैयाकरणको अनुसार धातुको अर्थ फल र व्यापार (क्रिया) हुन्छ तिङ् प्रत्ययको अर्थ कर्ताकर्म संख्याकाल हुन्छ मीमासकका अनुसार धातुको अर्थ फल हुन्छ तिङ्प्रत्ययको अर्थ व्यापार एवं संख्याकाल हुन्छ। नैयायिकका अनुसार धातुको अर्थ फल र व्यापार हुन्छ परन्तु तिङ् प्रत्ययको अर्थ कृति (यत्न उद्योग) संख्या एवं काल हुन्छ। प्राचीन नैयायिक धातुको अर्थ कृति मान्दछन्। जेहोस् वैयाकरण र मीमांसकका मतमा व्यापार विशेषक बोध हुन्छ। नैयायिक मतमा प्रथमान्त पदार्थ विशेष्यक बोध हुन्छ सारांशमा यस सारमा ग्रन्थकारले मीमांसक र नैयायिकका मतको चर्चा गरी आफ्नो प्रष्ट मतले तिनको निराकरण गर्नु भएको छ। यो ग्रन्थ ज्यादै गम्भीर सरस एवम् उच्च कोटीको छ। शैली अत्यन्त रम्य सरल एवम् प्रभावपूर्ण छ। ती धन्य एवम् भाग्यशाली छन् जसले यस किसिमका व्याकरण शास्त्रका दार्शनिक पक्षको गहीरो ज्ञान उपलब्ध गर्दछन्। इति।

(६) सृजनाको दिव्य अभिप्राय प्रेममा उत्पन्न भए जस्तो देखिन्छ, यो प्रेम अरू ठाउँमा अनन्त करुणाको रूपमा देखा पर्छ"

—महाकवि देवकोटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थको अनर्थ

—श्री छविलाल पोखरेल

२०१० सालमा चैनपुरामा पढाउने काम गर्न मलाई बोलाएको थियो। यौटा साथीका साथमा घरानबाट चैनपुर तर्फ हिंडे। जेठको महिना थियो। जेठको आरम्भमानै राम्रो पानी परेको अलि-अलि पिपिरा पिपिरी पलाएको देखिन्थ्यो। आखिर भुईको बाटो छोड़ेर अरूणनदीको अक्करको बाटोबाट पिलुवा खोला पुग्यौं। अरूणको नजिकै पिलुवा खोलो तरेर उकालो लाग्यौं। जसलाई हात्तिसुँडे उकालो भन्दछन्। गाँउ छैनन्। घाम चर्केकोले गर्मी निकै छ। तिर्खा पनि निकै लाग्यो। रूखको छहारीमा एक छिन बस्दा बसी रहुँ जस्तो लाग्दथ्यो। अलिअलि हावा चलेकोले हिड़नलाई साहस दिन्थ्यो। खराङ् नपुगी बासको राम्रो ठाँउ पनि थिएन। त्यसै हुँदा धेरै बेर नबसी हिड़थ्यौं। तिर्खा बढ्दै गयो। उकालो चढ्दै छौं। घाम ओरालो लाग्दैछन्। धेरै माथि पुगे पछि यौटा घर देखियो। पानीको आशाले छिटो हिड़दै घरमा पुग्यौं। बाटो छोडेर अलिपर त्यो घरमा पुग्यौं। बाटो छोडेर अलिपर त्यो घर पर्दोरहेछ। सोद्धा छेत्रीको घर रहेछ। दलानमा धूलो छ। भित्तामा तस्विर टासेका छन्। तस्विर राजनैतिक नेताहरूका जस्ता देखिन्थे। घरमालिकको नाम जमानसिंह हो भने। उनको उमेर ४० वर्ष जतिको थियो। विवाह नभएकी एउटी युवती छोरीले गुन्द्री राडी ओच्छ्याई दिइन्। ज्यादै तिर्खा लागेको हुँदा पानी माग्यौं। अम्खोरामा उनले पानी दिइन्। पानी अलिक धमिलो रहेछ। तिर्खाको झर्वाँकमा अलिकति पिएर भुँमा राखी "पानी किन धमिलो छ" ? भनी सोध्यौं। जवानसिंहले भलको पानी हुँदा धमिलो छ भने। भल न आएको वेला कहाँको पानी खानु हुन्थ्यो ? भनी सोधें। जमानसिंहले भने "अलि पर जरूवा पानी छ, बाह्रै महिना पाइन्छ" "राम्रो पानी छँदा छँदै नराम्रो पानी खान हुँदैन यस्तो भलको पानी खाँदा अनेक रोग लाग्न सक्छन्" भन्ने कुरा मैले गरें। यति सुने पछि जमानसिंहको मुख चिलाएको रहेछ क्यारे लामु भाषण दिन थाले। मैले एक कुरा बोल्दा पचासौं कुरा बोली सक्दथे। उनले भने २००७ सालको क्रान्तिमा र त्यस पछि पनि ठूला ठूला नेताहरूका साथ संगत भयो अनेक भाषण सुनें। ठाउँ ठाउँमा भाषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा पुग्न हार्थें। नेपाल गरीब, अशिक्षित, पछिपरेको देश रहेछ। त्यसका आमूल परिवर्तन गर्न पर्ने रहेछ भन्ने कुरां बुझें। आमूल परिवर्तन भनेको आफ्नु रीतिस्थिति सबै कुरा बदल्नु हो पहिले आफ्नै घरका रीतिस्थिति बदल्ने विचार औंसी पूर्णिमामा घर लिप्ने पोत्ने गर्दथें। त्यो काम बन्द गर्ने बिचार गरें। घरका ता किन मान्दथे पहिले घरकै जहानले विरोध गारे। अलच्छिन लाग्छ, घर फुट्छ जति वढारे पनि धुलो उडिरहन्छ, नराम्रो हुन्छ, भने। मैले भनें मेले भनेका दिन लिप्नू औंसी, पूर्णिमामा लिप्न बन्द गर्नु पर्दछ। त्यति भन्दा पनि नमानेकोले मैले विचार गरें परिवारलाई तह्लाएर घरकै नेता बन्न सकिन भनें गाँउको र देशको नेता कसरी बन्न सकौंला। हामीलाई देशको उन्नति चाहिन्छ। त्यसका निमित्त सबै व्यवहार बदल्नु पर्छ। इत्यादि प्रकारले सम्झाएं मानेनन्। "दण्डेन गोगर्वभौ" भन्ने कुरा सुनेको थिएँ। गोरू र गधालाई लौराले तह्लाउनु पर्छ। मैलें पनि पारिवारलाई लौराले तह्लाएर जे भने पनि मान्ने गराएँ। मैले लिप्ने आदेश गरे पछि मात्र लिप्न लागे। अहिले धेरै दिन भएछ लिप्न अराएनछु, त्यसैले धुलो ज्यादै भएछ। अर्को कुरा भलको पानी धन्दा गर्न मात्र ल्याउँथे। मैले त्यो कुरा पनि बदलें खानलाई पनि त्यही पानी चलाउनु पर्छ भनेंर चलाएँ। समयको सदुपयोग गरे मात्र उन्नति हुन्छ भन्ने बुझेकोले राम्रो पानी घरलान पनि बन्द गरं। बाबु आमाले भलको पानी कहिल्यै नखानु रोग लाग्छ भन्नु हुन्थ्यो। तपाईले पनि त्यसै भन्नुभयो। पहिले रक्सी खाने गरेको थिएन। सर्वोच्चानन्द दिन्छ भन्ने विज्ञापन देखेको र नेताहरूको संगतले समेत रक्सी पनि खान थालें रक्सीले गोडा लरखर भएर लडिंदो रहेछ, चोट पटक पनि लाग्यो। रक्सीले लडेका वेला कैयौं रूपयाँ पनि गोजीवाट लगेको थाहै पाईन। तर अचेल त रक्सी सम्झने वित्तिकै खाउँ खाउँ लाग्छ। मुख रसाउँ छ। अखवारमा ठूला ठूला नेताहरू पनि रक्सीका गिलास लिएर जनताको सुस्वास्थ्य र उन्नतिको निम्ति भनेर पिएको कुरा पनि देखियो। हुनता रक्सी खान थाले पछि आर्थिक हानि पनि भयो २–३ खला खेत पनि विके। तर देशको उन्नतिको लागि आफ्नो व्यक्तिगत हानि सहनै उचित लाग्यो। वानी लागी सकेको हुंदा छोड्न पनि न सकिने रहेछ। मैले ठुला ठुला मानिसले पिउने गरेको विदेशी रक्सी पनि ल्याउने विचार गरेको थिएँ, तर धन न पुगेकोले ल्याइन" भन्दै बोतल र गिलास ल्याए। "मैले रक्सी पिउने गरेको छैन, म माष्टर हुं, मैले पिएँ भनें छात्रहरूले पनि पिउने छन् र पढाइ समेत विग्रने छ भनें।" उनले भने "अचेल कालेज र विश्वविद्यालयका ठुला ठुला तहका विद्यार्थीहरूले समेत पिएको सुनेको छु। अचेल रक्सी विनाको कुनै उत्सव पनि हुँदैन भन्ने कुरा पनि थाहा पाई सकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छु। मैंले भने ! "जुन व्यवहार बदल्दा प्रत्यक्ष लाभ हुन्छ त्यस्ता व्यवहार मात्र बदल्नु पर्छ, तपाईंले भने जस्ता कुरा बदल्दा त हानि मात्र हुन्छ लाभ हुँदैन। लिप्न बन्द गरेर धुलो हुन दिनु। भलको धमिलो पानी पिउनु रक्सी खानु, इत्यादिबाट देश बिग्रन्छ। उन्नतिमा अनेकौ काम धन्दा बढाएर आफ्नो देशमा पुगी विदेशमा पनि पठाउन सक्नुपर्छ। रेल, मोटर, विमान सर्वत्र चालु गरी आवत जावत सर्व तिर गर्नु पर्छ। शिक्षा प्रचारबाट प्रत्येक नागरिक साक्षर-शिक्षित हुनु पर्छ। अरू विद्वानै भएपनि रक्सीमा पल्केर छोड्न न सकेर पिउदै छन्। रक्सी पिएर उन्नति हुने होइन। रक्सी पिएर उन्नति हुने भए, म पनि आजै पिउन थाल्ने थिएँ रक्सी धेरै पिउने अल्पायु हुन्छन् चाँडै मर्दछन्। हाम्रो सबै भन्दा ठूलो धन बुद्धि नै हो। त्यसैलाई धेरै बेर सम्म बिगारी दिने रक्सी हो। रक्सी पिएर गुहे गल्लीमा बेहोस् भैं सुतेको देखी देखी रक्सी छोड्न नसक्नु मानसिक कमजोरी हो। तर मेरो कुराले उनको दुराग्रह न छुट्ने ठह-राई अर्थको अनर्थ भएछ भनेर चंनपुर तर्फ उकालो लाग्यौं। त्यसबेला "लभेत सिकतासु तैलमपि यत्नतः पीडयन्। नतु प्रतिनिविष्टमूर्खजन माराधयेत्" भन्ने श्लोक सम्झिएँ।

(४) "शान्ति तरवारको जोड़ले आउँदैन प्रेमको जोडले आउँछ। प्रेम भन्दा ठूलो वस्तु यस संसारमा अरु छैन"

—महात्मा गान्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिवार्य नेपालीको प्रयोजनीयता

—नरेन्द्र चापागाइँ

हाम्रो देशमा राष्ट्रियशिक्षा पद्धति लागू भएपछि नेपाली विषयको पाठ्यक्रम चार भागमा बाँडियो। ती चार भाग हुन्—अनिवार्य, मूल, सहायक र ऐच्छिक। नेपाली भाषा शुद्ध बोल्नु र शुद्ध लेख्नु जुनसुकै विषय अध्ययन गर्ने कालागि पनि अनिवार्य छ किनभने यो भाषा हाम्रो मातृभाषा र राष्ट्रभाषा दुवै विद्यार्थी हो। करीब पैंतालिस प्रतिशत नेपालीहरू आ-आफ्नो घरघरानमा नेवारी, मैथिली, भोजपुरी, अवधी, गुरुङ्गी, तामाङ्गी, मग्रांती आदि भाषा बोल्ने भए पनि सजातीय देखि बाहेकका हरूसंग बोल्नुपर्दा नेपाली भाषा नै बोल्दछन्। यसर्थ सबै नेपालीको मातृभाषा एउटै नेपालीभाषा हो भनिदिंदा खत पर्दैन। यही तथ्यलाई ध्यानमा राख्तै सबैले नेपालीभाषा शुद्ध रूपमा बोल्नु र लेख्नु आवश्यक देखिन्छ। यो आवश्यकता नै अनिवार्यता हो। उच्च शिक्षाको पाठ्यक्रममा नेपाली विषयलाई अनिवार्य विषयको रूपमा स्थानदिनुको तात्पर्य यही नै हो। साहित्य पनि अन्य सामाजिक शास्त्र, विज्ञान, वाणिज्य आदि जस्तै मानवजीवनका प्रयोजनीय क्षेत्र भित्र पर्ने भएकोले यसलाई मूल विषयको रूपमा स्थान दिने सन्दर्भमा नेपालीविषयलाई मूलक्षेत्रको रूपमा पनि राखियो। त्यस्तै अरू अरू विषयहरूलाई सहायक र ऐच्छिक विषयको रूपमा महत्व दिए झैं नेपालीलाई पनि सहायक र ऐच्छिक विषयको रूपमा महत्व दिइएको हो। यी चारैं क्षेत्रहरूको तुलनामा अनिवार्य नेपालीलाई चाहि राष्ट्रिय शिक्षापद्धतिमा विशेष महत्व दिइएको छ।

माथिको वाक्य 'अनिवार्य नेपालीलाई चाहि राष्ट्रियशिक्षा पद्धतिमा विशेष महत्व दिइएको छ' लाई पढेर विद्वानहरूको मस्तिष्क सनसनाउन थाल्ला। उनीहरू राष्ट्रियशिक्षापद्धति लागू हुनुभन्दा पहिले अनिवार्य नेपाली थिएन र? भन्न सक्तछन्। अवश्य थियो। तर के भने राष्ट्रियशिक्षापद्धति लागू हुनुभन्दा पहिले अनिवार्य नेपाली साहित्यमूलक र रचनामूलक दुवै थियो आज यो खालि रचनामूलक छ। यस्तो किन भयो? प्रश्न तेर्सिन सक्तछ। यसको जोडे उत्तर के हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तछ भने राष्ट्रिय शिक्षा पद्धतिको लक्ष शिक्षा प्रयोजनमूलक हुनुपर्दछ भन्ने छ। कोरा सैद्धान्तिक शिक्षाले देशविकासमा कुनै पनि आंच पुऱ्याउन सक्तैन। हाम्रो देश सुहाउँदो र देशको विकाशमा सहयोग पुऱ्याउने सक्षम एवं दक्ष जनशक्तिको उत्पादन गर्नु आवश्यक हुँदा शिक्षा पनि प्रयोजन मूलक हुनु आवश्यक देखियो। यसर्थ मानविकी, समाजशास्त्र, विज्ञान तथा वाणिज्य जुन सुकै विषयलाई पनि प्रयोजनीयताको आधारमा अध्ययन गरिनुपर्दछ। उपर्युक्त विषयहरूमध्ये जुन सुकै विषयलाई पनि आफ्नु प्रयोजनको विषय बनाउन सकिन्छ तरत्यसका साथसाथै नेपालोभाषा शुद्ध बोल्नु, शुद्ध लेख्नु, आफ्नोप्रयोजनीय बिषयलाई अभिव्यक्त गर्नसक्नु र त्यसको रचना गर्न सक्नु अन्त्यमा आवश्यक मानिन्छ। आजको राष्ट्रियशिक्षापद्धतिको शिक्षा अनुसार जनशक्तिहरू डाक्टर, इञ्जिनियर, कृषिविशेषज्ञ, पशुपालक आदि जुनसुकै शक्तिको रूपमा पनि उत्पादित हुनसक्तछन्। अब डाक्टर, इञ्जिनियर, कृशिविशेषज्ञ आदिका निम्ति साहित्यको आवश्यकता छैन। भविष्यमा साहित्यिक जनशक्तिको रूपमा देखापर्नका निम्ति पहिलेदेखिनै साहित्यविषयलाई आफ्नो प्रयोजनीय विषय बनाइन्छ। सबैलाई साहित्य जान्नु आवश्यक छैन, भाषा जान्नु आवश्यक छ। सबैले आ-आफ्नो अनुभवलाई भाषामा व्यक्त गर्नु र रचना गर्नु आवश्यक छ। यसर्थ यो अनिवार्य नेपाली भाषामूलक, रचनामूलक, एवं प्रयोजनमूलक छ।

जब हामी राष्ट्रियशिक्षापद्धतिको मूलभूत उद्देश्य नै प्रयोजनमूलक भन्दछौं र यस शिक्षा अन्तर्गत जति पनि विषयहरू राखिएका छन् ती सबै प्रयोजनमूलक छन् भन्दछौं भने अनिवार्य नेपालीको पनि वास्तविक प्रयोजन के हो त्यस बिषयतिर गहिरिन पनि हामीले बिर्सनु हुँदैन। यस विषयलाई प्रयोजनमूलक भनिए अनुसार यसको प्रयोजनीयतालाई हामीले बुझेको जस्तो लाग्दैन किनभने हामीले यसको पठन पाठनमा प्रयोजनीयतातर्फ वृद्धि पुऱ्याए जस्तो लाग्दैन हामी उही हरेक विन्दु र एकाइको परिभाषा रटाएर मरितरि एक दुई उदाहरण दिएर मात्रै आफ्नु कर्तव्य निभाइरहेका छौं। आज कुनै पनि विषयको सिद्धान्त पक्षलाई गौण महत्व मात्रै दिइन्छ तर प्रमुख महत्व चाहिं त्यसको व्यावहारिकता वा प्रयोजनीयतालाई नै दिइन्छ। यसोहुँदा झन सारो अनिवार्य नेपालीको पठनपाठनमा त्यसको सिद्धान्त भट्याएर र परिभाषा बताएर मात्रै त्यसको समुचित उद्देश्य साकार बन्न सक्दन। यसर्थ विद्यार्थीहरूलाई शुद्ध बोल्ने, शुद्ध लेक्ने, आफ्नो अनुभवलाई शुद्धसंग अभिव्यक्त गर्न सक्ने र विषय अनुसारका विभिन्न शैलीमा रचना गर्न सक्ने बनाउनका निम्ति अनिवार्य नेपालीभित्र पर्ने शब्द निर्माण, वाक्यरचना, अभिव्यक्ति एवं बोध प्रणालीको सैद्धान्तिक एवं पारिभाषिक ज्ञान पट्टि विशेष जोड दिने काम नगरेर तिनको प्रयोगात्मक पक्षतर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यान दिनुपर्दछ । आज पहिले विषयको सैद्धान्तिक ज्ञान गराएर त्यसको प्रयोगात्मक पचतर्फ संकेत मान्ने गर्नु नभएर पहिले विषयको प्रयोगात्मक अभ्यास गराएर सिद्धान्त पचतर्फ संकेतमात्र गर्नु हो ।

विद्यार्थीहरूलाई अनिवार्य नेपालीको प्रयोजनीय वा प्रयोगात्मक पक्षको अभ्यास गराउँदा कुनै एक पुस्तकमा सीमित रहेर त्यसमा गएका एक दुई उदाहरण दिएर मात्र हुँदैन । त्यसका निम्ति शिक्षकले धेरै उदाहरणहरू विभिन्न ठाउँबाट उध्दृत गरेर वा आफैंले बनाएर विद्यार्थीहरूलाई अभ्यास गराउनुपर्दछ जसले गर्दा विद्यार्थीहरूमा प्रशस्तमात्रामा प्रयोगात्मक अभ्यासको विकास हुन-सकोस् । पाठ्यकोर्समा राखिएका पुस्तकहरू पाठ्य होइनन् खालि नमूना मात्र हुँन् । ती नमूनाहरूको आधारमा शिक्षकले विभिन्न पुस्तकहरूबाट उदाहरण लिएर विद्यार्थीहरूलाई सिकाउन सक्तछ । अनिवार्य नेपालीका पाठ्यकोर्समा कथा, उपन्यास, नाटक, निवन्ध आदि विभिन्न विधाहरू राखिएका हुन्छन् । यसको प्रयोजनीय पक्षतिर ध्यान नदिनाले के अन्यथा भइरहेको छ भने हामी अनिवार्य नेपालीको पढाई गर्दा कथा, उपन्यास, नाटक, निवन्ध आदिलाई साहित्य पढाए झैं नै पढाइरहेका पनि छौं तर यो हाम्रो शतप्रतिशत भूल हो । ती विभिन्न विधाका पुस्तकहरू शुद्ध, वाक्य, अभिव्यक्ति, वोध, शैली आदिको अभ्यासको लागि मात्रै राखिएका हुन् । यदि त्यसप्रकारका उपयुक्त शब्द वाक्य, अभिव्यक्ति, वोध, शैली आदिका नमूनाहरू शिक्षक आफ्नै अनुभूतिको भरमा विद्यार्थीरूलाई सिकाउन सक्तछ भने ती पुस्तकहरूको आवश्यकता नै पनि पर्दैन । हामी विनाकाममा विद्यार्थीहरूलाई वढ्ता किताव किनाउँछौं, त्यसको महत्व के हो, उनीहरूलाई वुझाउँदैनौं । यसरी नै हामी भूल गरिरहेका छौं । वास्तवमा पाठ्यक्रोर्सको उद्देश्य के हो ? पाठ्यकोर्समा समावेश गरिएका पुस्तकहरूको महत्व के हो ? आदि विषयतिर राम्ररी गहि्रिनु आवश्यक देखिन्छ ।

जसरी हामी अनिवार्य नेपालीको पढाइलाई भूल गरिरहेकाछौं त्यसै गरी विद्यार्थीहरूलाई प्रश्नसोधाइलाई पनि भूल गरिरहेका छौं । उपसर्ग केलाई भनिन्छ ? समास कतिप्रकारका हुन्छन् ? वाच्य र वाक्यमा के अन्तर छ ? संक्षेपीकरण कसरी गर्ने, शैलीका भेद कति छन् ? उपमा र उत्प्रेक्षा अलङ्कारका लक्षण उदाहरण लेख, वसाइँको शीर्षक कसरी सार्थक छ ? 'म' नाटकको उद्देश्य के हो ?, गोंथलीको चरित्रचित्रण गर निवन्धकको उत्पत्ति कसरी भयो ? आदि जस्ता प्रश्नहरू सोधेर अनिवार्य नेपालीको मूलभूत उद्देश्यलाई नै वुझिरहिएको छैन । उपर्युक्त प्रश्नहरूका ठाउमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही उपसर्ग लागेका शब्दहरूको अर्थ लेखाई वाक्यमा प्रयोग गर्न लगाएर वा उपसर्ग दिएर शब्दनिर्माण गर्न लगाएर विद्यार्थीहरूमा उपसर्गको ज्ञान भए न भएको मूल्याङ्कन गर्न सकिन्छ। विग्रहयुक्त शब्दलाई समास गर्न लगाएर वा समस्त शब्दहरूलाई विग्रह गर्न लगाएर समासको ज्ञान भए न भएको मूल्यांकन गर्न सकिन्छ। वाक्यको परिभाषाको सट्टा विभिन्न किसिमका वाक्यहरूको रचना गर्न लगाएर उनीहरूमा वाक्य सम्बन्धी ज्ञान भए न भएको मूल्याङ्कन गर्न सकिन्छ। शैलीका भेद सोध्नुको सट्टा विभिन्न शैलीमा रचना गर्न लगाउनु उपयुक्त हुन्छ। उपमा र उत्प्रेक्षा लक्षण उदाहरण सोध्नुको सट्टा उपमा र उत्प्रेक्षा अलङ्कारको प्रयोग गर्दै कुनै रचना गर्न लगाउनु समुचित हुन्छ। निवन्धको उत्पत्ति सोध्नुको सट्टा 'निबन्ध' कै विषयमा निबन्ध लेख्न लगाउनु समीचीन हुन्छ। विद्यार्थीलाई रचनाको सैद्धान्तिक ज्ञान छ छैन भनेर प्रश्न सोधिनु भन्दा उसमा रचना गर्ने अभ्यास छ कि छैन भनेर सोध्नु औचित्य देखिन्छ। यसरी पढाइ र प्रश्न गराइ दुवै नै प्रयोजनीय हुनुपर्दछ अनिमात्र अनिवार्य नेपालीको प्रयोजनीयता साकार बन्दछ।

उच्च शिक्षातर्फ राष्ट्रियशिक्षा पद्धति दुई हज्जार तीस साल देखि लागु भए को हो। तीससाल देखि तेत्तीससाल सम्म नै अनिवार्य नेपालीको पाठ्यांशमा हेरफेर हुँदै आएको छ। यसो गर्नुको तात्पर्य यसलाई सैद्धान्तिकतावाट विस्तार विस्तार प्रयोगात्मकता तर्फ लैजानु हो। आजसम्म भएका हेर फेरबाट पनि यसको प्रयोजनीय पक्षको वास्तविक विन्दु सम्म पुग्न सकिएको छैन। आगामी साउने सत्र देखि भने यसको वास्तविक प्रयोजनीयता तर्फ ध्यान दिनै कुरामा विद्वान् एवं विशेषज्ञहरूको विचार विमर्श हुँदैछ। विशेषज्ञहरूको विचार एवं विमर्श अनुसार अनिवार्य नेपालीलाई पूर्णतः प्रयोजनीयता तर्फ लैजाने भनिएता पनि जव सम्म हामी शिक्षकहरूमा नै प्रयोजनीयताको ज्ञान हुँदैन वा भएर पनि त्यसको प्रयोग गरिँदैन र पढाउने बेलामा उही लेक्चर दिने काम वा पुस्तक भट्याएर हिड्ने काम मात्रै गर्न थालियो भने विशेषज्ञहरूले जति नै टाउको दुखाएर पनि के गर्ने ?। विद्यार्थीहरूलाई अनिवार्य नेपालीको प्रयोजनीयता तर्फ अभ्यस्त गराउने अभियान चलाउनु भन्दा पहिले हामो शिक्षकहरूलाई नै यस विषयमा विशेष जानकारी हुनु दिनु पर्ने आवश्यक देखिन्छ। तर पनि वि. वि. पाठ्यपुस्तक विकास केन्द्रले अनिवार्य नेपालीको प्रयोजनमूलक पक्षतिर जुन प्रकारको सशक्त सक्रियता देखाइरहेको छ त्यसबाट अवश्य नै अनिवार्य नेपालीको भविष्य उज्जवल छ। यस केन्द्रले अनिवार्य नेपालीका विषयमा जुन किसिमको सकारात्मक सक्रियता देखाइरहेको छ सोही रूपको सक्रियता पठन-पाठन एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल्यांकन विधिमा पनि ल्यायो भने निश्चय नै 'नयाँ शिक्षा देशको प्रयोजनका लागि अवश्य हो' भन्ने महावाणिको सार्थकता हुन सक्ने छ।

जसरी सम्पूर्ण नेपाली भाषा भाषीहरूका निम्ति नेपाली भाषा शुद्ध बोल्न, शुद्ध लेख्न, आफ्ना अनुभवहरूलाई व्यक्त गर्न र तिनको रचना गर्न आवश्यक छ र देशका सक्षम र दक्ष जनशक्तिका रूपमा उत्पादित शक्तिधारीहरूका निम्ति अनिवार्य नेपाली जान्नु आवश्यक छ भनिन्छ त्यसै गरी नेपाली भाषाको प्रयोग हुने विभिन्न संस्था, निकाय आदिमा पनि शुद्ध नेपाली भाषाको प्रयोग वा व्यवहार हुनु आवश्यक छ। आज के देखिएको छ भने नेपाली भाषाको शुद्ध बोलाई, लेखाइ, अभिव्यक्ति कौशलता एवं रचनाशिल्पता आदिको जिम्वेवारी पहिलो नम्बरमा शिक्षकलाई छ त्यसपछि नेपाली भाषाप्रति आस्था राख्ने लेखकलाई छ। विद्यार्थीहरूलाई परीक्षामा वढी अंक प्राप्त गर्ने सम्वन्धमा भाषिक शुद्धताको पाठ पढ्न कर लगाइन्छ। यसदेखि अतिरिक्त कतैतिर पनि भाषिक शुद्धताको अनिवार्यता देखिएका छैन। अड्डा अदालत, संस्थान आदिमा रहेका कर्मचारीहरूलाई भाषिक शुद्धता एवं परिष्कृत अभिव्यक्ति एवं रचनात्मकतातिर ध्यान दिलाउन सकिएको छैन। सामान्य कर्मचारीहरूको त के कुरा उच्च ओहदाका विशिष्ट कर्मचारीहरूको लेखन क्रियामा पनि भाषिक शुद्धता एवं परिष्कृत संरचनात्मकताको ज्ञान न रहेको देखिन्छ। त्यति टाढ़ा यो किन जाने, विद्यालयीय एवं महाविद्यालयीय तर्फका शिक्षकहरूमा नै पनि नेपाली भाषाको शुद्धीकरण तर्फ ध्यान रहेको पाइँदैन। अड्डा अदालत, संस्थान आदिका कर्मचारी एवं अधिकारीहरू भाषिक शुद्धताको आवश्यकता शिक्षण संस्थामा मान्नै पर्दछ भन्ने सम्झन्छन् भने विद्यालयीय एवं विद्यापीठका शिक्षकहरू भाषिक शुद्धताको आवश्यकता नेपाली पढाउने शिक्षकमै सीमित रहनुपर्दछ भन्ने सोच्तछन्। आजभोलि प्रमाणपत्रै योग्यताको परिणाम त भन्ना के देखिन थालेको छ भने प्राथमिक एवं निम्नमाध्यमिक विद्यालयमा पढाउने नेपाली विषयका शिक्षकहरूमै पनि भाषिक शुद्धताको आवश्यकता न रहेको बुझिन्छ। उनीहरूको भनाइ चाहिं के रहेछ भने संस्कृत पढेका शिक्षकहरूमा मात्रै भाषिक शुद्धताको अनिवार्यता रहेको हुन्छ अरुलाई होइन।

आजभोलि त खोइ के भन्नु छ र पत्रकार, सम्पादक तथा साहित्यकारहरूमा पनि भाषिक शुद्धताको अनिवार्यता रहेको देखिदैन। आज निस्किने समाचार पत्रिका, साहित्यित पत्रिका तथा नेपाली भाषामा लेखिएका अन्य कुनै पनि विषयका लागि शुद्धताको आवश्यकता रहेको देखिदैन। दोकानहरूका अगाडि टाँगिने परिचयपाटीमा त झन कुरै न गरौं। अब त यी सारातिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइरहेको भाषिक अशुद्धताको व्यापकतालाई हेर्दा त कस्तो लाग्न थालिसकेको छ भने नेपाली भाषाको शुद्धता र अशुद्धताको कल्पना गर्नु नै यो आवश्यकता छैन कि। हाम्रो नेपाली भाषा त कस्तो अभागी भाषा रहेछ जहाँ संसारका कुनै पनि भाषाहरूमा शुद्धता र अशुद्धताको प्रश्न उठ्त छ तर हाम्रो नेपाली भाषामा भने यस कुराको ख्याल छैन। कतिपय शिक्षित कहलिएका मानिस-हरूलाई नामै लेख्नमा सम्म पनि शुद्ध अशुद्ध के हो थाहा रहँदैन अड्डा अदालतमा र अन्य संस्थाहरूमा अशुद्धै लेखिएका कागजहरू प्रमाणित मानिन्छन्। विद्यालय एवं विद्यापीठ आदिका नेपाली इतर विषयहरूको पढाइ-लेखाइलाई अशुद्धै भए पनि प्रमाणित मानिन्छ। दोकान एवं अन्य ठाउमा टाँगिएका परिचयपाटीमा अशुद्धै लेखिए पनि प्रमाणित मानिन्छ। पत्रिका साहित्यिक रचना, नेपाली भाषामा लेखिएका इतर विषयहरू अशुद्धै छापिए ता पनि प्रमाणित मानिन्छ भने नेपाली भाषामा शुद्धता एवं अशुद्धताको प्रश्नै पो किन रह्यो र!। जजसले आफूखुशी जे जस्तो लेखे र छपाए पनि सबका सब प्रमाणित, सबकासब शुद्ध। वास्तवमा नेपाली कोषैबाट यो असति 'अशुद्ध' भन्ने शब्दलाई नै हटाइदिनु पर्ने। नाहकमा यो चिम्से शब्द रहेर नेपाली भाषामा कलङ्क लगाइन तिवाय केही गरेन।

अरू अरू देशहरू आफ्नो भाषालाई शुद्ध एवं परिष्कृत तुल्याउँदै सभ्यताको शीखरतिर चडिरहेछन् भने हामीचाहिं आफ्नो भाषालाई झनझन विकृत र विसंगत तुल्याउँदै सभ्यताको फेदीबाट शीखरतिर घाँटी तन्काइरहेकाछौं। अब हामीले पनि यस घाँटी तन्काइलाई छाडेर आफ्नो भाषालाई शुद्ध एवं परिष्कृत तुल्याउने अभियान चलाउनुपर्दछ। यस अभिमानको मूतभूत आधार हो राष्ट्रिय शिक्षापद्धति। यही पद्धतिकै माध्यमबाटनै हामीले आफ्नो भाषालाई परिष्कृत एवं शुद्धीकरण तर्फ डोऱ्याउनुपर्दछ। फलस्वरूप राष्ट्रियशिक्षापद्धति अनुसारका नेपाली पाठ्यपुस्तकहरू प्रयोजनमूलकको रूपमा देखापर्दैछन् र देखा-पर्दै जानेपनि छन्। भर्खरै पाठ्यक्रम विकास केन्द्रको मातहतमा गठित अनिवार्य नेपालीको विषय समितिले यसलाई प्रयोजनमूलक दिशातर्फ लैजाने सुचेष्टा गरिरहेको छ। अत्र हामीले के आशा र विश्वास राख्नुपरेको छ भने उक्त विषय समितिले विश्वविद्यालयीय विद्यापीठका पठनपाठन-हरूमा मात्रै अनिवार्य नेपाली-लाई प्रयोजनमूलक बनाउने प्रयत्न गर्ने छैन, माध्यमिक, निम्नमाध्यमिक एवं प्राथमिक तहका पठनपाठनहरूलाई पनि प्रयोजनमूलक बनाउने अभिप्रेरणा दिनेछ। अझ पनि हामीके विश्वास एवं भरोसा राख्न सक्तछौं भने विभिन्न अड्डा अदालत, संघ संस्था आदि विभिन्न निकायहरूका लेखनक्रियामा भाषिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धता एवं प्रयोजनीयता ल्याउने प्रयत्न गर्नेछ, प्रेरणा दिनेछ। माध्यमिकतह-देखि उच्चतहसम्ममा शिक्षक, कर्मचारी आदिमा शुद्ध नेपाली भाषाको प्रयोग गर्ने अनिवार्यता प्रति सशक्त कदम चाल्नेछ। पत्रकार, सम्पादक एवं साहित्य-कारहरूलाई पनि भाषिक शुद्धताप्रति ध्यानाकर्षित गर्नेछ।

अब हामी साँच्चिकै नेपाली भाषालाई अनिवार्य रूपमा प्रयोजनीय बनाउन चाहन्छौं भने सर्वप्रथम प्राथमिक शिक्षातिर ध्यान दिने गर्नु पर्‍यो। त्यहाँ नेपाली पढाउने शिक्षकहरूलाई नेपाली भाषा शुद्धसंग पढाउन र लेखाउन सक्ने तुल्याउनका निम्ति तालिमको व्यवस्था मिलाउनु पर्‍यो। जुन शिक्षकहरूले छात्रछात्राले लेखेको अशुद्ध लेखलाई ठीक छ भनी कलम छड्क्याएको हेरेर हामीले मुटुमा भक्कानु पार्नु नपरोस्। त्यसै गरी निम्नमाध्यमिक र माध्यमिक विद्यालयका नेपाली विषय पढाउने शिक्षकहरूलाई पनि यसको समुचित तालिम दिने व्यवस्था गर्नुपर्‍यो जसले गर्दा नेपालीका पाठहरूमा दिइएका अभ्यासहरू-मध्ये अप्ठ्यारा कुराहरूचाहिं तिमीहरू घरमै पढ्ने गर्नू भनिएका छात्रहरू छट-पटाएको देखेर हाम्रो चित्त नकाटियोस्। विश्वविद्यालयीय विद्यापीठका पाठ्यां-शमा रहेका पाठ्यपुस्तक भट्याएर विद्यार्थीहरूको अज्ञानमाथि झन अन्धकार थपिरहेका हामी लाउकेहरूलाई पनि अनिवार्य नेपालीको प्रयोजनीयताको समुचित ज्ञान हुने उपाय गरिदिनुपर्‍यो। नेपाली भाषाको वास्तविक ज्ञान न भईकन पनि लेखनदास हौं भनेर घोक्रो फुलाउने कर्मचारीहरूका आँखाबाट पनि अज्ञानको पर्दा हटाइदिनुपर्‍यो। नेपाली इतर विषयहरूको पठनपाठनमा पनि भाषिक शुद्धताको अत्यावश्यक छ भनी घैंटामा घाम लगाइदिनु पर्‍यो। पत्रकार सम्पादक एवं साहित्यकारहरूलाई पनि हामी त काँचै पो रहेछौं भन्ने चेतना दिनु पर्‍यो। उच्च ओहोदाका हाकिमहरूलाई पनि नेपाली भाषाको शुद्धता तर्फ ध्यान दिने सत्प्रेरणा दिनुपर्‍यो। दोकान, संघ संस्था, कार्यालय आदिका परिचा-यिकतामा पनि नेपाली भाषालाई शुद्ध रूपमा मात्रै लेख्न पाइने रहेछ भन्ने चेतावनी दिन सक्नु पर्‍यो।

कुनै पनि शिक्षण संस्था, अड्डा अदालत र अन्य संस्थाहरूमा शिक्षक, कर्म-चारी, अधिकारी र अन्य किसिमका व्यक्तिहरूलाई नियुक्त गरिंदा नेपाली भाषा शुद्ध लेख्न र बोल्न जान्ने र जान्ने कुराको मूल्याङ्कन गरिनु पर्दछ र यस विषयमा जान्ने व्यक्तिलाई मात्र स्थान दिनुपर्दछ। कुनै पत्र, पत्रिका, लेख, पुस्तक आदि अशुद्ध रूपमा छापिन्छन् भन्ने तिनलाई रोक्का गरिदिन सक्नुपर्दछ कुनै दोकान, संघसंस्था, कार्यालय आदिमा टाँगिएका 'परिचायिका' मा यदि अशुद्ध लेखिएको रहेछ भने तिनलाई तुरुन्त संशोधन गर्न लगाउनु पर्दछ। देश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरिका विभिन्न संघ, संस्था, अड्डा अदालत, शिक्षण संस्था आदिमा नेपाली भाषाको शुद्ध बोल्ने र लेख्ने काममा अनभिज्ञ व्यक्तिहरू छन् भने उनीहरूलाई केही समयाभित्रमा अभिज्ञ बन्ने मौका दिनु पर्दछ वा तालिमको व्यवस्था हुनुपर्दछ। त्यसै गरी पत्रकार, सम्पादक आदिका निम्ति पनि कुनै समुचित व्यवस्था हुनुपर्दछ। यसो न भएको खण्डमा नेपाली भाषाको अशुद्ध एवं विकृत प्रचारबाट हामी सम्पूर्ण नेपाली र नेपालको अस्तित्व नै फितलो बन्नेछ। विदेशीहरू चाहिं आफ्नो भाषालाई शुद्ध लेख्नमा मात्र नभई बोल्नमा समेत अभ्यास गराइरहेका छन्। हामीहरूमध्ये कतिपय नै पनि उक्तभाषाको तालिम पाएर मख्ख परिरहेका छौं तर हामीहरू नै नेपाली भाषाका विषयमा चाहिं शुद्ध बोल्न त परै जाओस् लेख्न पनि असमर्थ छौं। अंग्रेजीको मखुण्डो लगाउनेहरू नेपाली बोल्दा पनि न चाहिंदा अंग्रेजीका शब्दहरू घुसाउनतिर लाग्दछौं। अरू अरू विकसित मुलुकहरूका मानिसहरू चाहिं आफ्नो भाषालाई विशुद्ध एवं परिष्कृत तुल्याउनुलाई सभ्य ठान्दछन्, आफ्नो संस्कृतिको प्रचार गर्नुमा गौरव सम्झन्छन् भने हामी चाहिं अर्काको नक्कल गर्न र अर्काको संस्कृतिबाट आफ्नो संस्कृति दबाउनुमा गौरव सम्झन्छौं। यो त हाम्रो दुर्बलता मात्र हो। यसबाट मुक्ति पाउनेतर्फ हामी सधैं सक्रिय एवं सचेष्ट हुनुपर्दछ।

अन्तमा नेपाली भाषा नेपालीको प्राण हो। प्राणरहेसम्म मात्र जीवनको अस्तित्व रहेझैं नेपाली भाषा रहेमा मात्रै हामी रहने छौं। हामीले अस्तित्वपूर्ण एवं गौरवशाली जीवन बाँचनका निमित्त नेपाली भाषाको सदुपयोग, परिष्कार एवं सम्बर्द्धनको आवश्यकता पर्दछ। यही तथ्यतापूर्ण उद्देश्यलाई साकार तुल्याउनका निम्ति राष्ट्रिय शिक्षा पद्धतिले जुन जिम्मेवारी लिएको छ यसबाट हामी पूर्णतः लाभान्वित हुनेछौं र भविष्यमा हामी पनि आफ्नो भाषाको माध्यमबाट देशको गौरवलाई विश्वका सामु चम्किलो तुल्याउन सक्नेछौं। अब हामी सबै नेपाली भाषाको प्रयोजनीय पक्षलाई विशेष अग्रणी तुल्याउनेछौं र आफ्नो राष्ट्रभाषाकै माध्यमबाट राष्ट्रिय अस्तित्वलाई अभूतपूर्व एवं अद्वितीय रूपका विकसित तुल्याउने छौं। यो कुरा पाठ्यक्रममा राखिएका अनिवार्य नेपाली विषयलाई प्रयोजनीय तुल्याउन सक्नु न सक्नुमा आधारित छ।

●

(१) "संसारमा खालि दुई शक्ति छन्—तरवार र कलम। अन्त्यमा सधैं तरवारको हार र कलमको विजय हुन्छ"

—नेपोलियन

 Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सचिवको प्रतिवेदन

मानव समुदायमा अनन्त आवश्यकता हुन्छन् । धेरै आवश्यकताहरू नै अग्रगामी गतिशीलताको चिह्न हुन् । मानिसहरू समाजमा सधैं नयाँ नयाँ आविष्कारको मार्गमा संलग्न भइनै रहन्छन् । शैक्षिक क्षेत्रमा सार्वजनिक शिक्षाको कति महत्व छ, त्यो भनिरहनु पर्ने कुरा होइन । ज्ञान, विज्ञान, धर्म र नीति, साहित्य र समाजको गहीरो अध्ययन गर्ने स्वतन्त्रता जति पुस्तकालयले प्रदान गर्न सक्छ; त्यति अन्यत्र पाउन मुस्किलै होला । आजको दिनानुदिन उन्नतिको शीखर तिर द्रूततर गतिले फाइला चाल्न लागेको वैज्ञानिक युगमा पुस्तकहरूको संग्रह ज्यादै महत्वपूर्ण हुन्छ । पुस्तकहरूको संग्रहनै आजको पुत्रको ज्ञानोपार्जनमा उत्तम उपलब्धि भएकोले पुस्तकालयको महत्व दिन प्रतिदिन बढिरहेको छ ।

यस पुस्तकालयको स्थापना २०१५ सालमा भएको हो । यसको नाम "संस्कृत छात्र पुस्तकालय" रहेको छ । त्यस वेलाका हाम्रा कर्मठ साथीहरूको सत्प्रयासबाट यस पुस्तकालयको स्थापना भएको हो । यो प्रारम्भमा सानो थियो उत्साही कर्मठ कार्यकर्ता साथीहरूको सत्प्रयासबाट यस पुस्तकालयले बिस्तारै बिस्तारै आफ्नो विशालरूप फैलाउँदै आएको छ । पुस्तकालयको साथसाथै वाचनालय पनि छ । पुस्तकहरू र समसामयिक पत्र-पत्रिकाको संकलनले आकर्षक भन्दा बढी उपयोगी बनाउने प्रयास गरिएको छ । शैक्षिक सांस्कृतिक अध्ययनको पूरकको रूपमा आवश्यक अध्ययनका सामग्री साथै मनोरञ्जन वाद्यवादन सामग्रीहरू पनि उपलब्ध छन् । यस पुस्तकालयले विगत ८ वर्ष देखि आफ्ने औगात अनुसारको कोसेली लिई एउटा वार्षिक मुखपत्र निकाल्दै आईरहेको छ; "पीपल" पत्रिका तपाईंहरूका हातमा छ । विभिन्न साहित्यानुरागी उत्साही महानुभावहरूको सहयोग र सत्भावनाले गर्दा नै यसले पत्रिकाको रूप लिन सफल भएको छ ।

यस पुस्तकालयको सुचारूरूपले सञ्चालन गर्न एक एघार सदस्यीय कार्यकारिणी समितिको गठन गरिएको छ । गत वर्ष सरह यस वष पनि पुस्तकालयको कार्यकारिणी समितिको निर्वाचन नियम विधान भित्र सही सम्पन्न भयो निर्वाचन संस्कृत अध्ययन संस्थान पिण्डेश्वर क्याम्पसका उप-प्राध्यापक श्री रघुनाथ बर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । जो यस प्रकार छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभापति :—श्री हरि प्रसाद घिमिरे
उप सभापति :—श्री कृष्ण वस्ती
सचिव :—श्री गोपाल चन्द्र पोखरेल
उप सचिव :—श्री देवी गौतम
कोषाध्यक्ष :—श्री लेखनाथ गुरागाई
सदस्य :—श्री कृष्ण प्रसाद पोखरेल
,, :—श्री वासुदेव घिमिरे
,, :—श्री दुर्गा प्रसाद निरौला
,, :—श्री रोहिणी भट्टराई
,, :—श्री वद्री विशाल भट्टराई
,, :—श्री चेतनाथ अधिकारी

यस पुस्तकालयको स्थायी आय श्रोत केही पनि छैन । यसको सञ्चालनार्थ वर्षं पिच्छे दीपावलीको शुभ उपलक्षमा धरान र विराटनगरमा द्यौसी खेल्ने र मेला पर्वमा स्थानीय मन्दिरमा दान-पात्र राख्ने गरेको छ र आएको रकमवाट पुस्तकालय सञ्चालन गरिन्छ । यस वर्ष पनि दीपावलीको उपलक्षमा भव्य-रूपले द्यौसी खेलनको लागि २१ सदस्यीय एक द्यौसी उपसमिति गठित थियो । उक्त समितिको संयोजक श्री लक्ष्मी प्रसाद पराजुली र सह संयोजकमा श्री दिलीप कुमार वराल हुनुहुन्थ्यो । उक्त समितिले विराटनगर र धरानमा धमधाम संग द्यौसी खेली केही अर्थ संकलन गर्‍यो । यसमा सक्रिय रूपले भाग लिई सह-योग गर्नु हुने साथीहरूमा धन्यवाद नदिई रहन सकिन्न । यस वर्ष पुस्तकालयको श्रीवृद्धिका लागि दुई सदस्यीय विद्यार्थी प्रतिनिधि सभापति श्री हरि प्रसाद घिमिरे र सचिव श्री गोपाल चन्द्र पोखरेल काठमाण्डौ गई रु० १२००) वरावर मूल्यका किताब ल्याउनु भएको थियो । काठमाण्डौमा किताव संकलन गर्न अधिक सहयोग गर्ने साथी श्री केशव "पहाडी" ज्यू प्रति हामी ऋणी छौं । किताब दिनु भै सहयोग गर्ने विभिन्न महानुभाव तथा संस्थाहरू प्रति हामी आभार व्यक्त गर्दछौं । हाल यस पुस्तकालयमा संस्कृत, नेपाली, हिन्दी, अंग्रेजी र नेवारी गरेर पुस्तकको संख्या लगभग ४५०० जति छ ।

गत वर्ष सरह यस वर्ष पनि 'पीपल' प्रकाशनार्थ पुस्तकालयको अनुरोधमा प्रधान सम्पादक भई काम गरिदिनु भएकोमा श्री टीका प्रसाद वस्ती (क्याम्पस प्रमुख पिण्डेश्वर क्याम्पस) ज्यू प्रति पुस्तकालय परिवार आभार व्यक्त गर्दछ । साथै समय समयमा आफ्नो श्रद्धा बमोजिम आर्थिक सहयोग पुर्‍याउँदै आउनु भएका सज्जन महानुभावहरूमा पुस्तकालय कृतज्ञता प्रकट नगरी रहन सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पुस्तकालयले भविष्यमा पनि सज्जन महानुभावहरूबाट तन मन धनको सद्भावनापूर्ण सहयोग पाएर अझ विशाल रूप लिई अगाडि बढने प्रेरणा पाइनै रहने छ भन्ने आशा एवं विश्वास गर्दछु ।

यस वर्षको आय व्यय विवरण यस प्रकार छ :—

आय—३१५२।०८

व्यय—७७७।०५

पत्रिका छपाई खर्च—११९५

कोषमा बाँकि :—

गोपाल चन्द्र पोखरेल
सचिव
संस्कृत छात्र पुस्तकालय
श्री पिण्डेश्वर धरान-१६
विजयपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Peopal को० अं० का० द० नं० ३०/०२४

मुद्रक :
मदन मोहन धवन
श्री माधव मुद्रणालय
(दीपक सिनेमा के सामने)
बाँसफाटक, वाराणसी
फोन : ६१८३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu